## मार्मा गाउँपालिकाको

# आवधिक विकास योजना

## (आ.व.२०८२/८३ - २०८६/८७)

"जलश्रोत,जडिबुटी,पर्यटन एवंम् पूर्वाधारको विकास, समग्र मार्मा गाउँपालिकाको समृद्धि र विकासमा हाम्रो प्रयास"



## मार्मा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### लटिनाथ, दार्चुला

### सुदुरपश्चिम प्रदेश

# मार्मा गाउँपालिकाको आवधिक विकास योजना

## Periodic Development Plan of Marma Rural Municipality

**आर्थिक तथा प्राविधिक सहयोग**

## मार्मा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### लटिनाथ, दार्चुला

**योजना तर्जुमा सहजिकरण**

अपि सैपाल विकास मञ्च

का.म.न.पा. – २९, काठमाडौं

# आवधिक विकास योजना(२०८२/०८३-२०८६/०८७)

**प्रकाशक** : **मार्मा गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, लटिनाथ

**सर्वाधिकार** : प्रकाशकमा

**प्रकाशन मिति** : २०८१

**प्राविधिक सहयोग** : अपि-सैपाल विकास मञ्च, कामनपा-२९, काठमाडौं

**सम्पर्कका लागि** : गाउँ कार्यपालिकाको कार्यालय,
लटिनाथ, दार्चुला, सुदूरपश्चिम प्रदेश, नेपाल
फोन नं. :

# मार्मा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## लटिनाथ, दार्चुला,

## सुदूरपश्चिम प्रदेश, नेपाल

web: www.marmamun.gov.np
email:
फोन नं.



## अध्यक्षज्युको मन्तब्य

मार्मा गाउँपालिकाले प्रथम आवधिक योजना (२०८२/८३ – २०८६/८७) नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको मर्म र भावना, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रधान गरेका जिम्मेवारी, नेपाल सरकारले तय गरेका दीर्घकालीन लक्ष्य विक्रम सम्वत् २१०० का सूचकसहितको सोह्रौ पञ्चवर्षीय योजना, सुदूरपश्चिम प्रदेश सरकारको "आत्म निर्भरता उन्मुख, समृद्ध सुदूरपश्चिम" को दीर्घकालीन सोच, अन्तर्राष्ट्रिय स्तरमा नेपालले जनाएका प्रतिबद्धता, दिगो विकास लक्ष्य, नेपाल पक्ष भएका अन्य अन्तर्राष्ट्रिय सन्धि सम्झौता, नागरिकका विकासका चाहना, जनप्रतिनिधि, कर्मचारीहरु तथा विभिन्न सरोकारवालाले दिएका सुझाव र गाउँपालिकाले विगत वर्षमा लिएका नीति तथा कार्यक्रमको निरन्तरता समेतलाई आधार मानी मानेर तयार गरेको छ ।यसमा दीर्घकालीन सोच सोहि अनुरुप लक्ष्य, नतिजा, रणनीति तथा प्राथमिकताहरू सहित कार्यक्रमहरू तय गरेको छ ।

यस आवधिक योजना तर्जुमा प्रक्रियामा सहभागी भई योगदान पुयाउनु हुने उपाध्यक्ष शर्मिला चन्द सिंह ज्यू, वडाध्यक्ष्य, कार्यपालिकाका सदस्य, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरू, गाउँ सभाका सदस्य, शिक्षक, बुद्धिजिवी एवं निजी क्षेत्र र सहकारी क्षेत्र, विभिन्न संघसंस्थाहरूप्रति आभार व्यक्त गर्दछु ।आवधिक योजना तर्जुमामा महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्नुहुने प्रमुख प्रशासकीय अधिकृति श्री धमेन्द्र जोशी ज्यु तथा पुर्व प्रमुख प्रशासकीय अधिकृत श्री नन्द सिहं ठगुन्ना ज्यू, विषयगत समितिका सदस्यहरू र शाखा प्रमुख एवम् सवै कर्मचारीहरूप्रति धन्यबाद व्यक्त गर्दछु ।

यस योजना तर्जुमा कार्यमा सल्लाहकारको रुपमा योगदान गर्नु हुने सम्पूर्ण महानुभावहरु र बिज्ञहरु तथा परामर्शदाता संस्था अपि-सैपाल विकास मञ्चप्रति विशेष धन्यवाद प्रकट गर्दछु ।अन्त्यमा, मार्मा गाउँपालिकाको यस आवधिक योजना कार्यान्वयनमा सम्पूर्ण सरोकारवालाहरुको साथ सहयोग रहने अपेक्षा गर्दछु ।

जमन सिंह धामी
अध्यक्ष

# मार्मा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## लटिनाथ, दार्चुला,
### सुदूरपश्चिम प्रदेश, नेपाल

web: www.marmamun.gov.np
email:
फोन नं.



## उपाध्यक्षज्युको मन्तब्य

गाउँपालिकाको विकास र समृद्धिको लागि सहभागितात्मक प्रक्रियाबाट आवधिक गाउँ विकास योजना तर्जुमा गरी सार्वजनिक गर्न पाएकोमा गौरवको अनुभूति भएको छ। योजना तर्जुमा गर्दा संविधान र स्थानीय सरकार सञ्चालन ऐनलाई मूल आधारको रुपमा लिइएको छ। योजना तर्जुमामा राष्टिय योजना आयोगबाट तयार गरिएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ द्वारा निर्दिष्ट प्रकृया अवलम्बन गरिएको छ।

मार्मा गाउँपालिकाले **"जलश्रोत,जडिबुटी,पर्यटन एवंम् पूर्वाधारको विकास, समग्र मार्मा गाउँपालिकाको समृद्धि र विकासमा हाम्रो प्रयास"** भन्ने दीर्घकालिन सोच सहित आर्थिक वर्ष २०८२/८३ देखि २०८६/८७ सम्मकालागि यो आवधिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। आवधिक योजना तर्जुमा चरणमा सक्रिय रुपमा सहभागी भई सुझाव र योगदान दिनु हुने सम्पूर्ण गाउँ कार्यपालिका पदाधिकारी, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरू, नगर सभाका सदस्य, शिक्षक वुद्धिजिवी, गैरसरकारी, निजी तथा सहकारी क्षेत्र एवं विभिन्न संघसंस्थाका प्रतिनिधिहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु। यसैगरी, आवधिक योजना तर्जुमामा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत, परामर्शदाता लगायत गाउँपालिकाका सबै कर्मचारी प्रति हार्दिक धन्यवाद प्रकट गर्दछु ।
अन्त्यमा, यस योजनाको कार्यन्वयनमा सबै गाउँपालिकावासीको सहयोग प्राप्त भई योजनाले निर्दिष्ट गरेका लक्ष्य र उद्देश्य प्राप्त हुने अपेक्षा गर्दछु ।

शर्मिला चन्द सिंह
उपाध्यक्ष

# मार्मा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## लटिनाथ, दार्चुला,
## सुदूरपश्चिम प्रदेश, नेपाल

web: www.marmamun.gov.np
email:
फोन नं.



## प्रमुख प्रशासकीय अधिकृतको मन्तब्य

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई आ—आफ्नो क्षेत्रको वार्षिक, आवधिक तथा रणनीतिक र दीर्घकालीन योजनाहरू तयार गर्ने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ। यसैको सिलसिलामा मार्मा गाउँपालिकाले स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ लाई आधारमा पाँच वर्षे आवधिक गाउँ विकास योजना तयार गरको छ ।

यस गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन तथा वातावरण र संस्थागत विकास तथा सुशासनका क्षेत्रको विकासको लागि गाउँपालिका भित्र सञ्चालन गरिनु पर्ने कार्यक्रम तथा आयोजनाहरूलाई व्यवस्थित एवं तर्कबद्ध ढंगबाट प्रस्तुती  आवश्यक थियो जुन यस आवधिक योजनाले पुरा गर्नेछ ।

गाउँपालिकाको समग्र नेतृत्व, राजनीतिक दलहरू, नीजि क्षेत्र गाउँपालिकाका समग्र सरोकारवालाको सहभागितामा गाउँपालिकाको समग्र विकासको लागि यो आवधिक गाउँ विकास योजना तयार गरिएको हो ।यस आवधिक गाउँ विकास योजनाले यस पालिका क्षेत्रको समग्र विकासमा मार्गदर्शन गर्ने विश्वास लिएको छु ।गाउँपालिका एउटा सरकारको रुपमा स्थापित भईसकेको वर्तमान अवस्थामा यस गाउँपालिकाले आफ्नो गाउँपालिका क्षेत्रभित्र गर्नुपर्ने कार्यहरूको लागि आवश्यक नीति, रणनीति तथा कार्यक्रम र योजनाहरू तय गरिएको यस दस्तावेजले गाउँपालिकाका हालको नेतृत्व तथा भावि जनप्रतिनिधिहरूलाई समेत मार्गदर्शन गरी पालिकाको विकासको लक्ष्यमा पुग्न सहयोग पुर्याउने विश्वास लिएको छु ।

अन्त्यमा, मार्मा गाउँपालिकाको यस आवधिक गाउँ विकास योजना तयारीको कार्यमा प्राविधिक सहयोग गर्ने परामर्शदाता अपि सैपाल विकास मञ्च र सोको तर्फबाट सहजीकरण गर्नुहुने परामर्शदाताहरूको परिश्रम र योगदानको उच्च कदर गर्दछु। यसका अतिरिक्त जनप्रतिनिधिहरू, सरोकारवाला निकायहरू, गाउँपालिकाका कर्मचारीहरू तथा वडा कार्यालयहरूले पुर्याउनु भएको योगदानको उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्न चाहन्छु । गाउँपालिकाका सल्लाहकार ज्यूहरूले पुर्याउनु भएको योगदानको उच्च मूल्याङ्कन गर्दै उहाँहरूलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै यो आवधिक गाउँ विकास योजनाको कार्यान्वयन हुने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

धर्मेन्द्र जोशी
प्रमुख प्रशासकीय अधिकृत

## आवधिक योजनाको सांरासः

| | | |
|---|---|---|
| वित्तिय स्रोत | जम्मा उपलब्ध हुँन सक्ने ५ वर्षको आय रु००० मा | ३१४८२४२.३८८ |
| | ५ वर्षको जम्मा आवश्यक बजेट | ३३९६०७५.००० |
| | आर्थिक विकास | ८४४०७५ |
| | सामाजिक विकास | ४८३८०० |
| | भौतिक पुर्वाधार विकास | ११४५२०० |
| | वन वातावरण तथा विपद् व्यवस्थापन | १७०००० |
| | संस्थागत विकास सेवा प्रवाह र सुशासन | ३३००० |
| | गाउँपालिका गौरवका आयोजनाहरु | ७२०००० |
| | ५ वर्षको जम्मा बचत तथा न्युन बजेट रु ००० मा | (-२४७८३२.६१२) |
| दीर्घकालिन सोच | "जलश्रोत,जडिबुटी,पर्यटन एवंम् पूर्वाधारको विकास, समग्र मार्मा गाउँपालिकाको समृद्धि र विकासमा हाम्रो प्रयास" | |

# विषय सुची

अध्यक्षज्युको मन्तब्य ....... 4

उपाध्यक्षज्युको मन्तब्य ....... 5

प्रमुख प्रशासकीय अधिकृतको मन्तब्य ....... 6

आवधिक योजनाको सांरासः ....... 7

परिच्छेद १ परिचय ....... 13

१.१ पृष्ठभुमि ....... 13

१.२ आवधिक विकास योजनाको उद्देश्य, औचित्य र आवश्यकता ....... 14

१.३ संघ, प्रदेश र गाउँपालिकाको योजनाहरुको अन्तरसम्बन्ध ....... 15

१.४ योजना तर्जुमाका आधारहरु ....... 16

१.५ योजना तर्जुमाको विधि ....... 17

परिच्छेद २ गाउँपालिकाको वस्तुस्थिति विवरण र उपलब्धिको समीक्षा ....... 20

२गाउँपालिकाको वस्तुस्थिति विवरण १. ....... 20

२भौगोलिक अवस्था १.१., राजनीतिक र प्रशासनिक संरचना ....... 20

२प्राकृतिक तथा साँस्कृतिक सम्पदा २.१. ....... 21

२.१.३ विकासका सम्भावनाहरु ....... 22

२.१.४ जनसङ्ख्या वितरण तथा सामाजिक परिवेशः ....... 24

२.१.५ सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित विवरणः ....... 27

२-भू ६.१.उपयोग तथा स्वामित्वः ....... 27

२:पारिवारिक आम्दानि ७.१. ....... 27

२:पारिवारिक खर्च तथा बचत ८.१. ....... 27

२छा ९.१.नाको आधारमा घरधुरी विवरणः ....... 28

२वैदेशिक रोजगारीमा गएको विवरण १०.१. ....... 28

२आर्थिक गतिविधि ११.१. ....... 28

२विकासको अवस्था २. ........ 29
२.२.१ कृषि तथा खाद्य सुरक्षा ........ 29
२.२.२पर्यटन विकास ........ 29
२.२.३उद्योग,व्यापार, व्यवसाय र आपूर्ति ........ 30
२.२.४ आम्दानी रोजगारी र वित्तीय सेवा ........ 31
२सामाजिक अवस्था ५.२. ........ 31
२वन ६.२., वातावरण तथा विपद व्यवस्थापनः ........ 33
२भौतिक विकासको अवस्था ७.२. ........ 34
२संस्थागत विकास ८.२., सेवा प्रवाह र सुशासन ........ 36
परिच्छेद ३ समष्टिगत योजना र स्रोत व्यवस्थापन —........ 39
३.१ पृष्ठभुमि........ 39
३.२ अवसरसम्भा/वना र समस्याचुनौती/ ........ 40
३.३ दीर्घकालिन सोच........ 52
३.३.१ राष्ट्रिय सोह्रौ योजनाको दीर्घकालीन सोच, उद्देश्य, रणनीति तथा रुपान्तरणका क्षेत्र........ 52
३.३.२ प्रादेशिक प्रथम योजनाको दीर्घकालीन सोच ........ 55
३.३.३ मार्मा गाउँपालिकाको दीर्घकालिन सोच ........ 58
३.३.४ सोच पुरा गर्ने प्रमुख चालकहरु ........ 59
३.३.५ समग्र लक्ष्य ........ 59
३.३.६ उद्देश्य ........ 60
३.३.७ परिमाणात्मक लक्ष्य ........ 60
३.३.८ समग्र रणनीति र कार्यनीति........ 60
३.३.९ प्रमुख कार्यक्रम ........ 63
३.३.१० अपेक्षित नतिजाउपलब्धिहरु/ ........ 63
३.४ आयव्ययको प्रवृति र प्रक्षेपण- ........ 74

३.५लगानीको स्रोत र व्यवस्था......76
३.५.१ लगानीको आवश्यकता र स्रोत......76
३.५.२ आन्तरिक स्रोतको व्यवस्था र परिचालन नीति......76
३.५.३ अन्तर सरकारी स्रोत परिचालन......77
३.५.४ जनसहभागिता परिचालन......77
३.५.५ निजी र सहकारी क्षेत्रको स्रोतको परिचालन......77
३.५.६ संघ संस्थाको स्रोत परिचालन......77
३.५.७ अन्य स्रोत परिचालन......77
३.६ सार्वजनिक खर्च र राजस्व परिचालन नीति......79
३.६.१ सार्वजनिक खर्च नीति......79
३.६.२ राजस्व नीति......79
३.७ निजि क्षेत्रको स्रोत परिचालन नीति......79
३.८ सहकारी क्षेत्रको स्रोत परिचालन नीति......79
३.९ जनसहभागिता परिचालन नीति......79
३.१० संघ संस्थाको स्रोत परिचालन नीति......79
परिच्छेद ४ आर्थिक क्षेत्रको विकास –......80
४.१ कृषि विकास......80
४.२ पशुपंक्षी विकास......88
४.३ सिँचाइ......93
४.४ उद्योग तथा वाणिज्य......101
४.५ पर्यटन......108
४.६ सहकारी......116
४.७ श्रम तथा रोजगारी......118
परिच्छेद ५ सामाजिक विकास –......121

५.१ शिक्षा......121

५.२ स्वास्थ्य तथा पोषण......131

५.३ खानेपानी तथा सरसफाई......135

५.४ युवा तथा खेलकुद......142

५.५ कला संस्कृति......146

५.६ लक्षित समुह विकास......148

परिच्छेद ६पुर्वाधार शहरी विकास तथा भौतिक -......152

६.१ सडक,ढल तथा पुल पुलेसा......152

६.२ भवन निर्माण, आवास तथा वस्ति विकास......165

६उर्जा र संचार ३.......170

परिच्छेद ७ वन –, वातावरण तथा विपद् व्यवस्थापन......178

७.१ विपद् व्यवस्थापन......178

७.२ वन, वातावरण तथा भुसंरक्षण-......185

परिच्छेद ८ संस्थागत विकास –, सेवा प्रवाह र सुशासन......189

८.१ संस्थागत क्षमता विकास......189

८.२ सेवा प्रवाह र सुशासन......194

परिच्छेद ९ योजना तर्जुमा –, कार्यान्वयन व्यवस्थापन, अनुगमन मुल्याङ्कन......199

९.१ योजना तर्जुमा......199

९.२ योजना बैंक......199

९.३ संस्थागत तथा कार्यान्वयनको व्यवस्थापन......199

९.४ आवधिक योजना कार्यान्वयनको जिम्मेवारी......200

९.५ विषय क्षेत्र अनुसार अनुमानित बजेट......201

९.६ कार्यक्रम अनुगमन तथा मुल्याङ्कन......203

अनुसुची १......205

अनुसुची २ ........................................ 206
अनुसुची ३ ........................................ 226
अनुसुची ४ ........................................ 243

# परिच्छेद १ परिचय

## १.१ पृष्ठभुमि

नेपालका धेरै जसो स्थानीय सरकारहरु सहरी सेवा सुविधा, सडक सञ्जाल, सुरक्षित खानेपानी, सरसफाइ, फोहोरमैलाको उचित प्रबन्ध, सामाजिक पूर्वाधार तथा मनोरञ्जनात्मक सुविधा जस्ता पूर्वाधारबाट वञ्चित छन्। शहरीकरणका विविध बहिर्भावहरूबाट प्रभावित यस्ता गाउँपालिकाहरू विविध वातावरणीय चुनौतीहरूसँग पनि जुझिरहेका छन्। धेरैजसो खोला नालाहरू, समथल भूमि, ताल एवम् पोखरी जस्ता जलाशयहरू अनियन्त्रित विकासका कारण एकातिर तीव्र अतिक्रमित हुदै गइरहेका छन् भने अर्कातिर यस्ता क्षेत्रहरूमा ढल, नाला एवम् फोहोरमैलाको अव्यवस्थित मिल्साइले प्रदूषित समेत बन्दै गइरहेका छन्। कतिपय स्थानीय तहहरूले धेरै अगाडिदेखि नै अव्यवस्थित यातायात, वायुको ह्रासोन्मुख गुणस्तर जस्ता कारणहरूले वातावरणीय ह्रासताको नतिजा भोगिसकेका छन्। आवासको लागि जंगल क्षेत्र, खोलाको बगर, सार्वजनिक जग्गा लगायत ऐतिहासिक भवन जस्ता सार्वजनिक धरोहर माथिको गैरकानुनी अतिक्रमणले प्राकृतिक तथा मानव निर्मित वातावरणलाई प्रत्यक्ष रूपले नकारात्मक असर पुर्याइरहेको छ। आन्तरिक द्वन्द्वको परिणाम स्वरूप विस्थापित व्यक्तिहरूको सहर मुखी आगमनले समेत यस्ता गैरकानुनी आवासको समस्या अझ भयावह रूपले थपिएको छ। एकातिर अव्यवस्थित सहरीकरणले खेती योग्य जमिनको ह्रास बढ्दो छ भने कतिपय सहरी क्षेत्रहरू स्वरोजगारका अवसरहरू तथा खाद्य परनिर्भरता निम्त्याउने कारक तत्वको रूपमा स्थापित हुँदै गइरहेका छन्। जनसंख्या वृद्धिको उर्धगति र आशातीत आर्थिक विकासका प्रतिफल बीच तालमेल नहुनुको परिणाम स्वरूप धेरै गाउँपालिकाको लागि सहरी गरिबी प्रमुख चुनौतीका रूपमा स्थापित हुँदै गइरहेको छ। यसले गाउँपालिकाहरूका विकास प्रयास वृहत्तर रूपमा कमजोर सावित भएका छन् ।

गाउँपालिका विकास प्रयासहरू योजनाबद्ध तथा समन्वयात्मक भन्दा पनि क्षणिक समस्या निराकरण गर्ने दिशातिर अघि बढेका देखिन्छन्। विशेषत: मानवसंशाधन प्रतिको कमजोर संस्थागत क्षमता, न्यून प्राविधिक तथा आर्थिक स्रोतहरू नै कमजोर प्रस्तुतीकरणको प्रमुख कारक तत्वको रूपमा रहेको पाइन्छ। समग्रमा, व्यवस्थित योजनाहरूको अभावले गाउँपालिकाको कार्य असंयोजित क्रियाकलाप जस्तो हुन गएको देखिन्छ, जसले गाउँपालिकाको विकास प्रयासहरू न्यून उपलब्धि मूलक र सीमित अवसर युक्त सावित भएका छन्। गाउँपालिका विगतको एकीकृत कार्य योजना (IAP: Integrated Action Planning) मूलतः भौतिक पक्षसँग मात्र लक्षित रहेको देखिन्छ।IAP ले केही गाउँपालिकाहरूको भौतिक पक्षहरू सुधारोन्मुख गराएता पनि शिक्षा, स्वास्थ्य जस्ता कतिपय समाजिक समस्याहरूमा भने यो न्यून उपलब्धि मूलक रह्यो। भौतिक र सामाजिक विकास बीचको गहिरो खाडल पुर्न असफल देखियो। विगतका प्रयासहरू सामाजिक समावेशिता, गरिबी न्यूनीकरण, वातावरणीय संरक्षण, आर्थिक विकास तथा परिचालन, गाउँपालिकाको क्षमता अभिवृद्धि गर्ने जस्ता

मूल मुद्दाबाट अलग रहेको पाइन्छ। परिमाणतः धेरै गाउँपालिकाहरू समग्र विकासको अवधारणाका साथसाथै राष्ट्रिय विकासको मूल प्रवाहमा अहम् योगदान गर्नबाट चुक्न गएको देखिन्छ।

स्थानीय सरकार संचालन ऐन २०७४ ले गाउँपालिकाको योजनामा पुनः विचार गरी समितिबाट छुटकारा प्राप्त गरिनु पर्ने कुरामा जोड दिएको छ। ऐनले स्पष्ट रूपमा सहभागितात्मक विकासको आवश्यकता र गाउँपालिकाको भौतिक विकासमा दीर्घकालीन सोचसँग सामञ्जस्यता राखी गाउँपालिकाको आवधिक योजनामा विषयगत उद्देश्यहरू तथा कार्यक्रमहरूलाई समावेश गरिनु पर्ने कुरामा जोड दिएको छ। यस बाहेक आवधिक योजनाले वडास्तर भेलाबाट प्राप्त तत्काल सम्बोधन गरिनु पर्ने क्षेत्रका समस्यालाई निराकरण गर्ने र अल्पकालीन कार्य योजनासँग पनि सामञ्जस्यता कायम गर्नु पर्ने व्यवस्था छ। त्यसै गरी स्थानीय सरकार संचालन ऐन २०७४ ले पनि ५ वर्षको कार्यतालिका समाविष्ट रहेको आवधिक योजना तथा योजना निर्माण र स्वीकृतिको प्रक्रिया समेतको आवश्यकता प्रति निर्दिष्ट गरेको छ ।

## १.२ आवधिक विकास योजनाको उद्देश्य, औचित्य र आवश्यकता

गाउँपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक तथा भौतिक विकासका लागि दीर्घकालीन सोचले निर्धारण गरेका लक्ष्य र उद्देश्यहरू प्राप्त गर्न ५ वर्ष अवधिका लागि तयार गरिएको दस्तावेज गाउँपालिकाको आवधिक योजना हो। यो दस्तावेजमा निर्धारित लक्ष्य र उद्देश्यहरू हासिल गर्न, सिद्धान्त, रणनीति र कार्य नीति तथा प्रमुख क्रियाकलापहरू समेत पहिचान गरी उल्लेख गरिएको छ। स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा आवधिक योजनालाई निम्न अनुसार परिभाषित गरिएको छ ।

गाउँपालिकाको आर्थिक, सामाजिक, सॉस्कृतिक तथा भौतिक विकासका लागि दीर्घकालीन सोचले निर्धारण गरेका लक्ष्य र उद्देश्यहरु प्राप्त गर्न कम्तिमा ५ देखि ७ वर्ष अवधिका लागि तयार गरिएको दस्तावेजमा निर्धारित लक्ष्य र उद्देश्यहरु हासिल गर्न सिद्धान्त, रणनीति र कार्य नीति तथा प्रमुख कृयाकलापहरु समेत पहिचान गरी उल्लेख गरिएको हुन्छ ।

यस आवधिक विकास योजना तर्जुमा गर्नुको निम्न उद्देश्यहरु छन्ः

क) स्थानीय सरकार संचालन ऐन २०७४ द्वारा निर्दिष्ट प्रावधान अन्तर्गत स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा आवधिक योजना तर्जुमाका लागि निर्देशित परिधिभित्र रहि मार्मा गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्ने ।

ख) मार्मा गाउँपालिकाको दीर्घकालीन सोच अनुरुप विकास लक्ष्य प्राप्त गर्न दीर्घकालीन सोच तय गरी सर्वाङ्गीण विकासको उद्देश्य लिएको आवधिक विकास योजना अन्तर्गत भौतिक, सामाजिक, वातावरण व्यवस्थापन, आर्थिक, वित्तीय, संस्थागत विकास जस्ता विषयगत क्षेत्रहरु र तदनुरुप लक्ष्य, उद्देश्य, नतिजा,

रणनीति, कार्यक्रमहरु, बजेट निर्धारण तथा सरोकार वालाहरुको पहिचानलाई सबमेत समेटी अल्पकालीन एवं सहभागिता मुलक योजना तथा लगानी कार्यक्रम तर्जुमा गर्ने ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य ऐन, नीति नियमहरुले स्थानीयस्तरको विकासको जिम्मेवारी संविधान बमोजिमको स्थानीय सरकारलाई सुम्पिएको हुँदा उपलब्ध स्रोत साधन, स्थानीय आवश्यकता तथा स्थानीय यथार्थतामा आधारित विकास कार्यलाई गति प्रदान गर्न र संघीय तथा प्रदेश सरकारहरुको विकास अभियानलाई आत्मसात् गर्दै मार्मा गाउँपालिकाको विकासलाई योजनाबद्ध ढङ्गबाट अगाडि बढाउन यो आवधिक विकास योजना (२०८२/२०८३-२०८६/२०८७) को ठूलो औचित्य रहेको देखिन्छ ।

**आवश्यकता**

विकास योजनाले उपलब्ध स्रोत साधनको अधिकतम् रुपमा परिचालन गरी निश्चित अवधिभित्र निर्धारित लक्ष्य, उद्देश्य र प्रतिफल हासिल गर्ने मार्गचित्र प्रस्तुत गर्दछ।स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ अनुसार योजनाको आवश्यकतालाई देहायका बुँदाहरूबाट पुष्टि गर्न सकिन्छ:

- सीमित स्रोत साधनलाई प्राथमिकता प्राप्त क्षेत्रमा उपयोग गर्न,
- सामाजिक तथा आर्थिक विकासमा तीव्रता ल्याउन,
- विगतको उपलब्धि र गति समीक्षा गर्दै आगामी दिनको नतिजा आकलन गर्न,
- नतिजामुखी विकास पद्धतिको अवलम्बन र प्रवर्द्धन गर्न,
- विकास प्रक्रियामा सरोकारवाला विशेष गरी जोखिममा रहेका वर्गको संलग्नता र जवाफदेही वृद्धि गर्न,
- समाजलाई विकास र समृद्धितर्फ अग्रसर गराउन;
- विपद् जोखिम संवेदनशीलता तथा उत्थानशीलतालाई विकास प्रक्रियाको मूलप्रवाहमा ल्याउन,
- नागरिकहरूको विश्वास अभिवृद्धि गर्न,
- स्थानीय आर्थिक विकासको माध्यमबाट स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन र
- लैङ्गिक उत्तरदायी बजेटको माध्यमबाट सामाजिक रुपान्तरण ल्याउन|

## १.३ संघ, प्रदेश र गाउँपालिकाको योजनाहरुको अन्तरसम्बन्ध

राष्ट्रको समग्र विकास एकल प्रयासवाट मात्र सम्भव हुँदैन।सबै तहका सरकारहरुको आ-आफ्ना ठाउँवाट एकताबद्ध ढङ्गबाट एउटै सोचाइ राखेर गरिएको विकास प्रयासबाट छिटो उपलब्धिमूलक प्रगति गर्न सकिने हुँदा तीन वटै तहका सरकारहरुको विकास योजनाहरु एक अर्काका पूरक हुनुपर्दछ।सुख र समृद्धि सबैको चाहना हो र संघीय सरकारले २१०० को सोचका रूपमा "समृद्ध नेपाल र सुखि जनता" को नारालाई आफ्नो दीर्घकालीन सोचको रूपमा अगाडि सारेको छ र यही नारालाई एकाकार गर्दै लुम्बिनी प्रदेश सरकारले पनि आगामी वर्षहरुको विकासको सोच समृद्ध प्रदेश र खुसी जनता को नारालाई विकास अभियानको रूपमा कायम गरेको छ।तसर्थ, यस मार्मा गाउँपालिकाको सोच र विकास अभियानलाई सोही अनुकूल बनाइ तीनै तहका सरकारहरुको विकास अभियानलाई एक अर्काका पूरकका रूपमा अगाडि बढाउने गरी यो आवधिक योजना तयार गरिएको छ।

## १.४ योजना तर्जुमाका आधारहरु

**नेपालको संविधान** : यो आवधिक दिगो विकास योजना तयार गर्दा नेपालको संविधान मा उल्लिखित मौलिक हक र कर्तव्य, नीति र निर्देशक सिद्धान्त र अनुसूची ८ र ९ मा उल्लिखित अधिकारहरुलाई मध्यनजर गरिएको छ।

आवधिक योजना तयारीका क्रममा नेपालको संविधानले अंगिकार गरेका धाराहरु भाग ३ मौलिक हक र कर्तव्य सम्बन्धी समानताको हक (धारा १८), सम्पत्तिको हक (धारा २५), सूचनाको हक (धारा २७), शिक्षासम्बन्धी हक (धारा ३१), रोजगारीको हक (धारा ३३), श्रमको हक (धारा ३४) स्वास्थ्य सम्बन्धी हक (धारा ३५), खाद्य सम्बन्धी हक (धारा ३६), आबासको हक (धारा ३७), महिलाको हक (धारा ३८), बालबालीकाको हक (धारा ३९), दलितको हक (धारा ४०) जेष्ठ नागरिकको हक (धारा ४१), सामाजिक न्यायको हक (धारा ४२), सामाजिक सुरक्षाको हक (धारा ४३) र उपभोक्ताको हक (धारा ४४) लाई यथेष्ट ध्यान दिइएको छ ।

त्यसैगरी, भाग ४ राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व सम्बन्धी धारा ५० अनुसारका सिद्धान्तहरु र धारा ५१ अनुसार राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षा सम्बन्धी नीति, राजनीतिक तथा शासन व्यवस्था सम्बन्धी नीति, सामाजिक र सांस्कृतिक रूपान्तरण सम्बन्धी नीति, अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति, कृषि र भूमिसुधार सम्बन्धी नीति, विकास सम्बन्धी नीति, प्राकृतिक साधन स्रोतको संरक्षण र उपयोग सम्बन्धी नीति, नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति, श्रम र रोजगार सम्बन्धी नीति, सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति, न्याय र दण्ड सम्बन्धी नीति, पर्यटन सम्बन्धी नीति र अन्तराष्ट्रिय सम्बन्ध सम्बन्धी नीतिका साथै, धारा ५२ अनुसार राज्यको दायित्व समेतलाई ध्यानमा राखिएको छ।

**अन्य ऐन नियमहरु**

यो आवधिक विकास योजना तर्जुमामा विद्यमान अन्य ऐन, नियमहरुलाई पनि मध्यनजर गरिएको छ, जसको विवरण निम्नानुसार छः

- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८, राष्ट्रिय योजना आयोग
- १६ औं राष्ट्रिय आवधिक योजना
- दिगो विकास लक्ष्य स्थानीय करण स्रोत पुस्तिका, राष्ट्रिय योजना आयोग
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- राष्ट्रिय, प्रादेशिक र स्थानीय तह सम्बन्धित विद्यमान नीतिहरु
- भू-उपयोग नीति, २०७२ र विकास सहायता नीति,
- कृषि, सिंचाइ, वन तथा वातावरणसम्बन्धी नीतिहरु
- राष्ट्रिय अभियानहरु
- मार्मा गाउँपालिकाको आ.व. २०८०/२०८१ र आ.व २०८१/०८२ को नीति, कार्यक्रम तथा बजेट
- सहभागी पार्टीहरुका घोषणा पत्रहरु र स्थानीय आवश्यकता, चाहना र यथार्थता ।

## १.५ योजना तर्जुमाको विधि

**आवधिक विकास योजना तयारीका चरणहरुः**

**योजना तर्जुमाका चरणहरुः** यो आवधिक योजना तर्जुमा गर्दा देहायका चरणहरुमा सम्पन्न गरिएको थियो ।




**चरण १ तयारी चरणः**

**१.१ दस्तावेज अध्ययनः** मार्मा गाउँपालिकाको सम्बन्धमा विशेष जानकारीका लागि पालिकाको वस्तुस्थिति विवरण, योजना तर्जुमाका आधारहरु जस्तैः नेपालको संविधान, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन,२०७८, राष्ट्रिय योजना आयोगको १६ औं राष्ट्रिय आवधिक योजना, राष्ट्रिय योजना आयोग, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापनऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, विद्यमान राष्ट्रिय, प्रादेशिक रस्थानीय विभिन्न नीतिहरु, भू–उपयोग नीति २०७२, विकास सहायता नीति, कृषि, सिँचाइ, वन तथा वातावरण सम्बन्धी नीतिहरु, राष्ट्रिय अभियानहरु, पालिकाको आ.व. २०८०/२०८१ को नीति, कार्यक्रम तथा बजेट, गाउँपाकिाको योजनाहरुको मध्यावधिक समीक्षा लगायतको दस्तावेजहरु अध्ययन गरिएको थियो ।

**१.२ प्रथम सम्पर्क र समन्वयः** योजना तयारीका शिलशिलामा गाउँपालिकाका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत लगायत समस्त वडा सदस्यज्यू र सचिवहरु संग गुगल मिट मार्फत छलफल गरी आवधिक योजनाको उद्देश्य र औचित्यबारे प्रकाश पारिएको थियो। सोही समयमा प्रत्येक वडा र पालिकाले अबको ५ वर्षका लागि योजनाहरुको विषयमा स्थानीय स्तरमा छलफल चलाउँदै गर्ने समेत सहमती गरिएको थियो।

**१.३ आन्तरिक छलफल र कार्यदिशा निर्माणः** तयारी चरणकै सिलसिलामा गाउँपालिका अध्यक्ष श्री जमन सिह धामी ज्यूसँग योजना तर्जुमाको रणनीतिबारे छलफल भई निम्न अनुसारको कार्यदिशा तयार गरिएको थियो,

क. २०८१ मंसिर ०५ गते व्यापक सहभागितामा वडा नं १मा वडास्तरीय योजना सङ्कलन गरीयो,
ख. २०८१ मंसिर ६ गते व्यापक सहभागितामा वडा नं २ मा वडास्तरीय योजना सङ्कलन गरीयो,
ग. २०८१ मंसिर ८ गते व्यापक सहभागितामा वडा नं ३ को मा वडास्तरीय योजना सङ्कलन गरीयो,
घ. २०८१ मंसिर ९ गते व्यापक सहभागितामा वडा नं ४ मा वडास्तरीय योजना सङ्कलन गरीयो,
ङ. २०८१ मंसिर १० गते व्यापक सहभागितामा वडा नं ५ मा वडास्तरीय योजना सङ्कलन गरीयो,
च. २०८१ मंसिर ११ गते व्यापक सहभागितामा वडा नं ६ को मा वडास्तरीय योजना सङ्कलन गरीयो,
छ. २०८१ पौस ०९ गते शाखा प्रमुखहरुको उपस्थितिमा पालिकाबाट प्राप्त योजनाहरुको परिष्करण गर्ने
ज. २०८१ पौस १० गते प्राप्त गाउँ कार्यपालिकामा योजनाहरुको परिधिमा रहि व्यापक छलफल र प्राथमिकीकरण गरी विभिन्न क्षेत्र तथा सह-क्षेत्रहरुमा निकाल्न पर्ने नतिजा समेतको छलफल गर्ने ।

**१.४ आवधिक योजना तर्जुमाका लागि समिति गठनः** योजनाका विषयगत समितिहरुलाई कायम राख्दै यो आवधिक योजना तर्जुमालाई सहजीकरण गर्न निम्न अनुसारको निर्देशक, संयोजन तथा सहजीकरण समिति गठन गरियोः

**आवधिक योजना तर्जुमा निर्देशक समिति**

१. जमन सिह धामी - गाउँपालिका अध्यक्ष - संयोजक
२. सर्मीला चन्द सिंह - गाउँपालिका उपाध्यक्ष - सदस्य
३. कालु सिह ठगुन्ना - वडा अध्यक्ष, वडा नं.१ - सदस्य
४. पारसा जोशी कार्यपालिका सदस्य - सदस्य

**तर्जुमा संयोजन तथा सहजीकरण समिति**

१. धरमेन्द्र जोशी - प्रमुख प्रशासकीय अधिकृत - संयोजक
२. रमेश चन्द्र अवस्थी - योजना शाखा प्रमुख - सदस्य सचिव
३. केशब सिंह महरा — लेखापाल - सदस्य
४. विक्रम जोशी - भौतिक पूर्वाधार शाखा - सदस्य
५. चक्र सिंह धामी - स्वास्थ्य शाखा - सदस्य

**चरण २ रणनीतिक चरणः**

**२.१ वडातहको योजना तर्जुमाः** योजना तर्जुमा पूर्वतयारी कार्यशालाबाट भएको सहमति अनुसार ६ वटा वडाहरुलाई निम्न विभिन्न ६ समूहमा विभाजन गरी वडास्तरमा व्यापक योजना तर्जुमा गर्न १ दिने ६ वटा योजना तर्जुमा गोष्ठी २०८१ मंसिर ०५ देखि ११ गते सम्ममा प्रत्येक वडामा सञ्चालन गरियो ।

**२.२ तथ्याङ्क सङ्कलनः** पालिकाका विभिन्न शाखाहरु, वडा कार्यालयहरु, पालिकाका शाखाहरु तथा सरोकारवालाहरुबाट योजनालाई पूर्णता दिन आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गरियो ।

**चरण ३ः क्षेत्रगत विकास योजना तयारी (विषयगत समितिसँग छलफल, प्राथमिकता)**

**३.१ योजना तर्जुमा कार्यशालाः** बृहत्तर योजना तर्जुमा कार्यशाला अन्तर्गत,

१. २०८१ पौस १० गते पालिकास्तरका योजनाहरुको परिष्करण कार्य गर्दै पालिकास्तरका गौरवका तथा अन्य प्राथमिकता प्राप्त योजनाहरुको सूचीकरण गरियो ।

२. २०८१ पौस १० गते परिष्कृत र सूचीकृत योजनाहरुलाई अन्तिम छनोट र प्राथमिकीकरण गर्दै विषयगत क्षेत्रको लक्ष्य, उद्देश्य तथा प्राथमिकता निर्धारण, रणनीति तथा कार्यनीति तयारी र निम्न मापदण्डका आधारमा प्राथमिकता निर्धारण गरिएका प्राथमिकता प्राप्त योजना तथा कार्यक्रम छनोटका कार्य गरियो ।

**योजनाहरुको प्राथमिकीकरणका मापदण्ड**

**प्राथमिकता नं १ः गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने आयोजनाहरु**

- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने आयोजनाहरु
- आम्दानी र स्वरोजगारी वृद्धि गर्ने आयोजनाहरु
- स्थानीय स्रोत साधन तथा सीपको प्रयोग हुने आयोजनाहरु
- लागत सहभागिता जुट्ने आयोजनाहरु
- अति जरुरी
- अति महत्वपूर्ण
- सामाजिक महत्वका
- सुशासनको सुनिश्चित्तता हुने

**प्राथमिकता नं २ः गरिवी निवारणमा प्रत्यक्ष तथा अप्रत्यक्ष योगदान पुग्ने आयोजनाहरु**

- उत्पादनको बजारीकरण र पर्यटनलाई सघाउ पुग्ने योजनाहरु
- समावेशी विकासमा योगदान पुर्याउने आयोजनाहरु
- जनताको शिक्षा, स्वास्थ्य र चेतना विकास गर्ने योजनाहरु
- गौरवका तथा विशेष महत्वका योजनाहरु

**प्राथमिकता नं ३ः अन्य योजनाहरु**

- आर्थिक रूपमा सम्भाव्य
- प्राविधिक रूपमा सम्भव
- जरुरी
- महत्वपूर्ण
- बढीभन्दा बढीलाई फाइदा पुग्ने

**प्राथमिकता नं ४ः विविध**

- आर्थिक तथा प्राविधिक रूपमा चुनौतीपूर्ण
- सामाजिक रूपमा स्वीकार्य
- बढी लागत कम उपलब्धि हुने
- नभै नहुने भन्दा पनि भए हुने भन्ने प्रकारका

# परिच्छेद २ गाउँपालिकाको वस्तुस्थिति विवरण र उपलब्धिको समीक्षा

## २.१ गाउँपालिकाको वस्तुस्थिति विवरण

### २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

मार्मा गाँउपालिका दार्चुला जिल्लाको दक्षिण पुर्व भागमा अवस्थित एक सुन्दर एवं प्राकृतिक स्रोतले सम्पन्न गाँउपालिका हो।यो गाँउपालिका २०८.०६ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ। मार्मा गाउँपालिका दार्चुला जिल्लाको सदरमुकाम बाट करिब १५ किलोमिटर टाढा रहेको छ।यो गाउँपालिका समुन्द्री सतहबाट ९०० देखि ४८०० मिटर उचाइसम्म फैलिएको छ। साविकका पाँचवटा गा.वि.स.हरू सेरी, तपोवन, लटिनाथ, गुल्जर (२-९) र सितोला(१-४र ९) मिलेर बनेको छ। यस गाउँपालिकाको पूर्वमा बझाङ, उत्तरमा अपीहिमाल गाउँपालिका, पश्चिममा शैल्यशिखर गाउँपालिका र नौगाड गाउँपालिका र दक्षिणमा बैतडी जिल्ला पर्दछन्। कुल ६ वटा वडामा विभाजित मार्मा गाउँपालिकाको जनसङ्ख्या घरधुरी सर्वेक्षण २०७९ अनुसार १७,७६० रहेको छ, जसमा महिलाको संख्या ८६९५ र पुरुषको संख्या ९०६२ छ भने जम्मा घरधुरी संख्या २,८०३ रहेको देखिन्छ । यस गाँउपालिकालाई भौगोलिक अवस्था एवं जनसंख्याको अनुपात अनुसार ६ वटा वडा र ७७ वटा बस्तीहरुमा विभाजन गरिएको छ ।



**भौगोलिक बनावट**

समावेश भएका साविकका गाविसहरु : सेरी, तपोवन, लटिनाथ, गुल्जर (२-९) र सितोला(१-४र ९)
क्षेत्रफल: २०८.०६ वर्गकिलोमिटर
केन्द्र : साविकको लटिनाथ गाविस कार्यालय
वडा संख्या : ६
पूर्व : बझाङ
पश्चिम : शैल्यशिखर गाउँपालिका र नौगाड गाउँपालिका
उत्तरमा : अपीहिमाल गाउँपालिका
दक्षिणमा: बैतडी

नेपालको संविधान २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मुल संचरना संघ,प्रदेश र स्थानीय तह गरि तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले कानुन बमोजिम गर्ने  ब्यवस्था अनुरुप यस गाँउपालिकाले २ वटा स्थानीय तहको निर्वाचन पश्चात संविधान र बिद्यमान ऐन कानून बमोजिम स्थानीय सरकार प्रारम्भ भएको ७ वर्ष पुरा भएको छ । संघको अस्पष्ट नीतिगत ब्यवस्था एवं सांगठनीक संरचना, अप्रयाप्त जनशक्ति तथा सिमित स्रोतसाधन, भौगोलिक बिकटता, प्रशासनिक जटिलता लगायतका समस्यालाई चिर्दै यस अवधिमा यस गाँउपालिकाले विभिन्न विकासात्मक कार्यहरु सम्पन्न गरेको छ ।

## २.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा

जैविक विविधताका दृष्टिकोणले यस क्षेत्रमा स्तानधारी बन्यजन्तुहरुको साथ साथै विभिन्न प्रजातिको घस्रिने जीवजन्तुहरु, चरा चुरिङ्गीहरु प्रशस्त संख्यामा पाइनुका साथ महत्वपुर्ण वनस्पतिहरु (सल्ला, गुराँस आदि,) लगायत मुल्यवान जडीबुटीहरु पाईन्छन। यो क्षेत्र समुन्द्री सतह देखि ९०० मीटर देखि ४८०० मीटर सम्मको उचाईमा फैलिएर रहेको छ र भू बनोटको विविधताले गर्दा यस क्षेत्रको हावापानीमा पनि विविधता भएको पाइन्छ र कम उचाई भएका बेशी, टार, नदि किनारका खाँचहरुमा उपोष्ण हावापानी छ भने उच्च पहाडी क्षेत्र मा समशीतोष्ण हावापानी पाइन्छ । हावापानी र भौगोलिक बनोटको विविधताको कारणले मार्मा क्षेत्र जैविक विविधतामा पनि सम्पन्न रहेको छ । यस क्षेत्रका मुख्य प्राकृतिक श्रोतहरु निम्न अनुसार छ।यस गाउँपालिकामा प्राकृतिक सम्पदाको रूपमा अपिनाम्पा संरक्षण क्षेत्र, चमेलिया नदि, घट्टेखोला, परमचुलीधाम आदि रहेको छ |

गाउँपालिकाको प्रोफाइल २०८० का अनुसार मार्मा गाउँपालिकाको कुल क्षेत्रफल २०८०० हेक्टर रहेको छ। कुल क्षेत्रफलको करिब ७३.८ प्रतिशत (१५३३२ हे.) बन जंगलले ढाकेको छ, २४.७५ प्रतिशत (५१४५ हे.) क्षेत्रफल कृषि तथा आवादि क्षेत्रले ओगटेको छ भने बाँकि ३०० हेक्टर अन्य क्षेत्रले ओगटेको छ।प्राकृतिक सम्पदाका हिसाबले वन क्षेत्र प्रमुख श्रोत रहेको छ।यस गाउँपालिकाको कुल क्षेत्रफलको ७३.८ प्रतिशत (१५३३२ हे.) बन जंगलले ढाकेको छ, जसमध्ये १६.५९ प्रतिशत २५४४ हेक्टर बन सामुदयिक वनको रुपमा स्थानिय समुदायलाई हस्तान्तरण गरिएको छ।जसको व्यवस्थापन १४ वटा सामुदयिक बन उपभोक्ता समुहहरुले गरिराखेका छन् र २०३८ घरपरिवार यसमा आबद्ध रहेका छन् ।

सुदुर पश्चिमको पहाडी जिल्ला अन्तर्गत रहेको यस क्षेत्रमा धरातलीय स्वरुपका हिसाबले भिरालो जमिन र पहाडी भू भागमा विभाजित छ। अधिकांश भाग भिरलोपन, विविध प्रकारको वन क्षेत्र, घासे मैदान र पानीको स्रोतले भरिपुर्ण रहेको छ। यस गाउँपालिका मध्य र उच्च पहाडी जिल्ला भएको हुदा यस पालिकाको सबै ठाउँमा भिरालो र बलौटे जमिन रहेको छ | जग्गाको किसिम अनुसार खरबारी, पाखोबारी र चमेलिया नदीको बगर क्षेत्रमा खेतहरु रहेको देखिन्छ ।

खस आर्य समुदायको बाहुल्य रहेको यस क्षेत्रको पराम्परागत भेषभुषा, रिती रिवाज र लोक सास्कृति पर्यटन प्रबर्धनका लागी उपयोगी छन। सडक संजाल, विधुत, सुचना र संचारको अलावा पर्यटन पुर्वाधारको बिकाश भएमा धार्मिक, कृषि, बनमा आधारित ग्रामिण पर्यटन विकास मार्फत समग्र गाउँपालिकाको विकासमा टेवा पुग्ने देखिन्छ।

यस मार्मा गाउँपालिकामा विभिन्न धार्मिक तथा पर्यटकीय क्षेत्रहरु पनि रहेका छन। जस मध्ये मार्मा गाउँपालिकाको सबै भन्दा अग्लो स्थानमा रहेको परमचुलीधाम पनि एक हो। यस्तै दार्चुला जिल्लाकै प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल तपोवन तातोपानी, लटीनाथ बाबाको मन्दिर (तलाईमाण्डौ) लटीनाथ, मटेलाको मस्टा मन्दिर, शेरीको क्वाकट्टे मन्दिर, गुल्जरको दुर्गाभवानी मन्दिर जस्ता थुप्रै धार्मीक तथा पर्यटकीय ठाउँहरु पनि यस मार्मा गाउँपालिका भित्र रहेका छन। भोगौलिक हिसाबले विकट रहे पनि यो मार्मा गाउँपालिका प्राकृतिक रुपमा एकदमै सुन्दर र रमणीय ठाउँ रहेको छ। यहाँको प्राकृतिक सुन्दरता पर्यटकहरुलाई स्वागत गर्न प्रतिक्षारत छ तर आवश्यक पुर्वाधार र प्रचार प्रसारको कमीले हालसम्म पर्यटक उलेखनीय रुपमा आएको पाइदैन। यहांको मौलिक संस्कृति र विभिन्न नाचगानहरु जस्तै देउडा र जीवनपद्दति पनि पर्यटनको लागी आकर्षण हुन सक्छन्।

ऐतिहासिक महत्वका साथै, साँस्कृतिक विशेषता बोकेको यस गाउँपालिका खस आर्य सभ्यता तथा हिन्दु एवं बौद्ध साँस्कृक्तिको अनुपम संयोजन रहेको छ। यस गाउँपालिकामा क्षेत्री, ब्राह्मण, ठकुरी, दलित, जातिको समेत मिश्रित बसोवास रहेको छ। यस गाउँपालिकामा मुख्य कामकाजको भाषा नेपाली रहेको छ भने समुदायबीच आपसी बोलिचालीको भाषा दार्चुलेली, बैतडेली, डोटेली भाषा पनि उत्तिकै प्रचलनमा छ । धार्मिक रुपमा हिन्दू धर्मालम्बीको उच्च बाहुल्यता रहेको यो गाउँपालिकामा मनाइले चाडपर्वमा कृष्णजन्माष्टमी, तीज, जनैपूर्णिमा, दशैं, तिहार, माघे संक्रान्ति, चैते दशैं आदि रहेका छन् । धार्मिक तथा भाषिक रुपमा विविधतामा एकता रहेको यो गाउँपालिकामा चाडपर्वका समयमा गरिने विभिन्न क्रियाकलापहरुले यहाँको सामाजिक र साँस्कृतिक उत्कृष्टता झल्काउने गर्दछन्। भेषभूषाका रुपमा पुरुषहरुले मुख्य रुपमा कमिज पाइन्ट, टोपी, कोट, कमिज तथा पाइन्ट, खादा र महिलाले गुन्यु चोली र पटुकी लगाउने गर्दछन्। यद्यपि, पछिल्लो चरणमा महिलाहरुले कुर्था सुरुवाललाई प्राथमिकता दिएको पाइन्छ।

### २.१.३ विकासका सम्भावनाहरु

मार्मा गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरु, आर्थिक अभ्यास र उपलब्ध मानवीय पूँजी तथा पूर्वाधारलगायतको अवस्थालाई हेर्ने होभने यस गाउँपालिकामा आर्थिक, सामाजिक, पूर्वाधार तथा साँस्कृतिक विकासका प्रशस्त सम्भावनाहरुको आँकलन गर्न सकिन्छ। यस गाउँपालिकाका विकासका संम्भावनाहरुलाई देहाय बमोजिमको बुँदाहरुमा प्रस्तुत गरिएको छ ।

क) उन्नत जातका पशुपक्षीको व्यावसायिक पालन र बजारिकरणः यस क्षेत्रका परम्परागत पशुपालक कृषकको अनुत्पादक (निर्वाहमुखी) पशुहरु जस्तैः सामान्य जातका बाखा, भेडा, गाई, भैंसी आदिलाई नश्ल सुधार गरी उन्नत जातका नश्लमा विस्थापित गरी पशुद्वारा उत्पादन हुने मासु तथा दुग्धजन्य पदार्थहरुलाई प्रवर्द्धन गरी थप आर्थिक वृद्धि गर्न सकिन्छ ।

ख) व्यावसायिक तरकारी खेतीः गाउँपालिका भित्रको जलवायु, मौसम, वातावरण तथा माटो परीक्षण गरी पकेट तथा जोन क्षेत्रको विकास गरी व्यावसायिक तरकारी खेतीको प्रचुर सम्भावना देखिन्छ । खोलाका नजिकमा रहेका खेतबारीहरु लाई उपलब्ध पानीका स्रोतहरुलाई उचित र वैज्ञानिक ढङ्गले सिँचाइको व्यवस्थापन गरी अर्गानिक, मौसमी तथा बेमौसमी व्यावसायिक तरकारी खेतीको प्रवर्द्धन गरी आन्तरिक आवश्यकता परिपूर्ति गर्दै बाँकी रहेका वस्तु बाह्य निकासी गरी कृषकहरुको आर्थिक स्तरमा वृद्धि गर्न सकिन्छ ।

ग) फलफूल क्षेत्रको पहिचान र विकास यहाँ उत्पादन हुने उच्च पहाडी तथा समशितोष्ण हावापानीमा हुने खालका सुन्तला, कागती, नास्पाती, मौसम, केरा, आँप, मेवा, किवी, कालो अंगुर, आरुबखडा, ओखर, अम्बा, आरु आदि फलफूलहरुको व्यावसायिक रुपमा उत्पादन तथा वितरण गर्न कृषकहरुलाई प्रोत्साहन गर्न सकिन्छ ।

घ) सामुदायिक तथा व्यक्तिगत जमिनमा जडीबुटी खेती तथा संरक्षण: यस क्षेत्रमा पाइने पदमचाल, टिमुर, पाँचऔले, दालचिनी, सतुवा, अमला, रिठा, चिराइतो जस्ता जडीबुटीहरुको प्रवर्द्धन, उत्पादन, संरक्षण, प्रशोधन गर्नका साथै, यसको महत्व र उपयोगिताबारे प्रचारप्रसार वृद्धि गरी कृषकलाई व्यावसायिक बनाउन प्रोत्साहन गर्न सकिन्छ ।

ङ) बजार क्षेत्रमा सुलभ पहुँचः गाउँपालिकामा विस्तार भएका सडक सञ्जाललाई बाहै महिना सञ्चालनमा ल्याउनको लागि स्तरोन्नति गर्नका साथै, थप सडक सञ्जाल विस्तार गर्दा स्थानीय उत्पादन एवं उपभोगलाई प्रवर्द्धन गर्ने गरी प्राथमिकता तोक्न सकिन्छ ।

च) प्राकृतिक खानी उत्खनन् तथा संरक्षणः यस गाउँपालिकाभित्र रहेका फलाम, तामा, सिसा तथा सुन खानीहरुको वैज्ञानिक रुपमा अध्ययन, उत्खनन, प्रशोधन तथा प्रवर्द्धन गरी उद्योगको विकास गर्न सके स्थानीय स्तरमै आयआर्जन र रोजगारीको प्रचुर वृद्धि हुने सम्भावना देखिन्छ ।

छ) वातावरण अनुकूलन कार्यक्रमः वन तथा वातावरण क्षेत्रको दिगो र वैज्ञानिक व्यवस्थापनसहित जलवायु परिवर्तन, बाढी-पहिरो, भू-क्षयबाट पर्नजाने प्रभावको न्यूनीकरण गर्नका लागि वृक्षरोपण गर्ने तथा विकासका प्रयासलाई प्रकृक्तिमैत्री, वातावरण अनुकूल र दिगो बनाउन सकिने सम्भावना छ ।

ज) शैक्षिक सुधार कार्यक्रमः यस गाउँपालिकामा सञ्चालित विद्यालयहरुले दिने शिक्षाको गुणस्तरमा तीव्र वृद्धि गर्दै, विद्यार्थीलाई विद्यालयमा झिकाउने, टिकाउने, पढाउने र योग्य, सक्षम र गुणस्तरीय नागरिक उत्पादन गर्नको लागि आगामी दिनमा क्याम्पस तथा प्राविधिक विद्यालयहरु स्थापना गरी यहाँका नागरिकलाई व्यवहारिक तथा जीवन उपयोगी शिक्षा प्रदान सकिन्छ ।

झ) कला संकृतिको जगेनां र पर्यटकीय क्षेत्रको विकासः गाउँपालिकास्तरमा रहेका धार्मिक तथा पर्यटकीय क्षेत्र, स्थानीय मगरात तथा अन्य कला, संस्कृति, भाषा, साहित्यलगायत अन्य स्थानीय सम्पदाहरुको संरक्षण, विकास र प्रवर्द्धन गर्दै सम्भावित स्थानहरुमा होमस्टे (घरबास कार्यक्रम) स्थापना गर्नाले गाउँपालिकालाई पर्यटकीय क्षेत्रको रुपमा प्रचारप्रसार गर्न सकिन्छ ।

अ) जल उपयोग गुरुयोजना र विकासः यहाँका सम्भावित क्षेत्रमा लघु जलविद्युत उत्पादन तथा वैकल्पिक नवीकरणीय ऊर्जाको प्रयोगबाट आत्मनिर्भर बन्नुका साथै, विद्युतीय सेवा उपलब्ध गराउने गाउँपालिकाको रुपमा स्थापित गर्न सकिन्छ ।

ट) खानेपानी तथा सरसफाइः गाउँपालिकाको सम्पूर्ण वडाको सम्पूर्ण टोलमा खानेपानी तथा थोपा सिँचाइ, साना सिंचाइ, ठूला सिंचाइ (तटिय भागहरुमा) को विस्तार गरी कृषकहरुले आवश्यक पर्ने मौसमी तथा बेमौसमी तरकारी तथा खाद्यान्न उत्पादनमा सहजता ल्याई जनताको जीवनस्तर माथि उठाउन सक्ने सम्भावना देखिन्छ ।

ठ) विपद् जोखिम व्यवस्थापन गरी उत्थानशील समाजको विकासः भूकम्प, बाढीपहिरो तथा हावाहुरीजस्ता प्राक्तिक जोखिमबाट हुनसक्ने क्षतिलाई न्यूनीकरण गर्न तत्काल उद्धार तथा राहत वितरण कार्यमा तदारुकता देखाई प्रकोपबाट बच्नको लागि आवश्यक अनुसार चेतनामूलक कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गर्न सकिन्छ ।

ड) सुशासन, समावेशीकरण र सामाजिक न्यायको प्रवर्द्धनः गाउँपालिका तथा यसभित्र रहेका सम्पूर्ण वडा समितिबाट प्रदान गरिने सबै खालका कामकारवाहीलाई सेवामुखी र उत्तरदायी बनाउन सूचकसहित अनुगमन तथा मूल्याङ्कन गरी त्यसको परिणाम प्रत्येक चौमासिकमा सञ्चारकर्मी, मानवअधिकारवादी, नागरिक समाज तथा आमजनता माझ सार्वजनिक गर्ने उल्लेख छ। यसका साथै, गाउँपालिका ऐन, नीति, नियम, निर्देशिका तथा मापदण्ड पूर्णरुपमा नियमसंगत तरिकाले अक्षरशः पालना गर्ने प्रतिवद्धता व्यक्त गरिएको छ ।

### २.१.४ जनसङ्ख्या वितरण तथा सामाजिक परिवेशः

यस मार्मा गाउँपालिकामा रहेका ६ वटा वडाहरुमा जम्मा ७७ वटा बस्तीहरु रहेका छन् | सबैभन्दा बढी वस्ती संख्या वडा नं.१ र ३ मा १८ वटा रहेका छन् | त्यसै गरि वडा नं.४ मा १४ वटा वस्तीहरु, वडा नं.२ मा १३ वटा वस्तीहरु, वडा नं.६ मा ८ वटा र सबैभन्दा कम वडा नं. ५ मा जम्मा ६ वटा मात्रै वस्तीहरु रहेका छन् |

गाउँपालिकाको प्रोफाइल २०८० का अनुसार यस मार्मा गाउँपालिकामा कुल घरधुरी संख्या २,८०३ रहेको देखिन्छ भने कुल जनसंख्या १७,७६० रहेको देखिन्छ। वडागत रुपमा घरधुरी र जनसंख्याको वितरणलाई हेर्दा सबैभन्दा बढि घरधुरी र जनसंख्या वडा नं.१ मा रहेको देखिन्छ | वडा नं.१ मा कुल घरधुरी ६६४(२४%) रहेको छ भने वडा को कुल जनसंख्या ४,१३५(२३%)रहेको छ | त्यसै गरि वडागत रूपमा सबै भन्दा कम घरधुरी र जनसंख्या वडा नं. ५ मा जम्मा घरधुरी ३४२(१२%) रहेको र जनसंख्या १९७२ (११%) मात्र रहेको देखिन्छ | वडागत रूपमा घरधुरी र जनसंख्या वितरण तलको तालिका-१ मा प्रस्तुत गरिएको छ |

**तालिका १ः वडागत घरधुरी र जनसंख्या विवरण**

| वडा | घरधुरी | प्रतिशत | जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | ६६४ | २४% | ४,१३५ | २३% |
| २ | ४२८ | १५% | २,८१५ | १६% |

| वडा | घरधुरी | प्रतिशत | जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|
| ३ | ४३४ | १५% | २,७१८ | १५% |
| ४ | ४९५ | १८% | ३,०५४ | १७% |
| ५ | ३४२ | १२% | १,९७२ | ११% |
| ६ | ४४० | १६% | ३,०६६ | १७% |
| जम्मा | २,८०३ | | १७,७६० | |

*श्रोतः गाउँपालिकाको प्रोफाइल २०८०*

**उमेर र लिङ्गको आधारमा जनसंख्या विवरण :**

मार्मा गाउँपालिकाको कुल जनसंख्या १७७६० मध्ये महिला जनसंख्या ८६९५(४८.९६%)रहेको छ भने पुरुष जनसंख्या ९०६२(५१.२%) रहेको छ|त्यसै गरि तेस्रो लिङ्गीको जनसंख्या ३(०.०२%)रहेको गाउँपालिका प्रोफाइलबाट देखिएको छ|

त्यसै गरि उमेरको आधारमा जनसंख्या विवरण हेर्दा सबै भन्दा बढी जनसंख्या १६-६० वर्ष उमेर समुहको जनसंख्या ५४%, ६-१५ बर्ष उमेर समुहको जनसंख्या २६%, ०-५ बर्ष उमेर समुहको जनसंख्या ११%, ६१-६९ बर्ष समुहको जनसंख्या ५% र ७० बर्ष भन्दा माथिको उमेर समुहको जनसंख्या ३% रहेको छ ।

**जातिगत आधारमा जनसंख्या विवरणः**

यस मार्मा गाउँपालिकामा मुख्य गरि क्षेत्री, ठकुरी, ब्राह्मण र दलित जातिको बसोबास रहेको छ । मुख्य बासिन्दाको रूपमा क्षेत्रीहरु (धामी, ठगुन्ना, महरा,विष्ट, बोहरा आदि) रहेको देखिन्छ । गाउँपालिका प्रोफाइल अनुसार क्षेत्री घरधुरी संख्या ७८%, ब्राह्मण र दलित घरधुरी ८% र ठकुरी घरधुरी संख्या ५% रहेको छ । त्यसै गरि वडागत अनुसार जातजातिको संख्यात्मक विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २ः जातिगत आधारमा वडाको घरधुरी संख्या**

| वडा | ब्राह्मण | ठकुरी | क्षेत्री | जनजाती | दलित | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ० | ८ | ५९२ | ० | ६४ | ० | ६६४ |
| २ | ९५ | १०० | १८९ | ० | ४४ | ० | ४२८ |
| ३ | ८२ | ४ | २८३ | ० | ६५ | ० | ४३४ |
| ४ | १९ | ४१ | ४१८ | ० | १७ | ० | ४९५ |
| ५ | ० | ० | ३१० | ० | ३२ | ० | ३४२ |
| ६ | १९ | ० | ४०६ | ० | १५ | ० | ४४० |
| जम्मा | २१५ | १५३ | २१९८ | ० | २३७ | ० | २८०३ |

*श्रोतः गाउँपालिकाको प्रोफाइल-२०८०*

**बैवाहिक स्थिति :**

यस मार्मा गाउँपालिकाको जनसंख्याको बैवाहिक स्थितिको विश्लेषण गर्दा कुल जनसंख्याको ४३% अर्थात् ७७१२ जना विवाहित रहेको देखिन्छ | जसमध्ये महिला ५१५ र पुरुष ४९५ विवाहित रहेका छन् | त्यसै गरि एकल महिला ३६ जना र विधुर र विधवा संख्या कुल जनसंख्या मध्ये ५१३ जना रहेका छन् |

**आर्थिक रूपले सक्रिय जनसंख्याः**

गाउँपालिका प्रोफाइल अनुसार यस गाउँपालिकामा आर्थिक रूपले सक्रिय जनसंख्या अर्थात् आर्थिक आयका लागि काम गर्न सक्ने उमेरका जनसंख्या (१६-६०) कुल जनसंख्या १०,७५४ मध्ये ६६३८ रहेको छ | उक्त आर्थिक रूपमा सक्रिय जनसंख्या मध्ये महिला ४९ प्रतिशत र पुरुष ५१ प्रतिशत रहेको देखिएको छ | यस गाउँपालिकाको १६ देखि ६० उमेर समुहको कुल जनसंख्या मध्ये ६६३८ जना आर्थिक रूपले सक्रिय रहेका छन् | वडागत रूपमा हेर्दा वडा नं. ४ मा सबैभन्दा बढी २४%, वडा नं. १ मा २३%, वडा नं. ६ मा २१% रहेका छन् भने वडा नं.५ मा सबै भन्दा कम अर्थात् २%मात्र रहेका छन् |

**पेशाको आधारमा जनसंख्याको विवरणः**

यस मार्मा गाउँपालिकामा पेशागत आधारमा जनसंख्या तथा घरधुरी विवरण हेर्दा १६ देखि ६० वर्ष उमेर समुहको जनसंख्या मध्ये करिव ४५% मानिसहरु मात्रै कुनै न कुनै पेशामा आवद्ध भएको देखिन्छ । पेशा व्यवसायमा संलग्न मध्ये ८१% मानिसहरुले कृषि पेशालाई मुख्य पेशको रुपमा अगालेका छन। त्यसैगरि १२% सरकारी नोकरी (शिक्षक, सैनिक सेवा, प्रहरी सेवा आदि) मा संलग्न रहेका छन भने ५% व्यापार व्यवसाय, ठेक्कापट्टा, पसल आदि साना ठूला खालका व्यापारमा संलग्न रहेका छन। त्यसै गरि करिव २ प्रतिशत मानिसहरु अन्य पेशा जस्तैः गैह्र सरकारी संस्था तथा निजि कम्पनीमा आवद्ध भएको देखिन्छ । (पालिका प्रोफाइल,२०८०)

**अपाङ्गताको आधारमा जनसंख्या विवरणः**

यस मार्मा गाउँपालिकामा अपाङ्गताको आधारमा जनसंख्याको विवरण हेर्दा जम्मा १४८ जना बिभिन्न खालको अपाङ्गता भएको जनसंख्या रहेको छ | अपाङ्गताको किसिमको आधारमा हेर्दा सबैभन्दा बढी ५५%(८१ जना) शारीरिक अपाङ्गता, १७% (२५ जना) दृष्टि सम्वन्धि अपाङ्गता, १२% (१८ जना) कान नसुन्ने सम्वन्धि अपाङ्गता, १६% (२३ जना) मा मानसिक अपाङ्गता, र १% अन्य खालको अपाङ्गता, भएको जनसंख्या रहेको छ।त्यसैले गाउँपालिकाले मानव अधिकारमा आधारित बिकासको अवधारणा (Human Right Based Development Approach) अनुरुप विकासका विभिन्न क्रियाकलापहरुमा अपाङ्गता भएका व्यक्तिहरुको (People Living With Disablity PLWD) सहभागिता र सहयोगका कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ । (पालिका प्रोफाइल,२०८०)

### २.१.५ सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित विवरणः

यस मार्मा गाउँपालिकाको आ.व.२०७७/०७८ को सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत लाभान्वितहरुको विश्लेषण गर्दा कुल सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने १,११९ जना मध्ये ७२० (६४%) महिला र ३९९ (३६%) पुरुष रहेका छन। वडागत रुपमा हेर्दा सबैभन्दा बढि वडा नं. १ मा महिला १५५ जना र पुरुष ८३ गरि जम्मा २३८ जना, वडा नं.४ मा महिला १४८ जना र पुरुष ८५ जना गरि जम्मा २३३ जना रहेका छन भने सबैभन्दा कम वडा नं. ५ मा महिला ५८ जना र पुरुष ३३ जना गरि जम्मा ९१ जना रहेका छन। (पालिका प्रोफाइल,२०८०)

### २.१.६ भू-उपयोग तथा स्वामित्वः

यस मार्मा गाउँपालिकाको कुल क्षेत्रफल २०८.६ वर्ग किलो मिटर रहेको छ। कुल क्षेत्रफल मध्ये खेतियोग्य जमिनको क्षेत्रफल ६६.७५ वर्ग कि.मि अर्थात ३२% रहेको छ। यस गाउँपालिकाको सबै भू-भाग पाखो भिरालो भएको हुँदा सबै खेतियोग्य जमिनको उपयोग भएको छैन। सर्वेक्षणबाट प्राप्त तथ्यांक अनुसार कुल घरपरिवार मध्ये १८ (०.६%) घरपरिवार जग्गा जमिन नभएको देखिन्छन भने १९८७ (७०.९%) घरपरिवारहरुको १-५ रोपनी जग्गा भएका, ६३६ (२२.७%) घरपरिवार ६-१० रोपनी जग्गा भएको र १६२(५.८%) घरपरिवार संग १० रोपनी भन्दा बढी जग्गाजमिन रहेको छ।

त्यसैगरी यस मार्मा गाउँपालिकाक ४७ घरपरिवारको मार्मा गाउँपालिका बाहेक जिल्ला भित्रकै अन्य स्थान जस्तै जिल्लाको सदरमुकाम खलङ्गा र गोकुलेश्वोरमा पनि जग्गा जमिन रहेको छ भने ३०८ घरपरिवारको नाम मा जिल्ला बाहिरको स्थान हरु जस्तैः कैलाली र कन्चनपुरका विभिन्न स्थानहरुमा जग्गा जमिन रहेको गाउँपालिका प्रोफाइलमा देख्न सकिन्छ ।(पालिका प्रोफाइल,२०८०)

### २.१.७ पारिवारिक आम्दानिः

यस मार्मा गाउँपालिकामा बसोबासगर्ने मानिसहरुको मासिक औसत आम्दानि राष्ट्रिय औसत आम्दानि भन्दा कम रहेको देखिन्छ। गाउँपालिका प्रोफाइल बाट प्राप्त तथ्यांक अनुसार कुल घरधुरी मध्ये १,४५०(५२%) घरधुरिहरुको मासिक आम्दानि रु.१० हजारसम्म, १०३९(३७%) परिवारको आम्दानि रु. ११-२० हजारसम्म, २०५ (७४) परिवारको आम्दानि रु. २१-५० हजारसम्म र १०९ (४४) परिवारको आम्दानि रु. ५० हजार भन्दा बढी रहेको देखिन्छ। (पालिका प्रोफाइल,२०८०)

### २.१.८ पारिवारिक खर्च तथा बचतः

यस मार्मा गाउँपालिकाका मानिसहरुको मुख्य पेशा कृषि रहेतापनि कृषि व्यवसायिक रुपमा नरहेकोले निर्वाहमुखी मात्रै रहेको छ। घरमा आफुले उपभोग गरि बाँकी हुने कृषिजन्य उत्पादन विक्रिवितरण गरेपनि घरायसी प्रयोजनका लागि आवश्यक बस्तुहरु खरिद गर्नुपर्ने हुँदा अधिकांश घरपरिवारहरुमा बचत न्युन हुने वा नहुने गरेको गाउँपालिका प्रोफाइलमा देखिएको छ। खर्चको अवस्था हेर्दा कुल घरधुरी मध्ये १५०२ (५४%) घरपरिवारको मासिक खर्च रु. ६-१० हजारसम्म हुने गरेको भन्ने देखिन्छ भने ९०८(३२%) घरधुरीहरुको मासिक रु. ५ हजारसम्म र ३९३ (१४%) घरधुरीहरुको मासिक खर्च रु.११- २० हजारसम्म वा सो भन्दा बढी खर्च हुने गरेको भन्ने देखिएको छ। (पालिका प्रोफाइल,२०८०)

### २.१.९ छानाको आधारमा घरधुरी विवरणः

गाउँपालिकाको प्रोफाइल अनुसार यस गाउँपालिकामा रहेका कुल २,८०३ घरधुरीहरु मध्ये ढुंगा वा जस्तापाताले छाएको कच्ची घरहरुको संख्या सबैभन्दा बढी अर्थात् करिव ५९% रहेका छन। त्यस्तै पक्ति-सिमेंटको वाल र ढुंगा वा जस्तापाताले छाएको घर संख्या ७३९(२६%), पक्ति-सिमेन्ट र डन्डी प्रयोग गरि ढलान गरेको घरसंख्या ३८२(१४%) र कच्ची-खरले छाएको घरसंख्या ३६ अर्थात १% मात्र रहेको छ। (पालिका प्रोफाइल,२०८०)

### २.१.१० वैदेशिक रोजगारीमा गएको विवरण

यस मार्मा गाउँपालिकाका युवा जनशक्तिहरु देश भित्र उपयुक्त रोजगारीको अभावले गर्दा छोटो अवधि, निश्चित अवधि र लामो अवधिको रोजगारीका लागि भारत लगायत तेश्रो मुलुकमा जाने गरेका छन। गाउँघरमा रोजगारीको अभाव र युवाहरु प्रायः रोजगारीका लागि विदेशिने लहर चलेकोले यस गाउँपालिकाका पनि १,२०४ जना युवाहरु वैदेशिक रोजगारीमा रहेका छन। वैदेशिक रोजगारीमा रहेको कुल संख्या मध्ये करिव १,१०० (९१%) जनशक्ति भारतमा रहेका छन भने बाँकी १०४ (९%) भारत बाहेक अन्य मुलुकहरु (खाडीमुलुकहरु तथा कोरिया/जापान आदि) मा रहेका छन। वडागत रुपमा हेर्दा सबैभन्दा बढी वडा नं ५ का ३११ जना र सबैभन्दा कम वडा नं ४ का १५५ जना वैदेशिक रोजगारीमा रहेका छन। (पालिका प्रोफाइल,२०८०)

### २.१.११ आर्थिक गतिविधि

यस मार्मा गाउँपालिका प्राकृतिक श्रोतहरुको उपलब्धताका हिसाबले धनि गाउँपालिकाको रुपमा रहेको छ। यस गाउँपालिकामा विभिन्न प्राकृतिक श्रोतहरु जस्तै; औषधिजन्य जडिबुटी, अग्लो स्थानहरुमा नेपाली कागज बनाउने कच्चा पदार्थ लोक्ता, ढुंगाखानी, सिमेन्टका लागि आवश्यक पर्ने ढुंगाहरु, साबुन उद्योगका लागि आवश्यक पर्ने चिउरी, तामाको लागि कच्चा पदार्थ र सिसाखानीका लागि कच्चा पदार्थ यस गाउँपालिकामा रहेको पाइन्छ  तर त्यसको उचित संरक्षण, उत्खनन, निकासी तथा ढुवानीको राम्रो व्यबस्था भएमा त्यसले गाउँपालिकाका झासिन्दाहरुको आयस्तरमा सहयोग पुरयाउने देखिन्छ ।यस गाउँपालिकाको प्रमुख आर्थिक स्रोतको रुपमा जडिबुटी. ढुंगा, गिट्टी संकलन तथा ढुवानी कर, मालपोत कर, सिफारिस दस्तुर, व्यबसायिक कर, व्यवसाय दर्ता कर नै मुख्य आन्तरिक स्रोत रहेका छन्। बाह्य स्रोतका रुपमा नेपाल सरकारबाट प्रदान हुने सशर्त अनुदान, वित्तीय समानिकरण, समपुरक कोष आदि रहेका छन। यस गाउँपालिकामा बसोवास गर्ने मानिसहरुको प्रमुख आम्दानीको स्रोत कृषि पेशा रहेको छ भने त्यसपछि स-साना किराना व्यापार व्यवसाय पनि आम्दानीका श्रोतको रुपमा रहेका छन।

यस मार्मा गाउँपालिकामा पनि स्थानीय सरकारको निर्माण पश्चात मानिसहरुले विभिन्न खालका व्यबसायहरुको सुरुवात गरिरहेका छन। स्थानीय स्तरमा बढ्दै गैरहेको यातायातको पहुँच, मानिसहरुको आवतजावत र स्थानीय सरकारको सामाजिक र आर्थिक प्रबर्धनात्मक कार्यक्रमहरुले गर्दा मानिसहरुमा व्यवसायिक रुपमा कामगर्ने परिपाटीको विकास हुँदै गईरहेको देखिन्छ। यस मार्मा गाउँपालिकामा पनि पशुपालन र कृषिजन्य विभिन्न आयमुलक ७१ वटा फर्महरु संचालन भैरहेको संस्थागत सर्वेक्षणबाट देखएको छ। संचालित ७१ वटा फर्म मध्ये बाख्रापालन फर्म ३७ वटा, कुखुरापालन फर्म १९ वटा वटा र ब्रोइलर  ९स्थानीय कुखुरा फर्म  )

(वटा फर्म १०, माछापालन फर्म ४ वटा, नर्सरी तथा फलफुल नर्सरी ५ वटा रहेका छन। यि विभिन्न ७१ वटा फर्मबाट गाउँपालिका भित्र करिब ११३ जनाले प्रत्यक्षरुपमा रोजगारी समेत पाएका छन्। (पालिका प्रोफाइल,२०८०)

## २.२ विकासको अवस्था

### २.२.१ कृषि तथा खाद्य सुरक्षा

यस गाउँपालिकाको भौगोलिक विविधताले गर्दा यहाँको धरातलीय स्वरुपमा पनि विविधता पाइन्छ । यहाँ प्राय जसो भूभाग पाखो भिरालो भएको हुदा सबै खेतीयोग्य जमिनको उपयोग भएको छैन | कुल क्षेत्रफल मध्ये खेतीयोग्य जमिनको क्षेत्रफल ६६.७५ वर्ग कि.मि अर्थात् ३२% रहेको छ |यस गाउँपालिका बासीहरूको जीविकोपार्जनको मुख्य स्रोतको रूपमा कृषि व्यवसाय रहेको छ । अझैसम्म पनि परम्परागत पद्धतिमा आधारित यहाँको कृषि प्रणाली निर्वाहमुखी मात्र बनेको छ भने भर्खर मात्र व्यावसयिक खेती तर्फ प्रयासहरू शुरु हुन थालेका छन् । यस मार्मा गाउँपालिकामा कुल खेतीयोग्य जमिन ६.४५ बर्गमिटर रहेको छ | रोपनी अनुसार गणना गर्दा कुल खेतीयोग्य जमिन १२,६७७ रोपनी रहेको छ | वडा अनुसार खेतीयोग्य जमिनको विवरण हेर्दा सबैभन्दा बढी खेतीयोग्य जमिन वडा नं. ६ मा रहेको छ भने सबैभन्दा कम खेतीयोग्य जमिन वडा नं.५ मा रहेको छ |

यस मार्मा गाउँपालिकाको मुख्य कृषि उत्पादनको रुपमा ५२% अन्नवाली रहेको छ। अन्नबालीमा पनि सबैभन्दा बढी करिब २२.९% उत्पादनको हिस्सा मकै रहेको छ। त्यसैगरि गहुँ १६.५%, धान १०.८%, कोदो १.८% रहेको छ। अन्नवाली पछि दोश्रो बढी उत्पादन दलहनबालीको हुने गरेको छ जुन कुल कृषि उत्पादनको करिब १५.६% रहेको छ। त्यसैगरी तरकारी बाली १४.५%, तेलबाली ११.३%, मसलाबाली ५.९% र फलफुल ०.८% उत्पादन हुने गरेको छ।

यस मार्मा गाउँपालिका भौगोलिक आधारमा दुर्गम पहाडी गाउँपालिका भएको हुँदा हालसम्म एकदमै बढी मात्रामा रासायनिक मलखाद तथा विषादीहरुको खेतीपातीमा प्रयोग भइरहेको पाइदैन। तर बिस्तारै यातायातको सहज पहुँच, पशुपालनमा हुँदै गईरहेको हास, कृषि तथा पशुपालन भन्दा वैदेशिक रोजगारीमा युवाहरुको बढ्दो आकर्षणले गर्दा परम्परागत रुपमा प्रयोग हुँदै आइरहेको गोबरमलको प्रयोग बालीनालीमा घट्दै गईरहेको देखिन्छ। घरधुरी सर्वेक्षणबाट प्राप्त तथ्यांक अनुसार यस गाउँपालिकाका कुल घरधुरी मध्ये करिब ५.५% घरधुरीहरुले बालीनालीमा रासायनिक मलको प्रयोग गर्ने गरेका छन भने बाँकी ९४.५% घरधुरीहरुले गोठे गोबर मल नै प्रयोग गर्ने गरेका छन। त्यसैगरी विषादी प्रयोगको अवस्था हेर्दा मुख्यतः व्यबसायिक रुपमा बेमौसमी तरकारी खेतीको लागि करिब ६७ (२.४%) घरधुरीहरुले रासायनिक विषादीको प्रयोग गर्ने गरेको भन्ने देखिन्छ भने बेमौसमी तरकारी बाहेक अन्य बालीनालीहरुमा विषादीको प्रयोग नगर्ने गरेको देखिएको छ।

### २.२.२पर्यटन विकास

यस मार्मा गाउँपालिका धार्मिक पर्यटकीय आधारमा दार्चुला जिल्लाकै महत्वपूर्ण मानिन्छ। यस गाउँपालिकाका मुख्य पर्यटकीय स्थलहरुमा वडा नं ३ मा अवस्थित लटिनाथ मन्दिर, वडा नं १ मा रहेको घोल्जरमा रहेको

दुर्गा भवानी मन्दिर, वडा नं १ मा रहेको परमचुली धाम र वडा नं ४ मा रहेको तपोवन तातोपानी क्षेत्र मुख्य धार्मिक पर्यटकीय स्थलको रुपमा रहेका छन्। यस पालिका भित्र रहेको लटिनाथ मन्दिर र तपोवनमा रहेको तातोपानी दार्चुला जिल्लाकै महत्वपूर्ण धार्मिक क्षेत्रको रुपमा परिचित रहेको छ। शिवरात्रि र माघे संक्रान्तिको दिन तातोपानी क्षेत्रमा मानिसहरुको घुइचो लाग्ने गर्दछ । त्यसैगरी वडा नं १ मा रहेको घोल्जर लाई दार्चुला जिल्लाको नौगाड गाउँपालिकामा रहेका धामी र ठगुन्ना जातिहरुको मुख्य पुख्यौली थलो भएको हुँदा उक्त ठाउंका बासिन्दाहरु मन्दिरमा पुजाआजाका लागि आउने गर्दछन।(पालिका प्रोफाइल,२०८०)

## २.२.३उद्योग,व्यापार, व्यवसाय र आपूर्ति

यस गाउँपालिकामा उपलब्ध प्राकृतिक श्रोतहरुको प्रयोग गरि स्थानीयस्तरमा लघु उद्योगहरु संचालन गर्न सकिने प्रचुर सम्भावना रहेको छ। यस गाउँपालिकाका मर्मति तथा च्युरानी बस्तीहरुमा च्युरी प्रशस्त रुपमा पाइने हुँदा त्यसको बनस्पति तेल तथा च्युरीबाट साबुन बनाउने खालका लघु उद्योगहरु संचालन गर्न सकिने सम्भावना रहेको देखिन्छ। त्यसका साथै वडा नं १ र २ मा नेपाली कागज बनाउन आवश्यक पर्ने लोक्ता प्रसस्त हुने हुँदा नेपाली हाते कागजका लघु उद्योगको सम्भावना रहेको छ। यस गाउँपालिका हाताभित्र नदि तथा खोला प्रसस्त रहेको हुँदा अधिकांश घरपरिवारहरु पिसानीका लागि परम्परागत पानी घट्टको प्रयोग गर्दछन भने कुटानीको लागि ढुंगे ओखल (परम्परागत ढिकी) को प्रयोग गर्दछन। हाल विद्युत सेवा बिस्तार भएसंगै कुटानी, पिसानी र तेल पेल्न केहि ठाउंहरुमा विद्युतबाट चल्ने मिलहरु पनि संचालन भएका छन्।

यस मार्मा गाउँपालिका दार्चुला जिल्लाको अपिहिमाल गाउँपालिका लगायत बझांगको बुंगल क्षेत्रका केहि बस्तीहरु र बैतडीको पुचौंडी गाउँपालिकाको केहि बस्तिहरुबाट दैनिक उपभोग्य वस्तुहरुको किनमेलका लागि नजिक पर्ने हुँदा यस गाउँपालिका भित्रका विभिन्न स्थानहरुमा स्थानीय बजारहरुको बिकास भइरहेको छ। स्थानीय बजारहरुमा मुख्यगरि दैनिक उपभोग्य सामाग्रीहरुको बिक्रिवितरण हुने गरेको छ भने अन्य सामग्रीहरुका लागि गाउँपालिका भन्दा बाहिर जिल्ला भित्रका मझौला खालका बजारहरु जस्तैः गोकुलेश्वर र खलङ्गा बाट मालसामानहरु खरिद बिक्रि गर्ने गरिन्छ। यस बाहेक यस गाउँपालिकाका व्यापारीहरुले लत्ताकपडा, भाडाकुँडा आदिको लागि जिल्ला बाहिरका बजारहरु धनगढी, काठमाडौं जस्ता ठुला शहरहरुबाट समेत सामानहरु ल्याउने गरेको पाइएको छ।

यस गाउँपालिका अपी हिमाल गाउँपालिकाको पनि एकमात्रै प्रवेशमार्ग भएको कारणले व्यापार व्यवसायका सम्भावनाहरु प्रशस्त रहेका छन्। स्थानीय स्तरमा विकास निर्माणका कार्यहरु पनि तिव्रगतिमा भैरहेका हुँदा र मानिसहरुको चहलपहल पनि बढ्दै गैरहेको हुँदा थोक तथा खुद्रा पसल, होटेल तथा रेस्टुरेन्ट, हार्डवयर पसल, स्टेशनरी, सिलाइकटाईका साथै कृषि तथा अन्य स्यानीय श्रोतसामग्रीमा आधारित पेशा व्यव्साय्हरुको एकदमै सम्भावना रहेको छ। यस गाउँपालिकामा मानिसहरुले विभिन्न पेशाव्यबसाय गर्दै आइरहेका छन्। गाउँपालिका प्रोफाइल बाट प्राप्त तथ्यांक अनुसार यस गाउँपालिकाका विभिन्न ठाउहरुमा साना पसल तथा व्यवसायहरु संचालनमा रहेतापनि व्यबस्थित ढंगले दर्ता भएर संचालन भएका छैनन। मुख्य व्यापार व्यवसायको रुपमा यस गाउँपालिका भित्र २५२ वटा रहेका छन्। जसमध्ये १२७ (५०%) खुद्रा तथा थोक पसल, ३३ (१३%) वटा होटेल/रेस्टुरेन्ट, ३२ (१२.७%) वटा सिलाइ कटाई, १९ (७.५%) वटा यातायात,

६(२.४%) वटा हार्डवयर पसल, ६(२.४%) बटा स्टेशनरी, र १५(६%) वटा क्लिनिक पसल/व्यबसाय रहेका छन्। (पालिका प्रोफाइल,२०८०)

### २.२.४ आम्दानी रोजगारी र वित्तीय सेवा

यस गाउँपालिकाको मुख्य पेशा कृषि रहेको देखिन्छ। कुल श्रमयोग्य जनशक्ति ४,८१५ जना मध्ये कृषि पेशामा ३कृषि पेशमा संलग्न छन्। %८१जना अर्थात ८८७. कृषि पेशामा मुख्य गरि खेतीपाती, पशुपालन, कुखुरापालन तथा माछापालन व्यबसायमा संलग्न रहेका छन। त्यसपछि कुल श्रमयोग्य जनशक्ति मध्ये ६७६ ) २५२जना सरकारी तथा गैह्र सरकारी निजि कम्पनीहरुमा संलग्न रहेका छन भने (%१४)५४ ( जनशक्ति व्यापार व्यबसायमा संलग्न रहेका छन। यस मार्मा गाउँपालिकामा समुदाय स्तरमा विभिन्न बचत ऋण समुहहरुले समुहस्तरका बचत ऋण परिचालनका कार्यहरु गर्दै आइरहेका छन् भने यसका अतिरिक्त कार्यालयका बैंकिंग कार्यहरु र पैसा पठाउने तथा प्राप्तिका लागि सनराईज बैकले शाखा खोलि बैंकिंगवित्तीय / सेवा प्रवाह गर्दै आइरहेको छ। यस बाहेक साना किसान लघुवित्त लेपनि समुहगत बचत ऋण संगै बैंकिंग सेवाहरु पनि उपलब्ध गराउदै आइरहेको छ भने शिवलिंग बचत तथा ऋण सहकारी संस्थाले समुह तथा व्यक्तिगत बचत ऋण सेवा उपलब्ध गराई रहेको छ। (पालिका प्रोफाइल,२०८०)

### २.२.५ सामाजिक अवस्था

**क) शिक्षाः**

गाउँपालिकाभित्र कूल ४१ वटा शैक्षिक संस्था रहेका छन् । जसमध्ये बालविकास केन्द्र २६ वटा, आधारभूत तहका विद्यालय ६ वटा, माध्यामिक तहको ७ वटा, क्याम्पस १ वटा र प्राविधिक तथा व्यवसायिक विद्यालय १ वटा रहेका छन् । गाउँपालिका क्षेत्रको साक्षरताको स्थिति हेर्दा पाँच वर्ष माथिको कूल १५,३२९ जनसङ्ख्यामध्ये ८८ प्रतिशत साक्षर रहेका छन् । लैङ्गिकताका आधारमा पुरुष ९५ प्रतिशत र महिला ८१ प्रतिशत साक्षर छन् । वडागत रुपमा विश्लेषण गर्दा सबैभन्दा कम साक्षरता दर वडा नं ३ को ८२.१ प्रतिशत छ भने सबैभन्दा बढी साक्षरता दर वडा नं ४ मा ९३.० प्रतिशत छ ।(पालिका प्रोफाइल,२०८०)

**ख)स्वास्थ्य तथा पोषणः**

यस गाउँपालिकामा स्वास्थ्य सेवा प्रदान गर्दै आएका ८ वटा स्वास्थ्य संस्थाहरुमा जम्मा गरि ४५ जना कर्मचारी सेवा प्रबाह गर्दै आइरहेका छन् | एक जना एमबिबीएस चिकित्सक समेत कार्यरत रहेको हुदा स्थानीय बासिन्दाहरुलाई सामान्य रोगहरुको चेकजाँचको लागि टाढा जानु पर्ने समस्याको समाधान भएको छ | यी संस्थामा पर्याप्त र उपयुक्त आवश्यक भौतिक पूर्वाधार, उपकरण तथा सामग्रीको अभाव र आवश्यकता अनुसार दक्ष स्वास्थ्यकर्मीको पनि कमी रहेको अवस्था छ। कूल जनसङख्या र स्वास्थ्यकर्मीहरुको अनूपातसमेत ज्यादै न्यून छ। यस गाउँपालिकामा अस्पताल भने नरहेकोले जटिल रोगहरुको निदान र बिशेषज्ञ सेवाको लागि भने गोकुलेश्वोर, खलंगा वा जिल्ला बाहिर जानु पर्ने अवस्था छ गाउँपालिकामा विशेषगरी श्वासप्रश्वास जन्य रोग, पानी जन्यरोग, रक्तचाप, मृगौला सम्बन्धि रोग, दमको बिरामी र महिलामा पाठेघरको समस्या रहेको पाइन्छ ।(पालिका प्रोफाइल,२०८०)

**ग) खानेपानी स्रोतको आधारमा घरपरिवारः**

गाउँपालिका क्षेत्रमा रहेका कूल २८०३ घरपरिवारमध्ये सबैभन्दा उच्च २५७० अर्थात् ९२ प्रतिशत घरपरिवारले पाइपको धाराको पानी उपयोग गर्दछन् भने बाकि ८ प्रतिशत घरधुरी सुरक्षित खानेपानी सेवा बाट टाढा रहेका छन् | एक पटक सबै घरधुरीहरुमा पाइपबाट वितरित धाराको पानी उपलब्ध भएता पनि उचित मर्मत सम्भार तथा व्यवस्थापन नभएकोले बाकि घरधुरीहरुले सेवा बाट बन्चित हुनु परेको छ | बाकि घरधुरीहरुले ढुंगेधारा/नाउलाको पानि उपयोग गर्ने गरेका छन् |(पालिका प्रोफाइल,२०८०)

**घ)लैङ्गिक समानता तथा सामाजिक समबेसिकरण**

नेपालको संविधानले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवाललाई सम्वोधन गर्दै लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प सहित महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्यसम्बन्धी हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक लगायतका हकको प्रत्याभुती गरेको छ । गाउँपालिकाले पाँच वर्ष भित्र बालविवाह मुक्त, महिला हिंसामुक्त र शत प्रतिशत महिला साक्षर गाउँ निर्माणको लागि आवश्यक पहल गरेको छ । महिलामैत्री गाउँपालिकाका लागि टोलटोलमा आमा समूह गठन भएका छन् । लक्षित वर्गका लागि क्षमता विकासका कार्यक्रम सञ्चालन हुने छ । सामाजिक सुरक्षा कार्यक्रमबाट सबै वर्गलाई समेटने प्रयास भइरहेको छ । लक्षित वर्गका लागि आयमुलक कार्यक्रम सञ्चालनमा रहेका छन् । गाउँपालिकास्तरमा बाल, महिला, आदिवासी जनजाति तथा अपाङ्ग संजाल रहेका छन् । स्थानीय समिति तथा संरचना समावेशी स्वरुपमा गठन हुने गरेका छन् ।

अझैपनि सामाजिक असमानता तथा विभेदका कारण यस क्षेत्रका महिला, दलित, जनजाति, अल्पसङ्ख्यक वर्ग सामाजिक तथा आर्थिक रूपले पछाडि परेका छन् । सबै वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानवअधिकार सहित सर्वाङ्गिण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ लैङ्गिक समानता तथा समावेशीकरणलाई गाउँपालिका स्तरीय योजनाले समेट्नेछ । गाउँपालिकामा महिला दलित जनप्रतिनिधिको उपस्थिति, महिलामैत्री कानून, महिला शिक्षक दरबन्दी, महिला संजाल विकास एवं महिलाहरूद्वारा सहकारी संस्था संचालन जस्ता पक्षहरू राम्रा छन् । त्यसैगरी विद्यालयमा महिला शिक्षिकाको व्यवस्था, सुत्केरी जाँच व्यवस्था र वृद्ध भत्ताको व्यवस्था गरिएको छ । यस गाउँपालिकाबासी नेपाल सरकारको सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत जेष्ठ नागरिक, एकल महिला, अपांगता भएका व्यक्ति, बाल सुरक्षा अनुदान र दलित वर्गहरू सामाजिक सुरक्षा भत्ताबाट लाभान्वित भएका छन् ।

**ङ) युवा तथा खेलकुद**

खेलकुद क्षेत्रमा युवाहरुलाई समेटी स्वस्थ, प्रतिस्पर्धी जनसक्ति उत्पादन गरि पालिकाको चौतर्फी विकासका साथै, राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा समेत खेलाडीलाई प्रतिस्पर्धामा उतारी पालिकाको र देशको नाम संसारभरि परिचित गराउन र खेलकुद तथा पर्यटन विकासमा समेत योगदान दिलाउन स्थानीय स्तरदेखि नै युवालाई खेलकुद क्षेत्रमा आकर्षित गर्न प्रशिक्षण, पूर्वाधार र कार्याक्रमहरुको आयोजना गर्न जरुरी छ । यस गाउँपालिकामा  खेल मैदान तथा पिकनिक क्षेत्र तर्फः लटिनाथ खेल मैदान, मडबगड खेल मैदान (तपोवन),

खेल मैदानका रुपमा रहेका छन भने पार्क तथा पिकनिक स्थलका रुपमा सल्लेवगड, घाट बगर, नौगाड खोला क्षेत्र, घट्टे गाड खोला क्षेत्र औद्योगिक ग्राम स्थल लगायत परमचुला धाम क्षेत्र पिकनिक स्थल रहेका छन ।

### २.२.६ वन, वातावरण तथा विपद व्यवस्थापनः

#### क) वन तथा जैविक विविधता

यस मार्मा गाउँपालिकाको कुल भू-भाग २०,७५७.४४ हेक्टर मध्ये वनजंगलले ओगटेको क्षेत्रफल १२,४९३.२६ हेक्टर अर्थात् ६०.१९% रहेको छ। यस गाउँपालिकाका धेरैजसो वनक्षेत्र सामुदायिक वनको रुपमा रहेको छ भने केहि बनक्षेत्र अपिनाम्पा संरक्षण क्षेत्र भित्र पनि रहेको छ। यस गाउँपालिकामा जम्मा २४ वटा सामुदायिक वनहरु रहेका छन्। जसले कूल वनक्षेत्रको १९.४% क्षेत्रफल मात्रै ओगटेको छ भने बाँकी क्षेत्रफल राष्ट्रिय वन र अपिनाम्पा संरक्षण क्षेत्रले ओगटेको छ।यस गाउँपालिकामा रहेका २४ वटै सामुदायिक बनहरु समुदायले नै संरक्षण र व्यबस्थापन गरिरहेका छन्। यि बनहरु सामुदायिक बनको आफ्नै बिधान अनुसार संचालन भएका छन्। सामुदायिक वनले कूल बनक्षेत्र मध्ये २४२४ हेक्टर क्षेत्रफल ओगटेका छन् भने उक्त सामुदायिक बनमा जम्मा २५८६ घरपरिवारहरु आबद्ध रहेका छन्। जुन गाउँपालिकाको कूल घरधुरीको ९२% हुन आउँछ।(पालिका प्रोफाइल,२०८०)

यस गाउँपालिकामा बनजंगल क्षेत्र बढी भएको हुँदा जैविक विविधता पनि फरक फरक रहेको छ। मुख्यगरी यहाँको जंगलमा बाघ, भालु, नाउर, झारल, रतुवा, घोरल जस्ता जनावरहरु र चिल, कालिज, डाँफे जस्ता चराचुरुंगीहरुको बासस्थान रहेको पाइन्छ। त्यसैगरि रुख बिरुवाहरुमा सल्ला, बाँझ, चिराइतो, लोक्ता, लाली गुराँश आदि रहेका छन्। यस क्षेत्रको जैविक विविधता संरक्षणका लागि यस गाउँपालिका लगायत नौगाड, व्याँस र अपिहिमाल गाउँपालिका सहित समेटिने गरि अपिनाम्पा संरक्षित क्षेत्रको स्थापना २०६७ साल अषाढ २८ गते भएको थियो |

#### ख) विपद व्यवस्थापनः

यस मार्मा गाउँपालिकामा बाढी, पहिरो, हावाहुरी, नदि कटान, चटघाङ, आगलागी, कृषिबालीमा रोगकिरा तथा महामारीहरु मूख्य प्रकोपको रुपमा देखिएका छन्। यसका साथै विभिन्न अध्ययन तथा अनुसन्धानहरुले नेपालको सुदुरपश्चिम प्रदेशको बझांग, बैतडी, दार्चुला लगायत कर्णाली प्रदेशमा ठूलो भूकम्पको सम्भावना रहेको भन्ने देखिएको छ। भूकम्प जस्ता प्रकोपहरुको घटना घट्ने समयको यकिन गर्न गाह्रो भएता पनि अन्य प्रकोपहरु आउने समय निधित सिजन वा अवधि हुने भएकोले समयमै सुरक्षाका उपायहरु अवलम्बन गरि सम्भावित मानबिय तथा भौतिक क्षति कम गर्न सकिन्छ। यस गाउँपालिकामा नदिको कटान, बन जंगलमा हुने आगलागी, बर्षातको समयमा आउने भल/बाढी. पहिरो, चटयाङ आदि मूख्य प्रकोपको रुपमा रहेका छन्। पाखो भिरालो भू-बनावट र कम्जोर जमिन भएको कारणले बर्षेनी पहिरोमा परि धनजनको क्षति हुने गरेको देखिन्छ। अघिल्लो आर्थिक बर्षको तथ्यांक हेर्दा यस गाउँपालिकाका २०० घरधुरीहरु प्राकृतिक प्रकोपका विभिन्न घटनाहरुबाट प्रभावित भएको पाइएको छ। प्राकृतिक प्रकोपबाट प्रभावित घरधुरी संख्या हेर्दा यस गाउँपालिकामा सबैभन्दा बढी पहिरोबाट भएको देखिन्छ। यहाँ विभिन्न खालका प्रकोपहरुले मानबिय क्षति धेरै भएको नदेखिए पनि घर, बिद्यालय, पशुचौपाया तथा बालीनाली क्षति भएको छ। मुख्यगरी पहिरो, चटपाङ,

हावाहुरी, कृषिबालीमा रोगकिरा, तथा पशुचौपाया र मानिसहरुमा महामारी जस्ता प्रकोपहरुले मानबिय भौतिक क्षति विभिन्न समयमा गरेको छ।

## २.२.७ भौतिक विकासको अवस्था

**क) सडकः**

यस मार्मा गाउँपालिका सडक संजाल संग जोडिएको भएतापनि कालोपत्रे सडकले यस गाउँपालिकालाई छोएको छैन। आर्थिक वर्ष २०७७/०७८ सम्ममा करीब ३९ किलोमिटर धुले तथा ग्राभिल सडक संजालको हाल गाउँपालिकाको पहलमा केहि वडा सम्म कच्ची सडक निर्माण भइ आवतजावतमा सहजता भएको पाईएता पनि गाउँपालिकाका दुर्गम वडा तथा भौगोलिक रुपमा कठिन अवस्था रहेका स्थानहरुसम्म याउन गाहो छ। यातायातको पहुँच पुरमार्मा गाउँपालिका सम्म पहुँचका लागि बससेवा संचालनका लागि सेल्विसा बजार सम्म चलान अनुमति प्राप्त भइ सकेको छ। हाल सहज यातायातको लागि उपलब्ध सवारी साधन बस तथा जिपहरु मात्रै रहेका छन्। निजि सवारि साधनको रुपमा मोटर साइकल पनि रहेका छन्। गाउँपालिकाको सदरमुकाम बाट सवारीसाधन चल्ने मूख्य रुटहरुमा धनगढी, महेन्द्रनगर र दार्चुलाको खलंगासम्म रहेको छ। यस गाउँपालिका क्षेत्र भित्र सबै वडा र बस्तिहरुमा सवारीसाधन चल्ने सडकमार्ग निर्माण भईनसकेको हुँदा केहि निश्चित स्थानहरु जस्तैः बिटुले देखि लटिनाथ हुँदै पारिबगड सम्म, लटिनाथ बाट सार्सी बजानी सम्म र पारिवगड बाट ताकु सम्म जीपहरु चल्ने गरेका छन्। जिपहरु मुख्यगरि मानिसहरु र सामानहरु ढुवानी र ट्र्याक्टरहरु मालसमान ढुवानीका लागि चल्ने गरेका छन्। (पालिका प्रोफाइल,२०८०)

**ख) पुल तथा पुलेसाः**

सवारी साधन चल्ने सडकमार्ग नपुगेका बस्तिसम्म र समुदायसम्म पुग्नका लागि पैदलमार्ग हरुमा काठेपुल तथा झोलुंगे पुलहरु रहेका छन् | यस गाउँपालिकामा १५ वटा झोलुंगे पुल रहेका छन् |

**ग) खाना पकाउने इन्धनः**

यस मार्मा गाउँपालिकामा खाना पकाउनका लागि प्रयोग हुने प्रमुख इन्धनको रुपमा दाउरा रहेका छन्। हाल बनजंगल क्षेत्रमा दाउरा सजिलै नपाइने र यातायातको पहुँच सहज भएकोले गर्दा एलपी ग्याँस प्रयोग गर्ने घरपरिवारको संख्या पनि बढ्दै गईरहेको छ। घरधुरी सर्वेक्षणबाट प्राप्त तथ्यांक अनुसार गाउँपालिकाको कूल घरपरिवार मध्ये २३४५ (८३.७%) घरपरिवारहरुले खाना पकाउने इन्धनको रुपमा दाउराको प्रयोग गर्ने गरेका छन्। त्यसैगरी दाउरा र ग्याँस दुवै इन्धनका श्रोतहरुको प्रयोग गर्ने घरपरिवार संख्या २९६(१०.६%), एलपी ग्याँसको प्रयोग गर्ने घरपरिवार संख्या ८४ (३%) र गोबर ग्याँसको प्रयोग गर्ने घरधुरी संख्या पनि ७८ (२.८%) रहेका छन्। वडा अनुसार खाना पकाउने इन्धनको प्रयोगको स्थिति विश्लेषण गर्दा खाना पकाउने इन्धनको रुपमा दाउराको प्रयोग सबैभन्दा कम गर्ने वडा नं ४ र सबैभन्दा बढी दाउरा प्रयोग गर्ने घरघुरी वडा नं १ मा रहेका छन्। (पालिका प्रोफाइल,२०८०)

**घ) बत्ती बाल्ने इन्धनः**

यस मार्मा गाउँपालिकाको नजिकै ३२ मेगावाटको चमेलिया जलविद्युत आयोजना रहेको छ। तर हालसम्म गाउँपालिकाको सबै वडा तथा बस्तिहरुमा विद्युतको राष्ट्रिय प्रसारण लाइन बिस्तार भइसकेको छैन। घरधुरी सर्वेक्षण बाट प्राप्त तथ्यांक अनुसार गाउँपालिकाको कूल घरधुरीहरु मध्ये ७१८ (२५.६%) घरधुरीहरुमा

मात्रै राष्ट्रिय प्रसारण लाइनको विद्युत सेवा पुगेको छ भने सबैभन्दा बढी ११२१(४०%) घरधुरीहरुले लघुजलबिद्युत बाट उत्पादित बिजुली प्रयोग गरिरहेका छन्। त्यस्तै ९२८ (३३.१%) घरधुरीहरुले सोलार बत्तिको प्रयोग गर्ने गरेका छन् भने ३६(१.३४%) घरघुरीहरुले उज्यालोको श्रोतको रुपमा टुकीको प्रयोग गर्ने गरेको देखिएको छ। (पालिका प्रोफाइल,२०८०)

**ङ) संचार तथा प्रविधिः**

गाउँपालिका प्रोफाइल अनुसार यस गाउँपालिकाका मानिसहरुले सबैखालका सुचना तथा संचारका माध्यमहरुको प्रयोग गरेको देखिन्छ। सर्वेक्षणको तथ्यांकहरुको विश्लेषण गर्दा कूल सुचना तथा संचारका माध्यम प्रयोगकर्ता संख्या ४२७२ मध्ये सबैभन्दा बढी २६१४ (६१.२%) मोवाइल फोन प्रयोगकर्ता रहेका छन्। यसैगरि १२८८ (३०.१%) रिदियो प्रयोगकर्ता, ३४२(८%) टेलिभिजन प्रयोगकर्ता, १३ थान टेलिफोन रहेका छन्। (पालिका प्रोफाइल,२०८०)

यस गाउँपालिकामा हुलाक सेवा रहेतापनि हाल संचारमा भएको प्रविधि विकासले गर्दा त्यति उपयोगी रहेको पाइदैन। तथापी सरकारी कागजातहरु/चिट्ठीपत्रहरु ओसारपसारका लागि भने हुलाकको नै प्रयोग हुने गरेको छ। यस गाउँपालिकाबाट प्रकाशन हुने स्थानीय पत्र-पत्रिका कुनैपनि छैनन भने राष्ट्रिय पत्र- पत्रिकाहरु भने प्रकाशन भएकै दिनमा नपुगे पनि अर्को दिन गाउँपालिकासम्म आइपुग्ने गरेको छ।

यस गाउँपालिकामा नेपाल टेलिकमको टेलिफोन प्रशारण लाइन विस्तार भएको छैन। तर नेपाल टेलिकमको जिएसएम मोबाइल सेवा उपलब्ध रहेको छ। यस गाउँपालिका भित्र नेपाल दुरसंचार प्राधिकरण (नेपाल टेलिकम) को रिपिटर टावर वडा नं ४ को बच्कोटमा रहेको छ। यसका अतिरिक्त नौगाड गाउँपालिकाको सिप्टीमा रहेको टावरबाट समेत मार्मा गाउँपालिकाका केहि स्थानहरुमा मोबाइल नेटवर्कले काम गर्ने गरेको छ। हाल निजीस्तरबाट संचालित एनसेल दुर संचार सेवा प्रदायक कम्पनीले पनि आफ्नो सेवा संचालनका लागि वडा नं ३ को बार्क भन्ने स्थानमा टावर निर्माण गरेको भएतापनि सर्वेक्षणको समयसम्म सेवा सुचारु भइसकेको छैन। यस गाउँपालिकामा नेपाल टेलिकमले जीएसएम सेवा अन्तर्गत ४ जी नेटवर्क सेवा प्रदान गरेको छ। त्यसैले नेपाल टेलिकमको जीएसएम मोबाइल प्रयोगकर्ताहरुले आधुनिक इन्टरनेट सेवाको उपभोग गरेका छन् भन्न सकिन्छ ।यस मार्मा गाउँपालिकामा रेडियो नेपालको केन्द्रिय तथा क्षेत्रीय प्रशारण सेवाले गाउँपालिका धेरैजसो बस्ती र समुदायमा कामगर्ने गरेको छ। तर स्थानीय एफएम अन्तर्गत रेडियो सारथीले एफएम सेवा संचालनका लागि एन्टेना जडान गरेको भएपनि सेवा भने सुचारु भएको छैन।

**च) आवास माथिको स्वामित्वः**

घरको स्वामित्वको आधारमा हेर्दा कुल घरघुरी २,८०३ मध्ये करिब २,३८१ (८५%) घरधुरीहरु आफ्नै घरमा बस्ने गरेका छन भने १८० (६%) घरधुरीहरुको दोहोरो बस्ति वा घर रहेको छ। त्यसैगरि २१९ (८%) घरधुरीहरुको संयुक्त घर रहेको, १७(०.६%) घरघुरीहरु भाडाको घरमा बस्ने गरेको र ६(०.०२४) घरघुरीहरु मात्रै आफ्नो घर नभएकोले अरुको घरमा बस्ने गरेको देखिएको छ। अरुको घरमा वस्ने गरेको परिवारहरु वडा नं ३ मा ३ परिवार, वडा नं ४ मा १ परिवार र वडा नं ६ मा २ परिवारहरु रहेका छन। (पालिका प्रोफाइल,२०८०)

## २.२.८ संस्थागत विकास, सेवा प्रवाह र सुशासन

### क) स्थानीय नीति, ऐन तथा सुशासन

शासन प्रणालीलाई जनमुखी, सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउनु नयाँ लोकतान्त्रिक गणतन्त्रको आवश्यकता हो। यसका लागि शासन प्रणालीमा सबै क्षेत्र, वर्ग, समदुाय र सरोकारवालाको पहुँच र सहभागितालाई सुनिश्चित गर्न आवश्यक छ। संघीय प्रणालीमा आधारित लोकतान्त्रिक शासन व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्दै जनविश्वास अभिवृद्धि गर्नु सुशासनको मुल मर्म हो। संविधानले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, भ्रष्टाचारमुक्त, पारदर्शी, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गर्ने व्यवस्था गरेको छ। सुशासनकालागि संघीय तथा प्रादेशिक संवैधानिक निकाय तथा आयोगसँगको सम्पर्क र समन्वय, अभिलेख व्यवस्थापन र कार्यान्वयन, गाउँपालिकामा सार्वजनिक सेवा वितरणको न्युनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टी सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमनको पनि व्यवस्था गर्न आवश्यक रहेको छ। यसै सन्दर्भमा गाउँपालिकामा बन्न लागेको यस योजनाले सेवा प्रदायक निकाय तथा समग्रमा सार्वजनिक शासन प्रक्रियामा सुशासनको संस्थागत विकासमा समेत महत्त्वपूर्ण हुनेछ ।

गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को रातो किताब अनुसार गाउँपालिकामा ..... सदस्यीय गाउँ सभा तथा ....... सदस्यीय गाउँ कार्यपालिकाको व्यवस्था छ। गाउँको नीतिगत व्यवस्थालाई कार्यदिशा दिन र प्रभावकारी कार्यान्वयनका लागि सङ्घीय कानूनको अधिनमा रही ५ वटा विषयगत विकास समितिहरू र विधायन, गाउँ शिक्षा तथा स्वास्थ्य, साझेदारी विकास, स्थानीय समन्वय, गाउँ स्तरीय विपद् व्यवस्थापन, बजार अनुगमनर सल्लाहकार समिति लगायतका समितिहरूले कार्यसम्पादन गर्दै आएका छन् । सहज र सरल रूपमा स्थानीय स्तरमा नै न्याय सम्पादनका लागि एक न्यायिक समितिले कार्य सम्पादन गर्दै आएको छ । गाउँपालिकाले आफ्नो सात बर्षे कार्यकालमा जम्मा ७४ वटा ऐन, कानुन, कार्यविधि, मापदण्ड र निर्देशिका तर्जुमा गरी गाउँपालिकाको नियमित कार्य सम्पादनलाई व्यवस्थित बनाउने प्रयास गरेकोछ ।

स्थानीय तहको निर्वाचन २०७४ पश्चात निर्वाचित जनप्रतिनिधिको सक्रिय पहलमा संघियता कार्यन्वयनको शुरुआती चरण पूरा गरि २०७९ मा दोस्रो स्थानीय तहको निर्वाचन भएको छ । कुनै पनि नीति तथा कानून नभएको अवस्थामा नव निर्वाचित प्रतिनिधिहरूको मुख्य जिम्मेवारी नै स्थानीय ऐन, नीति, निर्देशिका तथा कानून निर्माण गरी मार्मामा सुशासन कायम गर्नु रहेको थियो। आवश्यक कर्मचारी पदपूर्ति नभएको साथै भएका कर्मचारी पनि गाउँपालिकाको कार्य व्यवस्थापनमा अभ्यस्त नभैसकेको अवस्थामा पालिकाका नियमित कार्य संचालनमा समेत चुनौतीको सामना गर्नु परेको थियो। भौतिक पूर्वाधारको अभावले गर्दा शुरुआती बर्षमा कार्य सम्पादनमा ठुलो कठिनाई भएको थियो, जसले गर्दा अधिकांश समय भौतिक पूर्वाधार तथा कार्यालय संचालनका लागि आवश्यक सामाग्री व्यवस्थापन खर्चनु परेको थियो ।

### ख) सङ्गठनात्मक विकास

गाउँ कार्यपालिकाको प्रमुखको रुपमा अध्यक्ष र उपाध्यक्षको रुपमा निर्वाचित पदाधिकारी रहने व्यवस्था गरिएको छ। यसैगरी उपाध्यक्षले न्यायिक समितिको नेतृत्व गर्ने व्यवस्था रहिआएको छ। गाउँ कार्यपालिकाको

प्रमुख प्रशासकीय अधिकृत (सातौं तह) को रुपमा नेपाल सरकारको निजामती सेवाको प्रशासन सेवा, सामान्य प्रशासन समूह अन्तर्गतको राजपत्राङ्कित तृतीय श्रेणीको अधिकृतलाई नेपाल सरकारले खटाउने व्यवस्था गरिएको छ। प्रमुख प्रशासकीय अधिकृत अध्यक्ष प्रति उत्तरदायी रहने व्यवस्था छ भने निजले गाउँसभाको सचिवको हैसियतले समेत कार्य गर्ने भएकाले निज गाउँ सभा प्रति समेत उत्तरदायी हुनुपर्ने व्यवस्था रहेको छ । प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष मातहतमा प्रशासन, योजना तथा अनुगमन शाखा, पूर्वाधार विकास शाखा, स्वास्थ्य तथा सामाजिक विकास शाखा, शिक्षा, युवा तथा खेलकुद शाखा, आर्थिक विकास शाखा, आर्थिक प्रशासन शाखा, र आन्तरिक लेखापरीक्षण एकाइको संस्थागत व्यवस्था गरिएको छ ।

प्रशासन, योजना तथा अनुगमन शाखा अन्तर्गत प्रशासन उपशाखा, राजश्व उपशाखा, योजना तथा अनुगमन उपशाखा र कानून एकाइ रहने व्यवस्था भएको छ। यसै शाखाले गाउँपालिकाभित्र रहेका ६ वटै वडाहरूसँग समन्वय गर्ने व्यवस्था पनि रहेको छ। पूर्वाधार विकास शाखा अन्तर्गत सडक, सिँचाइ तथा अन्य पूर्वाधार विकास उपशाखा, भवन तथा वस्ती विकास उपशाखा र वातावरण तथा विपद्‌व्यवस्थापन एकाइ रहने व्यवस्था छ। स्वास्थ्य तथा सामाजिक विकास शाखा अन्तर्गत सामाजिक सुरक्षा तथा पञ्जीकरण उपशाखा र महिला बालबालिका र समाज कल्याण उपशाखाको व्यवस्था गरिएको छ। यसैगरी विद्यमान सङ्गठन संरचना अन्तर्गत प्रमुख प्रशासकीय अधिकृतको मातहतमा स्वास्थ्य र कृषि/पशु तर्फका निकायहरू (प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आयुर्वेद औषधालय, कृषि विकास शाखा र पशु सेवा केन्द्र) रहने व्यवस्था भएको देखिन्छ ।

संघीय शासन व्यवस्था अनुसार राज्यको पुनःसंरचना प्रक्रियाबाट नवगठित यस गाउँपालिकाको सम्पन्न स्थानीय तहको निर्वाचतबाट निर्वाचित गाउँ कार्यपालिका मार्फत गाउँपालिकाको कार्य संचालन हुँदै आएको छ । गाउँपालिकाको विद्यमान कर्मचारी दरबन्दी विवरण अनुसार प्राविधिक र अप्राविधिक दुवै प्रकृतिका कर्मचारीहरूको दरबन्दी यस कार्यालयमा रहेका छन्। गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को रातो किताब अनुसार विद्यमान दरबन्दी अन्तर्गत अधिकृत स्तरका ........ सहायक स्तरका ......... समेत ....... वटा पदको स्वीकृत दरबन्दी देखिन्छ भने तह विहिन ....... गरी कूल ...... कर्मचारी कार्यरत रहेको देखिन्छ। मार्मा गाउँपालिकाको विद्यमान सङ्गठन संरचना, कर्मचारी दरबन्दी, कार्यबोझ समेतको अध्ययन गरी प्राप्त कार्यआदेशको परिधि भित्र रही सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण कार्य गरीसकेको अवस्था । स्थानीय तहमा कर्मचारी दरबन्दीहरू समायोजन भएको र यस गाउँ कार्यपालिकाको कार्यालयमा अझैसम्म सबै पदहरूको सङ्ख्या स्पष्ट हुन नसकेको व्यहोरा यस कार्यालयको प्रशासन शाखाबाट जानकारी हुन आएको छ ।नेपालको संविधानबाट स्थानीय तहको लागि निर्दिष्ट अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको लागि तोकेको काम, कर्तव्य र अधिकार तथा वदलिँदो शासकीय स्वरुप अनुसार स्थानीय तहप्रतिको नागरिकको अपेक्षा एवं परिवर्तित शासकीय स्वरुपलाई व्यवस्थित गर्न आवश्यक साधन/स्रोत र सोको व्यवस्थानको लागि विद्यमान जनशक्ति पर्याप्त देखिंदैन। यस सन्दर्भमा सङ्ख्यात्मक एवं गुणात्मक रुपमा बढोत्तरी गर्नु जरुरी देखिन्छ।

**ग) श्रोत परिचालन**

गाउँपलिकाको समग्र स्रोत परिचालन, व्यवस्थापन एवम् काम कारवाहीमा कार्यकुशलता र प्रभावकारिता अभिवृद्धि गर्ने प्रयोजनका लागि नेपाल सरकार एवम् विकास साझेदारबाट स्थानीय तहलाई प्राप्त हुने सबै प्रकारका अनुदान, स्थानीय निकायको आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम लगायत पालिकाको कोषमा प्राप्त हुने सबै प्रकारका स्रोत तथा स्थानीय स्रोत साधनलाई एकीकृत र समन्वित गरी गरिब, महिला, बालबालिका तथा सामाजिक, आर्थिक दृष्टिकोणबाट पिछडिएका वर्ग र समुदाय एवम् क्षेत्रको समेत पहुँच र स्वामित्व रहने गरी सन्तुलित तवरबाट स्थानीय सेवा प्रवाह एवम् विकास निर्माण कार्य र शासन प्रक्रिया जनमुखी, जवाफदेही, मितव्ययी, पारदर्शी, उत्तरदायी, समावेशी, समतामूलक, सहभागितामूलक, दिगो र गुणस्तरयुक्त गराउँदै स्थानीयस्तरबाट नै गरिबी न्यूनीकरण र दिगो विकासको अवधारणालाई संस्थागत गर्ने कार्यमा सहयोग पुऱ्याउन स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि तर्जुमा गरी सोहि वमोजिम स्रोत परिचालन तथा व्यवस्थापन गर्नु पर्ने हुन्छ। मार्मा गाउँपालिकाले हाल सम्म पनि स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि तर्जुमा नगरेकोले सम्वन्धित मन्त्रालय तथा स्रोत प्रदायक निकायको कानून, ऐन, निर्देशिका तथा कार्यविधिका आधारमा स्रोत परिचालन गर्ने गरेको छ ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत स्रोत परिचालन समन्वय शाखाले सबै ७५३ पालिकाहरूलाई स्थानीय तहको  राजश्व परिचालन सम्बन्धी नीतिगत अध्ययन अनुसन्धान तथा विश्लेषण, आन्तरिक श्रोत साधनको पहिचान र परिचालनमा सहजिकरण तथा समन्वय, राजस्वको आधार विस्तारमा प्रोत्साहन र प्रवर्द्धन, राजस्व सूचना तथा तथ्यांक आदान प्रदान प्रणाली विकास, अनुसन्धान र प्रकाशन, स्थानीय आर्थिक विकास सम्वन्धी कार्यमा सहजिकरण, राजश्व परिचालन क्षमता लेखाजोखा र सुधार, राजश्व परिचालनमा स्थानीय तहमा उत्कृष्ट देखिएका कार्यको अन्य स्थानीय तहसँग अनुभव आदान प्रदान, स्थानीय तहको राजश्व परिचालनमा भएका विवाद समाधानका लागि समन्वय, स्थानीय राजस्वको मुल्याङ्कन, स्थानीय तहको प्राकृतिक श्रोत साधन सम्बन्धी कर तथा राजस्व व्यवस्थापनमा सहयोग र समन्वय तथा स्थानीय तहको वार्षिक आयव्ययको अभिलेख र वार्षिक प्रतिवेदन प्रकाशन सम्बन्धी कार्य गरिरहेको छ र सोहि शाखाको समन्वय तथा सहजिकरणमा मार्मा गाउँपालिकाको स्रोत परिचालन तथा व्यवस्थापन हुने गरेको छ ।

**घ)योजना व्यवस्थापन**

सोह्रौं योजनाको राष्ट्रिय लक्ष्य हासिल गर्न सुदुरपश्चिम प्रदेश सरकारले **"आत्मनिर्भरता उन्मुख  समृद्ध, सुदूरपश्चिम"**" लक्ष्यका साथ प्रदेशको प्रथम पञ्चवर्षीय आवधिक योजनाको तर्जुमा गरेको छ । योजनाबद्ध विकासका लागि तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान गर्ने र त्यसका आधारमा विषय केन्द्रित रणनीति र व्यवहारिक कार्यनीति सहितको योजना आवश्यक पर्दछ। त्यसैले यस गाउँपालिकाले पनि सोह्रौं योजना तथा सुदुरपश्चिम प्रदेशको प्रथम पञ्चवर्षीय योजनाका आधारमा ती योजनाका लक्ष्य तथा उद्देश्यहरू प्राप्ती हुने गरी आफ्नो पहिलो पञ्चवर्षीय योजना तयार पारेको छ। योजनाहरूलाई तथ्य र प्रमाणमा आधारित र नतिजामुखी बनाउन हरेक आयोजनाको नतिजा खाका विकास गर्ने र पालिकाले कार्यान्वयन गरेको योजनाको नियमित रूपमा मूल्याङ्कन गरी उपलब्धि सार्वजनिक गर्ने व्यवस्थाको विकास गर्न पनि आवश्यक भएको छ।

राज्य पुनर्संरचना मार्फत मार्मा गाउँपालिकाको स्थापना भएसँगै यस गाउँपालिकाले प्रचलित कानून तथा ऐन वमोजिम योजना व्यस्थापन गरी योजनाबद्ध विकासको सुरुआत गरेको छ । उपाध्यक्षको संयोजकत्वमा रहेको राजस्व परामर्श समितिको सिफारिसमा गाउँ सभाद्वारा बार्षिक नीति तथा कार्यक्रम अनुमोदन गरी बार्षिक योजना तर्जुमा तथा बजेट विनियोजन गर्ने नियमित परम्परा रहेको छ भने निर्माणाधीन आवधिक योजनाले योजनाबद्ध विकासमा थप योगदान हुने अपेक्षा गरिएको छ । स्थानीय तह गठन भए पश्चात् स्थानीय विकास अवधारणा अनुरूपका प्राथमिक कामहरू शुरुवात भएका छन् । आर्थिक वर्ष २०७३/७४ मा स्थानीय रूपमा वित्तीय कारोबार सीमित रहेको थियो भने आ.व. २०७४/७५, आ.व. २०७५/७६, आ.व. २०७६/७७, आ.व. २०७७/७८, आ.व. २०७८/७९, आ.व. २०७९/८० को लागि पूरा अवधिको बजेट तर्जुमा गरी कार्यान्वयन गरिएको छ भने आर्थिक वर्ष २०८०/८१ को बजेट कार्यान्वयनको अन्तिम क्रममा रहेको छ ।

राष्ट्रिय योजना आयोग र प्रदेश नीति तथा योजना आयोगसँग नियमित रूपमा परामर्श गरी नीति तथा योजना तर्जुमा गर्ने र कार्यक्रमहरूको वर्गीकरण गर्ने वातावरण बन्न नसकिरहेको अवस्थामा योजना व्यस्थापनमा समस्या रहेको छ। आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा आयोजना बैंकको तर्जुमा नहुँदा मार्मा गाउँपालिकाको योजना व्यवस्थापन अपेक्षाकृत छैन। योजना तर्जुमालाई मार्गनिर्देश गर्न आवश्यक खण्डीकृत तथ्याङ्कको उपलब्धता नहुनु, पर्याप्त जनशक्ति, भौतिक संरचना र बजेटको अभाव रहनु तथा कर्मचारीहरूको स्थायित्व नहुनु पनि यहाँका योजना व्यवस्थापनका चुनौतीहरू हुन् । नियमित अनुगमनले विकास कार्यक्रम र आयोजनाहरूको नतिजा खोज्ने र कार्यान्वयन गर्ने पक्षलाई बढी जिम्मेवार बनाउनुको साथै जवाफदेही पनि बनाउँछ। नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयनको सुनिश्चितताका लागि अनुगमन तथा त्यसबाट प्राप्त नतिजाको विश्लेषणका लागि मूल्याङ्कनको आवश्यकता पर्दछ। विकास आयोजनाहरूबाट, निर्धारित समयावधि भित्र निश्चित उपलब्धि तथा लागत अनुसारको प्रतिफल प्राप्त भए/नभएको यकिन गर्न सशक्त एवम् निष्पक्ष अनुगमन तथा मूल्याङ्कनको व्यवस्था हुनुपर्दछ। मार्मा गाउँपालिकाले गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा शाखा प्रमुखहरूको नेतृत्वमा आवश्यकता अनुसार हरेक कार्यक्रमको अनुगमन गरिरहेको छ।

# परिच्छेद ३ – समष्टिगत योजना र स्रोत व्यवस्थापन

## ३.१ पृष्ठभुमि

नेपालको संविधानले आ-आफ्नो अधिकार क्षेत्र सहित संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकार रहने गरी राज्यको पुनः संरचना गरे अनुरूप तीनै तहका सरकारहरु आ-आफ्नो तहमा क्रियाशील छन् । संविधानले राज्य सञ्चालनका लागि ७५३ स्थानीय तहको व्यवस्था गरको छ। तीमध्ये एक हो मार्मा गाउँपालिका। स्थानीय तहको एकल तथा प्रदेशसँगको साझा गरी वर्तमान संविधानको अनुसूची ८ र ९ मा राज्यशक्तिको प्रयोग गर्नेगरी अधिकारको व्यवस्था भएको छ ।

नेपालको संविधान, संघ तथा प्रदेश सरकारका दीर्घकालीन सोचलाई आत्मसात् गर्दै जनताको आवश्यकता, गाउँपालिकाको क्षमता तथा स्थानीय यथार्थताका आधारमा गाउँपालिका भित्रका जनताका आधारभूत र

बदलिदो परिवेशका आवश्यकताहरुलाई मध्यनजर गर्दै समावेशी विकासको अवधारणालाई समेत ध्यानमा राखी मार्मा गाउँपालिकाले यो आवधिक योजना आ.व. २०८२/०८३-२०८६/०८७ तयार गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा स्थानीयस्तरको आर्थिक, सामाजिक तथा पूर्वाधार विकासका लागि विषय क्षेत्रगत आवधिक रणनीतिक योजना बनाइ कार्यान्वयन गर्ने व्यवस्था गरेको छ। सोही जिम्मेवारी पूरा गर्दै जनताको जीवनस्तरमा सुधार ल्याउन मार्मा गाउँपालिकाका विकासका सम्भावनाहरुको आधार तथा नेपाल सरकारले आन्तरिकीकरणमा जोड दिएको दिगो विकासका लक्ष्यहरुलाई समेत आधार मानी विकासमा लगानीको अभिवृद्धिको माध्यमबाट आगामी ५ वर्षभित्र गाउँपालिकामा सामाजिक न्याय सहितको शिक्षित, स्वस्थ तथा समृद्ध र विभेद रहित समाजको सिर्जना गर्न तथा उच्च आर्थिक वृद्धि गर्दै गाउँबासीको जीवनस्तरमा सुधार ल्याउने लक्ष्यका साथ यो आवधिक योजना तयार पारिएको हो ।

## ३.२ अवसर/सम्भावना र समस्या/चुनौती

### १. आर्थिक विकासका अवसर र चुनौती

### १.१ कृषि

**तालिकाः कृषि विकासको अवसर तथा सम्भावना**

| अवसर र सम्भावना | समस्या तथा चुनौती |
|---|---|
| गाउँपालिका प्रोफाइल अनुसार कुल श्रमयुक्त जनशक्ति ४८१५ जना मध्ये ३८८७ जना अर्थात् ८१% मुख्य पेशाको रूपमा कृषि, पशुपालन तथा फलफूल खेती गर्दै आएको अवस्था छ । कृषिलाई थप सिँचाइको व्यवस्था सहित यान्त्रिकरण गरी व्यावसायिक उत्पादन तथा बजारीकरणको प्रयास गर्दा उत्पादन बढाउन सक्ने सम्भावना प्रशस्तै छ ।<br><br>बाकी रहेको निष्कृय जनसङ्ख्यालाई सक्रिय गराएर हाल खेती गर्न छाडिएको जमिनको समेत उपयोग गरेर आधुनिक तथा वैज्ञानिक कृषि प्रणाली अपनाएर माटो सुहाउँदो र बजारको मागमा आधारित उच्च मूल्यका बालीहरुको विकास गरी कृषि विकासको क्षेत्रमा प्रशस्त विकास गर्न सकिने सम्भावना छ। पालिकामा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य | कृषिमा सिँचाइको अभावका कारण जीविकोपार्जन जटिल भै जमीन बाँझो राख्ने क्रम बढदै गएको अवस्था यस पालिकामा तड्कारो रूपमा देखिएको छ । गाउँपालिकाका कृषि विकासका सम्भावनाका बाबजूद जंगली जनावरसँगको द्वन्द्व, कृषिको मूल्य श्रृङ्खलाको सबलीकरण तथा बजार सञ्जालको विकास नहुँदा किसानहरु कृषि पेशाबाट पलायन हुँदै जानु, उत्पादकत्व बढाउने प्रयास नहुनु, परम्परागत बालीहरु लोप हुँदै जानु, कृषकमा व्यावसायिक तथा उत्पादनको बजारीकरणबारे ज्ञान कम हुनु, ३४.५ प्रतिशत जमिन मात्र १२ महिना सिँचाइको सुविधा हुनु, कृषिमा यान्त्रिकरण र आधुनिकीकरण नहुनु र आपूर्ति श्रृङ्खलाको दिगो व्यवस्थापन नहुनु जस्ता यस पालिकाभित्रका कृषिसँग जोडिएका चुनौती हुन् ।<br>त्यसैगरी, परम्परागत कृषि प्रणालीमा भर पर्नु, उच्च मूल्यका बाली छनोट गरी बढी लाभको क्षेत्रको उपयोग |

| अवसर र सम्भावना | समस्या तथा चुनौती |
|---|---|
| नगदे तरकारी बाली, फलफुल, उखु, तोरी, तरकारी, मसला तथा जडीबुटी र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मुल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकता अनुसार वृद्धि हुन सकेको छैन । जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। | गर्न नसक्नु, भएका खेतीमा पनि लागत लाभको दृष्टिकोणमा खेती प्रणाली खर्चिलो हुनु, स्थानीय रैथाने जातको वस्तुको संरक्षण हुन नसक्नु, पकेट खेती विकास कार्यक्रम राम्रोसँग नहुनु एवं प्रवर्द्धनात्मक उपलब्ध कार्यक्रम सञ्चालन नहुनु यस क्षेत्रका प्रमुख समस्या रहेका छन् । यहाँ रहेको अत्यन्त उर्वर भुमिमा वस्ती विकास तथा अन्य भौतिक पुर्वाधार निर्माणले गर्दा खेतीयोग्य भुमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ती कमशः क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ । जलवायु परिवर्तनको असरका कारण बालीमा देखापर्ने हानिका कारण झार तथा किराहरुको प्रकोप लगायत पोषण र पानी सम्बन्धी जोखिममा वृद्धि भइरहेको छ । |

## १.२ पशुपक्षी विकास

**तालिका पशुपक्षी विकासको अवसर तथा सम्भावना**

| अवसर र सम्भावना | समस्या तथा चुनौती |
|---|---|
| यो गाउँपालिकामा अधिकांश पहाडी र केही मैदानी भाग रहेको अवस्था छ । यो भौगोलिक अवस्थामा पशु आहाराका लागि चरन तथा घाँस पाइने अवस्था रहेको हुन्छ । बाखा, कुखुरा तथा अन्य पशुजन्य उत्पादन जस्तै मासु तथा दुग्धजन्य उत्पादनलाई बजारीकरणका लागि ७२ वटै बस्तीमा १२ महिना यातायातको सुविधा र बाटो घाटोको अवस्था राम्रा हुने कम रहेको हुँदा पशु पालक व्यावसायिक कृषकको संख्या वृद्धि गर्दै हाल भैरहेको पशुपक्षी संख्यामा वृद्धि गरी बजारीकरण गर्ने सकिने सम्भावना प्रशस्त रहेको अवस्था छ । | यस गाउँपालिकाभित्र पशुपक्षी उत्पादनका केही समस्या तथा चुनौती छन्, जस्तैः पशुपालनतर्फ उन्नत जातको गाईभैंसी, बाखापालन नहुनु, आधुनिक किसिमको गोठ, खोरको व्यवस्थामा अझै कमी, उन्नत घाँसको व्यवस्था नहुनु तथा दक्ष प्राविधिकको सेवा विस्तार हुन नसक्नु, सरल कर्जाको व्यवस्था नहुनु, उत्पादकत्व वृद्धि, बजार को सञ्जाल निर्माण, उत्पादनमा संलग्न किसानहरुको व्यावसायिक दक्षता अभिवृद्धि जस्ता कार्य अझै पनि चुनौतीको रूपमा रहिरहेको छ । कुना काप्चामा एग्रोभेटको अभाव, उन्नत जातको घाँसहरुको कमी, दक्ष जनशक्तिको अभाव, पशु स्वास्थ्य उपकरणको कमी, नस्ल सुधारको अझै कमी, भेटेरीनरी प्रसार सेवाको कमीजस्ता पक्ष पनि थप समस्याको रूपमा रहेका छन् । |

## १.३ सिँचाई

**तालिका सिँचाई विकासको अवसर र सम्भावना**

| अवसर र सम्भावना | समस्या र चुनौती |
|---|---|
| यस गाउँपालिकामा सिँचाईको लागि उपयुक्त हुने खालका १२ महिना जल प्रवाह हुने खोलानाला तथा मुहानहरु  भएका कारण ज्यादै साना साना सिँचाइ सुविधा विस्तार गर्न सम्भव रहेको अवस्था छ । पहाडी उच्च भेगमा थोपा सिँचाइ, प्लास्टिक पोखरी, रिचार्ज पोखरी जस्ता प्रविधिबाट सिँचाइ गर्न सकिने छ । | संचालित सबै सिँचाइ आयोजनाको नियमित रूपमा मर्मत सम्भार नहुनु, सिँचाइका स्रोतहरुको संरक्षण नहुनु एवं सिँचाइ सुविधाबाट वञ्चित क्षेत्रका लागि वैकल्पिक सुविधाको कमी मुख्य चुनौतीको रूपमा रहेको देखिन्छ । त्यसैगरी, पालिकाको तल्लो तटमा मात्र ज्यादातर पानीको स्रोत भएको हुँदा लिफ्ट गरेर ल्याउँदा सिँचाइको विकास गर्न बढी महँगो र बढी समय लाग्ने अवस्था छ । |

## १.४ उद्योग तथा बाणिज्य

**तालिका उद्योग, वाणिज्य विकासको अवसर र सम्भावना**

| अवसर र सम्भावना | समस्या तथा चुनौती |
|---|---|
| यो पालिकाभित्र उच्च मूल्यका बाली विभिन्न प्रकारका जडीबुटी, सिमी, आलुलगायत नगदे बाली उत्पादन भई रहेको तथा तिनीहरुको व्यापक रुपमा व्यावसायिक उत्पादन गर्न सकिने सम्भावना रहेको तथा फलफूलको पनि उत्पादन भई रहेको हुँदा स्थानीय स्रोत तथा सीप, बजारको माग र सम्भावित उद्यमीको चाहनाको तालमेलमा एकीकृत सेवाहरुको अवधारणा, जस्तैः १) उद्यम विकासका लागि पूर्व तयारी, जस अन्तर्गत, स्रोत साधनको सर्वेक्षण, लक्षित समूह पहिचान, बजारको माग अद्यावधिक गर्ने जस्ता कार्यहरु र सामाजिक परिचालन अन्तर्गत गा.पा. वडा तथा बस्तीस्तरको अभिमुखीकरण आदि । २) उद्यमशीलता विकास ३) प्राविधिक सीप विकास ४) वित्तीय सेवामा पहुँच ५) उपयुक्त प्रविधिमा पहुँच, तथा ६ उत्पादनहरुको बजारीकरण र केही वर्षसम्म निरन्तर प्राविधिक सेवा प्रवाह जस्ता सेवालाई उद्यम विकास सहजकर्तामार्फत सेवा दिई स्थानीय स्रोत साधनमा आधारित उद्यम व्यवसाय सिर्जना गर्ने सम्भावना प्रशस्त छ । | उद्योग तथा व्यवसाय सञ्चालनसम्बन्धी पर्याप्त सीप तथा जानकारीको कमी हुनु, उद्योग सिर्जना, विकास र सञ्चालनसम्बन्धी एकीकृत सेवा प्रवाह नहुनु, तालिम पर्याप्त नहुनु, परम्परागत व्यवसायलाई आधुनिकीकरण गर्न नसक्नु, उद्योग सञ्चालनका लागि वित्तीय पहुँच नहुनु तथा स्थानीयस्तरमा दक्ष जनशक्तिको उपलब्धता नहुनु प्रमुख समस्याको रूपमा रहेको देखिन्छ । त्यसैगरी, पालिकामा सालना भित्रीरहेको विप्रेषण रकम पाउने परिवारलाई समेटी उत्पादनमूलक कार्यमा परिचालन गर्न नसक्नु र उत्पादनमुखी बजारको व्यवस्थापन नहुनु, व्यावसायिक परामर्श सेवा तथा सूचनाको कमीजस्ता विषय उद्योग, व्यवसाय विकासको प्रमुख चुनौतीको रूपमा रहेका छन् । |

## १.५ पर्यटन

**तालिका पर्यटन विकासको अवसर तथा सम्भावना**

| अवसर र सम्भावना | समस्या तथा चुनौती |
|---|---|
| मार्मा गाउँपालिका संस्कृतिको हिसाबले धनी गाउँपालिका हो । सामाजिक हिसाबमा पनि ब्राह्मण, क्षेत्री, ठकुरी, दलित लगायत विविध जातजाति तथा भाषा एवम् संस्कृतिको धनी यी जातजातिहरूका- आफ्नो परम्परा, रीतिरिवाज, धर्म, भाषा, भेषभूषा, रहनसहन, खानपीन, जात्रापर्वहरू जोगाउन लागेका छन् । गाउँपालिकामा मनाइने प्रमुख चाड दसैं, तिहार, माघे संक्रान्ति, तिज आदि पर्दछन् । ऐतिहासिक पर्यटन प्रवर्द्धन गर्न यहाँ रहेका प्राचीन र ऐतिहासिक सम्पदाहरुको संरक्षण, स्तर वृद्धि तथा यहाँका पर्व तथा मेलाहरुलाई पर्यटन प्रवर्द्धनमा उपयोग गर्न सकिने अवस्था छ ।यस पालिका भित्र रहेको लटिनाथ मन्दिर र तपोवनमा रहेको तातोपानी दार्चुला जिल्लाकै महत्वपूर्ण धार्मिक क्षेत्रको रुपमा परिचित रहेको छ। शिवरात्रि र माघे संक्रान्तिको दिन तातोपानी क्षेत्रमा मानिसहरुको घुइचो लाग्ने गर्दछ । | ऐतिहासिक एवं धार्मिक क्षेत्रको संरक्षण एवं प्रवर्द्धन प्रभावकारी नहुनु, पर्यटकीय क्षेत्रको पहिचान एवं सम्भावनाका लागि कुनै योजना नहुनु, व्यवस्थित रूपमा होमस्टे लगायत पर्यटकीय सुविधाहरुको उपलव्धतामा कमी, सुरक्षित पर्यटनप्रति आश्वस्त पार्न नसक्नु एवं व्यवस्थित होटल नहुनु, पर्यटन प्रवर्द्धनको निम्ति आवश्यक नीति नियम तथा ज्ञानको अभाव, पर्यटकीय विकासको लागि आवश्यकीय सूचना, बाटोघाटोको सुविधा, पानी, धारा, पथ प्रदर्शकहरु होटल -व्यवसाय, बैंक, वित्तीय संस्था आदिको अभाव प्रमुख समस्याको रूपमा रहेकोले ती विषयले पर्यटन विकासको लागि नकारात्मक असर पारेको स्थिति रहेको छ । |

## १.६ वित्तीय सेवा

**तालिका वित्तीय सेवाको अवसर र सम्भावना**

| अवसर र सम्भावना | समस्या तथा चुनौती |
|---|---|
| बढ्दो आर्थिक गतिविधि, कृषि तथा पशुपन्छीको वसायीकरणका योजनाका कारण वित्तीय संस्थाको आवश्यकता र यिनीहरुको औचित्य सावित हुँदै गएको छ । पालिकामा ३ वटा मात्र वित्तीय संस्था भए तापनि केही थप वित्तीय संस्थाको आवश्यकता पर्न गएको हुँदा केही सहकारी स्थापना गरी सहकारीमा आबद्धता बढाउन सकिने सम्भावना रहेको छ भने सहकारीमा आबद्ध भएका आम सदस्यहरुलाई सहकारी शिक्षा प्रदान गरी सहकारीको विकास गर्न सकिने सम्भावना प्रशस्त छ । | वित्तीय सेवा सञ्चालनमा कर्मचारी एवं पदाधिकारीहरुको क्षमतामा कमी, वित्तीय संस्थाहरुको नियमित एवं प्रभावकारी अनुगमन नहुनु, वित्तीय संस्थाबाट लिईने ऋणको सदुपयोग हुन नसक्नु एवं व्यवसायको लागि ऋणको जोखिम, ऋण उठाउने क्षमतामा कमी, स्थानीय व्यक्तिहरुमा आम्दानी तथा बचतको भावनामा अत्यन्तै कमी रहनु यस क्षेत्रको विस्तारका लागि प्रमुख चुनौतीको रूपमा रहेका छन् । |

## १.७ श्रम तथा रोजगारी

**तालिका श्रम तथा रोजगारी विकासको अवसर र सम्भावना**

| अवसर र सम्भावना | समस्या तथा चुनौती |
| --- | --- |
| पालिकाको बजेटको आकार अनुसार सालाना सरदर ५० प्रतिशत भन्दा बढी बजेट विभिन्न पूर्वाधार विकासमा खर्च हुने गर्दछ । सामान्यतया यस्तो खर्चमा ३० देखि ६० प्रतिशत रकम कामदार खर्च हुन आउँछ । त्यसैगरी, विकास निर्माणको कामको लागि प्रधानमन्त्री रोजगार कार्यक्रममा पनि बजेट उपलब्ध हुने गर्दछ । तर निर्माण कार्यमा उपकरणको अत्यधिक प्रयोगले जमिनमा विपद् ल्याएको अवस्था छ भने अर्कोतर्फ हातमा सीप भएर पनि रोजगारीको अभावमा युवा शक्ति गाउँ नै खाली गरी विदेशिनु परेको अवस्था छ । तसर्थ, यस्ता विकास निर्माण कार्यमा डोजर तथा स्काभेटरहरुको उपयोगलाई कम गर्दै सोको बदलामा श्रमिक उपयोग गर्दा केही महँगो भएता पनि स्रोतको वितरण गरिब तथा विपन्न वर्गसम्म पुग्न सक्ने अवस्था छ । तसर्थ, यसलाई अवसरको रूपमा उपयोग गरी स्वदेशमै रोजगारी सिर्जना गर्ने कार्यलाई प्राथमिकता दिन सकिन्छ ।<br>त्यसैगरी, बेरोजगार युवा युवतीलाई रोजगारमूलक सीप विकास तालिम दिएर पनि रोजगारी सिर्जना गर्न सकिने सम्भावना छ । | निर्माणको बजेट उपकरण लक्षित हुनु, रणनैतिक हिसाबबाट रोजगारी सिर्जनामा ध्यान नपुग्नु, हातमा सीप भएर पनि रोजगारीको अभावमा युवाशक्ति गाउँनै खाली गरी विदेशिनु परेको अवस्था हुनु उत्पादन केन्द्रित योजनाहरु बन्न नसक्नु श्रम, रोजगारी तथा खाद्य सुरक्षाका चुनौतीका रूपमा रहेका छन् । |

## २. सामाजिक विकासका अवसर र चुनौती

### २.१ शिक्षा

**तालिका शिक्षा विकासको अवसर र सम्भावना**

| अवसर र सम्भावना | समस्या तथा चुनौती |
| --- | --- |
| मार्मा गाउँपालिकाको समृद्धिका लागि शैक्षिक विकासका क्षेत्रमा गाउँपालिकामा भएका सम्भावना, अवसर र विद्यमान अवस्थासहित समस्या तथा चुनौती पहिचान गरिएको छ। यस गाउँपालिकामा उपलब्ध शिक्षा संरचनाको अवस्था केही हदमा राम्रो भए पनि कतिपयको संरचना थप तथा सुधार गर्नुपर्ने र केही विद्यालयमा शिक्षक दरबन्दीको थप व्यवस्था गर्नु पर्ने अवस्था छ। यस गाउँपालिकाको शिक्षा क्षेत्रमा स्तरोन्नति गर्न कक्षाकोठालाई प्रविधिसँग जोड्ने, इ-लाइब्रेरीको स्थापना लगायत कार्य गरी शिक्षामा सुधार गर्न | शिक्षाको पूर्वाधारको अवस्था राम्रो भए तापनि विद्यालय जाने उमेरका ४१२० बालबालीकामध्ये अझै पनि १९५ बालबालीका विद्यालय नगएको अवस्था छ (गाउँपालिका प्रोफाइल, २०८०) भने पढ्न लेख्न नसक्ने अझै पनि १२ प्रतिशत छन्। अधिकांश शिक्षण संस्थाहरुलाई प्रविधिसँग जोडिन नसकेको अवस्था छ । प्राविधिक शिक्षालयको अभावका कारण प्राविधिक शिक्षा विकासमा चुनौतीको रूपमा छ।एक अनुमानअनुसार यस गाउँपालिकाकम विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु कक्षा दोहोर्‍याउने प्रवृत्ति बढी हुनु, दलित, आदिवासी जनजाति भर्नादर न्यून हुनु, दलित, आदिवासी जनजाति विद्यालय छाड्ने दर बढी हुनु विद्यालय आर्थिक रूपले कमजोर हुनु, अभिभावक चनाखो नहुनु, शिक्षक दरबन्दी कम हुनु, शिक्षामा राजनीतिकरण हुनु, शिक्षकमा प्रतिबद्धताको कमी, आधुनिक प्राविधिको प्रयोग |

| | |
|---|---|
| सकिने सम्भावना छ । | नहुनुजस्ता शिक्षाका समस्या यस पालिकाभित्र विद्यमान छन् । |

## २.२ स्वास्थ्य तथा पोषण

**तालिका स्वास्थ्य तथा पोषण विकासको अवसर र सम्भावना**

| अवसर र सम्भावना | समस्या तथा चुनौती |
|---|---|
| सामाजिक विकासलाई गुणस्तरीय जीवनयापनको आधारको रूपमा लिई संघ सरकार, प्रदेश सरकार र विकास साझेदार संस्थासँगको सहकार्य र समन्वयमा स्थानीय सरकारले अर्थपूर्ण प्रयास गर्न सक्ने गर्नुपर्ने रहेको छ। तसर्थ, मार्मा गाउँपालिकाको समृद्धिका लागि स्वास्थ्य तथा पोषण क्षेत्रमा गाउँपालिकामा भएका सम्भावना, अवसर र विद्यमान अवस्थासहित समस्या तथा चुनौती पहिचान गरिएको छ। | पालिकाभित्रको जनसङ्ख्याको अनूपातमा स्वास्थ्य संस्था कम रहेको छ। अस्पतालको अभावले कतिपय बिरामीहरुलाई थप उपचारको लागि अन्यत्रै पुग्नु पर्ने अवस्था छ। स्वास्थ्यका हिसाबले हानिकारक रहेको इन्धनका लागि दाउरा बाल्ने परिवार अत्यधिक रहनु यो पालिकामा स्वास्थ्यको बढी समस्याको रूपमा रहेको छ। गाउँपालिका प्रोफाइल अनुसार कूल २८०३ परिवारमध्ये २३४५ परिवार (८३.७ प्रतिशत) परम्परागत अगेनोमा खाना पकाउने हुनु, २३३ परिवार अझै असुरक्षित कुवा र खोलाको पानी पिउनु पर्ने अवस्थामा हुनु, कतिपय विद्यालयमा अझै व्यवस्थित शौचालय नहुनु र यथेष्ट रूपमा सार्वजनिक शौचालयको अभाव पनि स्वास्थ्यसँग जोडिएका चुनौती छन् । |

## २.३ खानेपानी तथा सरसफाई

**तालिका खानेपानी तथा सरसफाई विकासको अवसर र सम्भावना**

| अवसर र सम्भावना | समस्या तथा चुनौती |
|---|---|
| बढ्दो स्वास्थ्यसम्बन्धी चेतना, उपलब्ध बजेट तथा स्थानीय खोलानाला तथा अन्य प्राकृतिक स्रोतमा आधारित पानीका मुहानको उपलब्धता तथा ग्राभिटी फ्लोको सम्भावना नरहेका स्थानमा लिफ्ट गर्न समेत नदीको उपलब्धताले गर्दा एक घर एक धाराको अवधारणालाई साकार गराउन सकिने सम्भावना छ । साथै, फोहर व्यवस्थापनलाई पनि नसड्ने प्लास्टिकजन्य फोहोरलाई सङ्कलन गर्न बाटोको सुविधा भएका कारण फोहोर एकत्रित गर्न सकिने र सड्ने प्रकारका फोहरलाई कम्पोस्ट बिन राखी जैविक मल तयार गर्न सकिने प्रशस्त सम्भावना रहेको छ । व्यक्तिगत सरसफाइको सचेतनाका लागि महिला स्वास्थ्य स्वयम् सेविकाहरुको परिचालनबाट | अधिकांश घरहरुमा पानीको पहुँच भएर पनि पानीको शुद्धताको सोच नहुनु, अझै पनि २३३ परिवार कुवा तथा खोलाको पानीमा भर पर्नु पर्ने अवस्था रहनु चुनौतीपूर्ण छ । २३२३(८३%) परिवारले मात्र शौचालय प्रयोग गर्ने गरेको अवस्थामा खानेपानी तथा सरसफाइमा सबैको पहुँच पुर्‍याउने लक्ष्य यस क्षेत्रका थप चुनौती हुन् । |

| | |
|---|---|
| सम्भावना रहेको अवस्था छ । | |

## २.४ युवा तथा खेलकुद

**तालिका युवा तथा खेलकुद विकासको अवसर तथा सम्भावना**

| अवसर र सम्भावना | समस्या तथा चुनौती |
|---|---|
| खेलकुदका लागि युवाहरुको तन्दुरुस्तीको विकासका लागि अवश्यक पर्ने कुरा हो। यसले क्षमताको उपोग गरी प्रतिस्पर्धामा जान सक्ने वातावरण पनि बनाउने भएको हुँदा यसको योजना सामाजिक विकासकै कमको रूपमा बनाउनु जरुरी रहन्छ। युवाहरुको खेलकुद प्रति बढ्दो उत्साहलाई प्रशस्त मात्रामा सम्बोधन गर्न सकिने अवस्था छ। यस पालिका भित्रका खेल मैदानका अतिरिक्त अन्य क्षेत्रमा पनि खाली स्थानहरुको उपलब्धता भएको हुँदा आवश्यक पूर्वाधार सहितका खेलमैदान निर्माण गर्ने सम्भावना प्रचुर मात्रामा छ। यस पालिकाका सबै वडामा कभर्ड हल र भलिवल मैदान बनाउने तथा पालिकाभरिमा एक बृहत्तर खेलमैदान बनाइ खेलकुद क्षेत्रको विकास गर्ने सम्भावना रहेको अवस्था छ । | समग्रमा भन्नुपर्दा बालबालीका एवम् युवा जनशक्तिको स्वास्थ्य शारीरिक विकासको लागि नभई नहुने खेलकुदको क्षेत्रमा अत्यन्त न्यून लगानी हुने गरेको देखिन्छ। विगतमा निर्मित खेलकुद सम्बन्धी पूर्वाधारहरूको मर्मत गर्न पनि निकै ठूलो लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ। यस क्रमलाई केन्द्रीय र स्थानीय सरकारले सहकार्य र साझेदारीको रूपमा विकसित गर्दै लैजानुपर्ने देखिन्छ। |

## २.५ कला तथा संस्कृति

**तालिका कला तथा संस्कृति विकासको अवसर तथा सम्भावना**

| अवसर र सम्भावना | समस्या तथा चुनौती |
|---|---|
| नेपालको संविधानले सभ्य संस्कृतिको विकास र सांस्कृतिक विविधता कायम राख्दै सम्पदाको संरक्षणलाई राज्यको निर्देशक सिद्धान्त तथा नीतिमा समावेश गरेको छ। सभ्य संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्नु आजको मुख्य आवश्यकता रहेको छ। सांस्कृतिक विविधता कायम राख्दै ऐतिहासिक, पूरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, संबर्द्धन र विकास गर्ने स्थानीय सरकारको रुपमा रहेका गाउँपालिकाको महत्वपूर्ण जिम्मेवार रहेको देखिन्छ। तसर्थ, यस मार्मा गाउँपालिकाले सम्पदा तथा सांस्कृतिक क्षेत्रमा गाउँपालिका क्षेत्रमा भएका सम्भावना, अवसर र विद्यमान अवस्था सहित | पालिकाभरि यत्रतत्र छरिएर रहेका सम्पदा, कला तथा स्थानीय रीतिरिवाजहरु कमशः लोप हुँदै जानु, युवा पुस्ता आधुनिकताका नाममा विदेशी संस्कार तथा रिवाज प्रति आकर्षित हुँदै जानु कला तथा संस्कृति क्षेत्रका विशेष चुनौती हुन्। त्यसै गरी १० वर्षे जनयुद्धका ऐतिहासिक घटनाकम र घटनास्थलहरुको संरक्षण र विकासको अभाव हुनु पनि अर्को चुनौतकिो पाटो रहेको अवस्था छ\| |

| | |
|---|---|
| तिनीहरुको संरक्षण र प्रवर्द्धन गर्न सकिने सम्भावना प्रचुर मात्रामा छ । | |

## २.६ लक्षित समूह विकास

**तालिका लक्षित समूह विकासको अवसर र सम्भावना**

| अवसर र सम्भावना | समस्या तथा चुनौती |
|---|---|
| सामाजिक न्याय तथा सामाजिक सुरक्षामा सबैको पहुँच कायम गर्दै स्वस्थ तथा सभ्य संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्नु आजको मुख्य आवश्यकता रहेको छ। सामाजिक विकासलाई गुणस्तरीय जीवनयापनको आधारका रूपमा लिई संघ सरकार, प्रदेश सरकार र विकास साझेदार संस्थासँगको सहकार्य र समन्वयमा स्थानीय सरकारले अर्थपूर्ण प्रयास गर्नु पर्ने आवश्यकता रहेको छ। तसर्थ, मार्मा गाउँपालिकाको समृद्धिका लागि शैक्षिक विकास, स्वास्थ्य तथा पोषण, खानेपानी तथा सरसफाइसँगै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जस्ता क्षेत्रमा गाउँपालिकामा भएका सम्भावना, अवसर र विद्यमान अवस्था सहित समस्या तथा चुनौती पहिचान गरिएको छ। बढ्दो विकासप्रतिको चासो र स्थानीय सरकार चाहिँ जनताको घरदैलोको सरकार भएको तथा स्थानीय सरकार साधन र स्रोतले सम्पन्न भएको हुँदा लक्षित समूह विकासका लागि स्रोतको अभाव नभै प्रभावकारी कार्यक्रमको अभाव मात्र भएको हुँदा लक्षित समुदायको विकास गर्ने अवसर प्रशस्त रहेको छ। | छरिएर रहेका, पछाडि परेका वा पारिएका लक्षित समुदाय तथा जेष्ठ नागरिक र फरक क्षमता भएकाहरुलाई उनीहरुको बसाइका कारण फरक फरक आवश्यकता तथा स्वतःस्फुर्त रूपमा अगाडि बढ्ने तत्परताका अभावको कारण विकासको मूल प्रवाहमा समेट्न कठिन पर्ने र यस्तालाई सम्बोधन गर्न सामान्य कार्यहरुबाट सम्भव नहुने हुँदा विशेष प्रकारका योजनाहरु तयार गर्नु जरुरी पर्न गएको छ। |

# ३. पूर्वाधार विकास

## ३.१ सडक, ढल तथा पुलपुलेसा विकास

**तालिका सडक, ढल तथा पुलपुलेसा विकासको अवसर र सम्भावना**

| अवसर र सम्भावना | समस्या तथा चुनौती |
|---|---|
| मार्मा गाउँपालिकाभित्रका जनताको आवश्यकता, उपलब्ध बजेट र पर्यटन तथा कृषिको व्यावसायीकरणले गर्दा गाउँपालिकाको समष्टिगत आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाह गर्न भौतिक पूर्वाधार विकास क्षेत्रको भूमिका | अधिकांश भिरालो पहाडी भू-भाग भएको यस गाउँपालिका क्षेत्रमा |

| अवसर र सम्भावना | समस्या तथा चुनौती |
|---|---|
| प्राथमिक तथा महत्वपूर्ण हुन्छ। भौतिक विकास पूर्वाधारले अन्तरआवद्धता, अन्तरसम्बन्ध विकासद्वारा, बजार सूचना, सेवा सुविधाको स्तर, पहुँच र उपयोग जस्ता विकास प्रतिफलको नतिजा हासिल प्रत्यक्ष योगदान गर्दछ। तर पूर्वाधार विकास र विस्तारबाट दिगो लाभ लिन पूर्वाधारको दिगो सञ्चालनका साथसाथै, वातावरणमा पर्ने नकारात्मक असरलाई न्यून गर्न वातावरण संरक्षणका उपायहरु अवलम्बन जरुरत पर्दछ। विकास प्रतिफललाई सकारात्मक दिशातर्फ उन्मुख गराउन तथा अपेक्षित नजिता हासिल गर्न पूर्वाधार विकास क्षेत्रमा मूलतः सडक पुल तथा यातायात क्षेत्रको विकास गर्न ५ वर्षका लागि .............................बजेट विनियोजन गरेको र आवश्यकता अनुसार थप विशेष अनुदान पनि पाउन सक्ने अवस्था भएको, साथै, निर्माण कार्य गर्न आवतजावतमा पनि समस्या नभएको र स्थानीय श्रम शक्ति पनि भएको हुँदा योजनामा लिईएका लक्ष्य पूरा गर्ने सम्भावना प्रशस्तै छ। | सडक तथा पुल निर्माण तथा दिगो रूपमा सञ्चालन गर्न खर्च तथा घरातलीय हिसाबबाट चुनौतीपूर्ण रहेको छ र पहाडी भू-भागका कारण पानीको व्यवस्थापन तथा बाढी पहिरोले गर्दा सडक निर्माण र सञ्चालन अझै चुनौतीपूर्ण देखिन्छ । |

## ३.२ आवास तथा भवन

**तालिका आवास तथा भवन विकासको अवसर र सम्भावना**

| अवसर र सम्भावना | समस्या तथा चुनौती |
|---|---|
| बदलिँदो परिस्थतिमा मानिसमा सहरीकरणको प्रवृत्ति एकदमै बढेर गएको अवस्था छ। त्यसले गर्दा बस्तीहरु बाक्लिदै गएका र स्थानीय सरकारको जिम्मेवारी र जनताका आवश्यकता दुवैले एकीकृत सार्वजनिक सेवाहरुको माग गर्दै दवाव दिन्छन्। तसर्थ, यस्तो परिस्थितिमा सार्वजनिक सरोकारका भवनहरुको निर्माण र स्तरोन्नति अति नै जरुरी भएको छ र उपलब्ध बजेटबाट माग भएको सामुदायिक भवनहरुको निर्माण सम्भव रहेको अवस्था छ। लक्षित समुदायका लागि सामुदायिक आवसको अवधारणले यो क्षेत्रको विकासको सम्भावनालाई अझ खोलेको अवस्था छ । | सार्वजनिक सेवाहरुको सेवा प्रवाहमा गाउँपालिका भरीमा जम्मा.......वटा मात्र रहेका सामुदायिक तथा स्वास्थ्य सेवाका भवनहरुबाट सेवा राम्रोसँग प्रवाह गर्न असहज भएको अवस्था एकातिर छ, भने अर्कातिर विभिन्न सामुदायिक संस्थाहरुले सकिय रूपमा काम गर्न समस्या भैरहेको अवस्था छ । तर, माग भएअनुसारका सामुदायिक भवन निर्माण भए पनि ती भवन पूर्ण उपयोगमा आउदैनन् कि भन्ने आशंका कायमै छ । |

## ३.३ उर्जा र संचार

**तालिका उर्जा तथा संचार विकासको अवसर र सम्भावना**

| अवसर र सम्भावना | समस्या तथा चुनौती |
|---|---|
| गाउँपालिकाको समष्टिगत आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाह गर्न भौतिक पूर्वाधार विकास क्षेत्रको भूमिका प्राथमिक तथा महत्वपूर्ण हुन्छ । सोमध्ये एक हो भरपर्दो ऊर्जा र सञ्चारमा मा सबैको पहुँच । दिगो विकास लक्ष्य २०३० ले पनि धान्न सक्ने ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने लक्ष्य लिएको सन्दर्भ छ विद्युत तथा वैकल्पिक ऊर्जा र सूचना, सञ्चार र प्रविधि जस्ता विषयको विकासका सम्भावनाहरु प्रशस्तै छन् । खाना पकाउँदा अझै पनि २३४५ परिवारमा पूरा रूपमा दाउरा प्रयोग गर्ने भएको हुँदा सो को विस्थापन गर्न वैकल्पिक ऊर्जाको प्रवर्द्धन वा विद्युतको उपयोगलाई उत्प्रेरित गर्ने सम्भावना देखिन्छ । | गाउँपालिका प्रोफाइल २०८०, अनुसार यस पालिकामा अझै पनि २३४५ परिवारमा पूरा रूपमा दाउरा प्रयोग गर्नेबाहेकका अन्य परिवारले ग्याँस र मट्टीतेल प्रयोग गर्ने गरेका छन् । तसर्थ, बत्तीको लागि बिजुलीमा पहुँच पुग्न बाँकी ९६४ परिवारसम्म बिजुली पुर्‍याउन अझै चुनौती छ । त्यस्तै खाना पकाउन दाउरा प्रयोग गर्ने ८३.७ प्रतिशतलाई वैकल्पिक ऊर्जा, ग्याँस वा इन्डक्सनतर्फ मोड्न पनि सहज छैन । |

## ४. वन वातावरण तथा विपद व्यवस्थापनक अवसर र चुनौती

### ४.१ विपद व्यवस्थापन

**तालिका विपद व्यवस्थापन अवसर र सम्भावना**

| अवसर र सम्भावना | समस्या तथा चुनौती |
|---|---|
| प्राकृतिक प्रकोपहरुको घटना घट्ने समयको यकिन गर्न गाह्रो भएता पनि अन्य प्रकोपहरु आउने समय निश्चित सिजन वा अवधि हुने भएकोले समयमै सुरक्षाका उपायहरु अवलम्बन गरि सम्भावित मानबिय तथा भौतिक क्षति कम गर्न सकिन्छ। यस मार्मा गाउँपालिकामा विपद व्यवस्थापनको पूर्व तयारीको लागि विभिन्न कार्यहरु भइरहेका छन्। मेल्गाड खोला, चमेलिया नदि, न्वागाड खोला, घट्टेगाड खोला, बिन्थीखोला, काचुली खोला, दोगाडा खोला, रिल पहिरो लगायत बाढी पहिरोले भएको कटान नियन्त्रण गर्न तटबन्ध निर्माण गर्ने, पहिरो गएको र जानसक्ने सम्भावित ठाउँहरुमा वृक्षारोपण गर्ने, फोहोरमैला व्यबस्थापनका लागि डम्पिंग साइट निर्माणका | यो पालिकाको अधिकांश भाग पहाडी भू-वनोटमा रहेको तथा केही भाग नदीको तटीय क्षेत्रमा पर्ने, पहाडी भागबाट पनि थुप्रै खहरेहरु आउने भएका हुँदा यो गाउँपालिकाका अधिकांश भाग पहिरो र केही भाग बाढी जस्तो विपत्तिको जोखिममा रहेको अवस्था छ।खास गरी फगाम र फुलिवनमा पहिरोको अवस्था चिन्ताजनक छ।विपद्को पूर्वानुमान गर्ने मानवीय क्षमता र प्राविधिकको उपलब्धता एवं पूर्व तयारीका चुस्तदुरुस्त काम चुनौतीपूर्ण रहेको छ ।गरिवी र अव्यवस्थित बस्तीका कारणले पनि विपद्को जोखिम उच्च रहदै आएको अवस्थालाई कम गर्ने काम पनि निकै चुनौती पूर्ण छ।उद्धार, राहत र पुनर्स्थापनका लागि चाहिने जनशक्ति र पुँजीको परिचालन पनि चुनौती कै विषय हो।यस गाउँपालिकामा गएका वर्षहरुमा २०० परिवार विभिन्न प्रकारका प्राकृतिक प्रकोपबाट प्रभावित |

| | |
|---|---|
| लागि तयारी, गाउँपालिकामा प्रकोप व्यवस्थापन कोषको स्थापना तथा प्रकोप जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना निर्माण गर्न सकिन्छ । | भएका छन्।निर्माणमा वातावरणमैत्री उपकरहरु प्रयोग नहुनु, विपद् प्रतिकार्यका लागि विपद् व्यवस्थापन कोष ज्यादै न्यून रहनु विपद् व्यवस्थापनका चुनौती हुन्। |

### ४.२ वन तथा वातावरण संरक्षण

**तालिका वन तथा वातावरण विकासको अवसर र चुनौती**

| अवसर र सम्भावना | समस्या तथा चुनौती |
|---|---|
| खाली जमिन, प्रशस्त बाटाघाटा, नदी तटहरु र २४ वटा सामुदायिक वन समितिहरु भएका हुँदा यस्ता समितिहरुसँग कार्यगत एकता कायम गर्दै सडक किनारा, खाली जमिन र नदी तटहरुमा वृक्षरोपण गरेर र प्रत्येक वर्ष प्रत्यके घरले १० विरुवा रोप्ने वातावरण बनाएर मार्मालाई हराभरा बनाउन सकिने सम्भावना प्रशस्तै छ ।त्यस्तै, खाली तथा बुट्यान क्षेत्रलाई हटाई सो क्षेत्रमा हावापानी अनुकूलका जडीबुटी लगाई खाली क्षेत्रलाई आर्थिक र खोज अनुसन्धान केन्द्रको रूपमा विकास गर्न सकिनेछ । | वनसम्बन्धी कानुनको परिपालना, प्राकृतिक स्रोतमा स्थानीय समुदायको न्यायोचित पहुँच तथा वन र वातावरण वीचको अन्तरसम्बन्ध तथा अन्तरपुस्ता समन्वयबारे जनसाधारणमा स्पष्ट ज्ञान र तदनुकूल भूमिका निर्वाह गर्ने कार्यहरु चुनौतीको रूपमा रहेका छन् ।हराभरा मार्मा बनाउन वनको हैसियत सुधार र जलवायु परिवर्तन अनुकूलनमा पनि थुप्रै कार्यहरु गर्नु पर्ने छ । जलवायु परिवर्तनका हिसाबले कतिपय बालीनालीहरुको उत्पादनमा असर परेको छ भने पानीका मुहान सुक्ने तथा पानीको सतह घट्ने जस्तो अवस्था आइरहेको छ । |

## ५. संस्थागत विकास, सेवा प्रवाह र सुशासन

### ५.१ संस्थागत क्षमता विकास

**तालिका संस्थागत क्षमता विकासको अवसर र सम्भावना**

| अवसर र सम्भावना | समस्या तथा चुनौती |
|---|---|
| सामान्यतया क्षमता विकासलाई तीन आयाममा विश्लेषण गर्न सकिन्छ । सर्वप्रथम संस्थाको संरचनालाई दुरुस्त पार्नु पर्ने एउटा पाटो हो भने संरचनाको जिम्मेवारी अनुकूलन हुने गरी संस्थाको प्रणालीमा सुधार, आवश्यक मात्रामा नीति, नियम तथा कार्य प्रणालीहरुको विकास, आवश्यक संख्यामा मानव संसाधनको व्यवस्था जस्ता कुराहरु संस्थागत क्षमता विकासमा पर्ने हुँदा यस गाउँपालिकामा यस्तो प्रकारको प्रणालीमै | यस पालिकामा भौतिक स्रोत साधन पुग वा अपुगको अवस्था विश्लेषण गर्दा स्वास्थ्य क्षेत्र र शिक्षा क्षेत्रमा कर्मचारीको अभाव र समुदाय सहयोग कार्यकर्ताको अभाव रहेको अवस्था छ ।संघीय ढाँचाको शासन प्रणाली अन्तर्गत स्थानीय तहले राज्यशक्तिको प्रयोग गर्दै कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकासम्बन्धी कार्यसम्पादन गर्ने सन्दर्भमा जनशक्तिको काम गर्ने उत्साह, क्षमता र मेहनतलाई उत्पादनशील बनाउने र सरकारले प्रदान गर्ने सेवा सुविधाबाट जनताले सुशासन, |

| | |
|---|---|
| सुधार गर्ने सम्भावना प्रशस्त रहेको छ । यो पालिकामा यी तिनै आयामको विकास गर्ने सम्भावना प्रशस्त देखिन्छ । | विकास र समृद्धिको अनुभूति गर्ने अवस्था सिर्जना गर्न र सरकारले आर्जन गर्ने राजस्वको दर र दायरा बढाउदै जाने कार्य निकै चुनौतीपूर्ण छ । |

## ५.२ सेवा प्रवाह र सुशासन

**तालिका सेवा प्रवाह र सुशासन विकासको अवसर र सम्भावना**

| **अवसर र सम्भावना** | **समस्या तथा चुनौती** |
|---|---|
| लोकतन्त्रका लाभहरुको समानुपातिक, समावेशी र न्यायोचित वितरण गरी कानुनी राज्य र दिगो विकासको अवधारणाअनुरूप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न मार्मा गाउँपालिकाले प्राप्त गरेको राज्यशक्तिको प्रयोग गर्न पाउने हैसियतप्रति जनताको भरोसा, साथसहयोग र सम्मान पाउन सुशासन नै अचुक साधन भएकाले सुशासनप्रति निर्वाचित नेतृत्वको अठोट, कर्मचारीको सहयोग र सरोकारवालाहरुको साझेदारीता जुट्ने सहज परिस्थिति विद्यमान छ। यसलाई अवसरको रूपमा लिन सकिन्छ ।<br>पालिका संग आवश्यक उपकरण तथा जनशक्ति भएका कारण संस्थागत सुशासन कायम राख्ने विषयमा गर्न सकिने थुप्रै अवस्था रहेको हुँदा यसलाई अवसरका रूपमा लिएको खण्डमा यस पालिकामा संस्थागत सुशासन मजबुत बनाउन सकिने सम्भावना रहेको छ । | सुशासन जनताले महसुस गर्ने विषय हो। पालिकाले प्रयास गर्दा गर्दै पनि पूर्णता प्राप्त गर्न समय लाग्ने हुन्छ । किनकि यसको सीमा हुँदैन र यो निरन्तर सुधार गर्दै लैजाने विषय हो । यो सजिलो छैन तर असमाव पनि नभएको हुँदा यसले कडा मेहनत र इमान्दारिताको माग गर्छ ।<br>सरकारी प्रक्रियामा सरलीकरण, सेवा प्रवाहमा स्तरीकरण, जनशक्तिको क्षमतामा वृद्धिकरण र आचरणमा शुद्धीकरणका माध्यमबाट सुशासन बहाल गर्ने काम निकै चुनौतीपूर्ण छ ।<br>२०८१ सम्ममा प्राप्त नमूना कानुन, विधि तथा नियमावली र आवश्यकताका आधारमा ७४ वटा विषयमा ऐन, नीति, नियम, कार्यविधि निर्माण गरिएको छ। तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधिको बारेमा सबै जनप्रतिनीधि, वडा समिति, आम नागरिक विशेष गरी विपन्न तथा लक्षित वर्गलाई सुसूचीत गराउने, प्रभावकारी रूपमा कार्यान्वयन गर्ने र सो को पालना हुनु जरुरी छ। विषय क्षेत्रगत रूपमा बजेट विनियोजना सन्तुलित गरी रोजगार, उत्पादनमूलक तथा आयमूलक आयोजनामा लगानी अपेक्षाकृत कम रहेको छ। पालिकाको बेरुजु घट्दो क्रममा रहेको अवस्था भए पनि आ.व. २०८०/८१ मा वेरुजु रकम रु........................ कायम रहेको अवस्था छ । |

## ३.३ दीर्घकालिन सोच

राष्ट्रिय तथा गाउँपालिकाको आवश्यकता, स्थानीय चाहना र स्थानीय यर्थाथतामा आधारित भै भविष्यमा हासिल गर्न खोजिएको विकास र समृद्धिको आकांक्षालाई व्यक्त गर्ने कल्पनाशील वाक्यलाई दीर्घकालीन सोच भनिन्छ ।दीर्घकालीन सोचले हालको अवस्थाबाट समयान्तरमा प्राप्त हुने धेरै गुणा समुन्नत अवस्थालाई जाहेर गर्छ र त्यसैमा लय र ताल मिलाएर लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र कार्यक्रमको रूपरेखा तयार गर्न निर्देशित गर्दछ ।

### ३.३.१ राष्ट्रिय सोह्रौ योजनाको दीर्घकालीन सोच, उद्देश्य, रणनीति तथा रुपान्तरणका क्षेत्र

#### ३.३.१.१. सोच

**"सुशासन, सामाजिक न्याय र समृद्धि"**

दीर्घकालीन सोच २१०० ले तय गरेका समृद्धि र सुखका मुलभूत तत्वहरूलाई आत्मसात गर्दै सोह्रौं योजनाले "सुशासन, सामाजिक न्याय र समृद्धि" को सोच राखेको छ। सुशासन मार्फत नै सामाजिक न्याय र समृद्धि हासिल गर्न सकिन्छ। सामाजिक न्यायसहितको समृद्धिमा समाजवादी विशेषता अन्तर्निहित रहेको हुन्छ। सामाजिक न्याय स्थापित गर्दै हासिल भएको समृद्धि दिगो, समावेशी, समुन्नत एवम् अनुभूतियोग्य हुनेछ।

#### ३.३.१.२. उद्देश्य

आम नागरिकले आफ्नो जीवनमा अनुभूत गर्न सक्ने विकास र सुशासन हासिल गर्नु सोह्रौं योजनाको मूल उद्देश्य हो। यसका लागि योजनाले तय गरेको सोचबमोजिम क्षेत्रगत रूपमा योजनाको प्रमुख उद्देश्यहरू देहायबमोजिम रहेका छन्:

(१) राजनीतिक, प्रशासनिक, न्यायिक, निजी तथा गैरसरकारी क्षेत्रमा सुशासन कायम गर्नु,

(२) स्वास्थ्य, शिक्षा, रोजगारी, आवास, सुरक्षा तथा सार्वजनिक सेवा प्रवाहमा सामाजिक न्याय स्थापित गर्नु,

(३) मानवीय जीवन र राष्ट्रिय अर्थतन्त्रमा समृद्धि हासिल गर्नु ।

#### ३.३.१.४. समष्टिगत रणनीति

अर्थतन्त्रको संरचनागत रूपान्तरण मार्फत द्रुत विकास, सुशासन, सामाजिक न्याय र समृद्धि हासिल गर्नु नै सोही योजनाले अवलम्बन गर्ने मुख्य रणनीति हो। यस क्रममा संरचनागत रूपान्तरणका लागि पहिचान गरिएका क्षेत्रमा अवलम्बन गरिने समष्टिगत रणनीति निम्नानुसार रहेका छन् :

(१) विकासका सबै क्षेत्र तथा आयाममा देखिएका संरचनागत अवरोधहरूको पहिचान, सम्बोधन र निराकरण गर्दै उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने।

(२) सङ्घ, प्रदेश र स्थानीय तीनै तह तथा सरकारी, निजी, सहकारी र गैरसरकारी क्षेत्र एवम् विकास साझेदार बीचको अन्तरसम्बन्ध र कार्यात्मक क्षमतालाई मजबुत तुल्याउँदै दिगो विकास योजना कार्यान्वयन गर्ने।

(३) विकासका सबै क्षेत्र तथा आयाममा लैङ्गिक मूलप्रवाहीकरण, आधुनिक प्रविधिको प्रयोग, वातावरण संरक्षण र विपद् जोखिम न्यूनीकरणलाई आन्तरिकीकरण गर्ने।

(४) अध्ययन, अनुसन्धान तथा तथ्य र प्रमाणमा आधारित नीति निर्माण एवम् विकासका कार्यक्रम कार्यान्वयन गर्ने।

क्षेत्रगत रूपमा अवलम्वन गरिने रूपान्तरणकारी रणनीतिहरू सम्बन्धित परिच्छेदमा उल्लेख गरिएबमोजिम हुनेछन् ।

### ३.३.१.५. संरचनात्मक रूपान्तरणका प्रमुख क्षेत्र

(१) समष्टिगत आर्थिक आधारहरूको सबलीकरण र उच्च आर्थिक वृद्धि
(२) उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि
(३) उत्पादनशील रोजगारी, मर्यादित श्रम र दिगो सामाजिक सुरक्षा
(४) स्वस्थ, शिक्षित र सीपयुक्त मानव पुँजी निर्माण
(५) गुणस्तरीय भौतिक पूर्वाधार विकास एवम् सघन अन्तर-आबद्धता
(६) योजनाबद्ध, दिगो र उत्थानशील शहरीकरण तथा बस्ती विकास
(७) लैङ्गिक समानता, सामाजिक न्याय तथा समावेशी समाज
(८) प्रादेशिक तथा स्थानीय अर्थतन्त्रको सुदृढीकरण र सन्तुलित विकास
(९) गरिबी तथा असमानता न्यूनीकरण र समतामूलक समाज निर्माण
(१०) प्रभावकारी वित्त व्यवस्थापन तथा पुँजीगत खर्च क्षमता अभिवृद्धि
(११) शासकीय सुधार तथा सुशासन प्रवर्द्धन
(१२) जैविक विविधता, जलवायु परिवर्तन र हरित अर्थतन्त्र
(१३) अतिकम विकसित मुलुकबाट सहज स्तरोन्नति तथा दिगो विकास लक्ष्य कार्यान्वयन ।

### ३.३.१.६ सोह्रौं योजनाका परिमाणात्मक लक्ष्य

सोह्रौं योजनाले लिएको सुशासन, सामाजिक न्याय र समृद्धिको सोचअनुसार रूपान्तरणकारी रणनीति तथा प्रमुख हस्तक्षेपकारी कार्यक्रमहरू कार्यान्वयन गर्दा योजना अवधिमा हासिल हुने उपलब्धिलाई देहायअनुसारका प्रमुख सूचकहरूको आधारमा मापन गरिनेछः

**सुशासनका राष्ट्रिय लक्ष्य**

| क्र. सं | सूचक | एकाइ | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | विधिको शासन सूचकाङ्क | सूचकाङ्क | ०.५२ | ०.८० |
| २ | विश्वव्यापी प्रतिस्पर्धी सूचकाङ्क | सूचकाङ्क | ५२ | ६५ |
| ३ | भ्रष्टाचार न्यूनीकरण अनुभूति सूचकाङ्क | सूचकाङ्क | ३५ | ४३ |
| ४ | विद्युतीय सरकार विकास सूचकाङ्क | सूचकाङ्क | ०.५१२ | ०.६०० |
| ५ | निर्वाचनमा मतदाताको सहभागिता | प्रतिशत | ६२ | ८५ |
| ६ | अदालतमा दर्ता भएका मुद्दाको फर्छ्यौट | प्रतिशत | ६४ | ७५ |

| | | | | |
|---|---|---|---|---|
| ७ | कुल विनियोजनमा खर्चको अनुपात | प्रतिशत | ८० | ९० |
| ८ | बेरूजू (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | प्रतिशत | १०.९ | ५.० |
| ९ | राष्ट्रिय परिचय-पत्र नम्बर प्राप्त गरेका नेपाली नागरिक | प्रतिशत | ६३.४ | ९० |
| १० | पाँच वर्षमुनिका बालबालिकाको जन्म दर्ता | प्रतिशत | ७४ | १०० |

**सामाजिक न्यायका राष्ट्रिय लक्ष्य**

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | असमानता समायोजित मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.४२४ | ०.६०० |
| २ | उपभोगमा आधारित जिनी गुणक | गुणक | ०.३०० | ०.२८० |
| ३ | सम्पत्तिमा आधारित जिनी गुणक | गुणक | ०.२४ | ०.२२ |
| ४ | उच्च खाद्य असुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | १.३ | १.० |
| ५ | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या | प्रतिशत | ३२ | ६० |
| ६ | लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.८८५ | ०.९६७ |
| ७ | लैङ्गिक असमानता सूचकाङ्क | सूचकाङ्क | ०.४९५ | ०.२२५ |
| ८ | रोजगारीमा महिला र पुरुषको सहभागिता | अनुपात | १:१.७ | १:१.२ |
| ९ | बाध्यकारी श्रमको दर (१५ वर्ष वा सोभन्दा माथि) | प्रतिहजार | १.२ | ० |
| १० | महिलाको नाममा घर वा जग्गा वा घरजग्गा दर्ता गरेका परिवार | प्रतिशत | २३.८ | ३५.० |

**समृद्धिका राष्ट्रिय लक्ष्य**

| क्र.सं | सूचक | एकाइ | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | प्रतिशत | ३.५ | ७.३ |

| | | | | |
|---|---|---|---|---|
| २ | प्रतिव्यक्ति आय | अमेरिकी | १४५६ | २३५१ |
| ३ | गरिबीको रेखामुनि रहेको जनसङ्ख्या (निरपेक्ष गरिबी) | प्रतिशत | २०.३ | १२.० |
| ४ | उपभोक्ता मुद्रास्फीति | प्रतिशत | ७.७ | ५.० |
| ५ | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.६०१ | ०.६५० |
| ६ | मानव सम्पत्ति सूचकाङ्क | सूचकाङ्क | ७६.३ | ७८.० |
| ७ | आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्क | सूचकाङ्क | २९.७ | २४.० |
| ८ | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ७६.२ | ८५.० |
| ९ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ७१.३ | ७३.० |
| १० | ३० मिनेटको दुरीमा स्वास्थ्य संस्थामा पहुँच भएको परिवार | प्रतिशत | ७७ | ९० |
| ११ | उच्च मध्यमस्तरको खानेपानीमा पहुँच भएको घरपरिवार | प्रतिशत | २५.८ | ४५ |
| १२ | बेरोजगारी दर | प्रतिशत | ११.४ | ५.० |
| १३ | श्रम उत्पादकत्व | रु. हजारमा | २४५ | २७५ |
| १४ | कृषि वस्तुको औसत उत्पादकत्व (प्रमुख बाली) | मे.ट.प्रति हेक्टर | ३.३ | ३.७ |
| १५ | बैङ्क तथा वित्तीय संस्थामा पहुँच पुगेको परिवार | प्रतिशत | ६३ | ८५ |
| १६ | सडक घनत्व | कि.मि. प्रति व.कि.मि. | ०.६३ | ०.७७ |
| १७ | विद्युत उत्पादन (जलविद्युत तथा वैकल्पिक ऊर्जा जडित क्षमता) | मेगावाट | २९६२ | ११७६९ |
| १८ | प्रतिव्यक्ति विद्युत उपभोग | किलोवाट घण्टा | ३८० | ७०० |
| १९ | विद्युतमा पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | ९६.७ | १०० |
| २० | इन्टरनेटमा पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | ६९.२ | ९०.० |

### ३.३.२ प्रादेशिक प्रथम योजनाको दीर्घकालीन सोच

#### ३.३.२.१ प्रदेश दीर्घकालीन सोच

**"आत्मनिर्भरता उन्मुख, समृद्ध सुदूरपश्चिम"**

आर्थिक र सामाजिक क्षेत्रमा आत्मनिर्भरता तथा समृद्धि सहितको सम्मानजनक जीवनयापन गर्ने सुखी नागरिक बसोबास गर्ने प्रदेश ।

### ३.३.२.२ प्रदेशको दीर्घकालिन लक्ष्य

आत्मनिर्भरता उन्मुख समृद्ध प्रदेश निर्माणका लागि देहाय बमोजिमका दीर्घकालीन लक्ष्यहरु निर्धारण गरिएका छन् :

- भौतिक, आर्थिक, हरित र सामाजिक पूर्वाधारको सन्तुलित विकास
- कृषि, ऊर्जा र उद्योगको उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि
- मानव पुँजीको विकास
- गरिबी निवारणका लागि उच्च, दिगो र समतामुलक प्रादेशिक आय
- दक्ष जनशक्तिको निर्माण र प्रदेश भित्रै उच्चतम सदुपयोग
- समावेशी, लैङ्गीक समतामुलक, विभेद र वञ्चितिकरण रहित सुरक्षित, सभ्य, मर्यादित र न्यायपुर्ण समाज
- सुशासन
- दिगो विकासका लक्ष्यहरु हासिल

### ३.३.२.३ प्रदेशको दीर्घकालिन रणनीति

- कृषि क्षेत्रको आधुनिकीकरण तथा व्यवसायीकरण, उद्योग र सेवा क्षेत्रमा स्वच्छ र आधुनिक प्रविधिको प्रयोग गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।
- हरित उर्जाको उत्पादन तथा प्रदेशलाई पर्यटकीय, शैक्षिक तथा व्यापारिक केन्द्रको रुपमा विकास गरी उच्च, दिगो र रोजगारमुलक आर्थिक वृद्धि हासिल गर्ने ।
- सर्वशुलभ तथा अत्याधुनिक स्वास्थ्य सेवा र जीवनोपयोगी तथा गुणस्तरीय प्राविधिक शिक्षाको सुनिश्चितता गर्ने ।
- सामाजिक सुरक्षा, समावेशीकरण, संरक्षण, लैङ्गीक समता र समानता सहितको न्यायपुर्ण समाज निर्माण गर्ने ।
- प्राकृतिक स्रोत साधनको समुचित उपयोग तथा उत्थानशीलता प्रवर्द्धन गर्दै हरित प्रदेश कायम गर्ने ।
- डिजिटल प्रदेशको अवधारणालाई आत्मसात गर्दै सार्वजनिक सेवामा सु-शासन प्रत्याभुत गर्ने ।

### ३.३.२.४ प्रदेश रुपान्तरणका प्रमुख सम्बाहकहरु

- गुणस्तरीय र वातावरणमैत्री भौतिक पुर्वाधार
- जलविद्युत्त उत्पादन
- कृषि तथा वन सम्पदा
- पर्यटन क्षेत्रको प्रवर्द्धन
- मानव पुँजी निर्माण तथा पुर्ण उपयोग
- औद्योगिक उत्पादन तथा प्रतिस्प्रर्धात्मक क्षमतामा वृद्धि
- व्यवस्थित तथा आधुनिक शहरीकरण
- बहुलतायुक्त साँस्कृतिक वैभव एवम् मनोहर भु-परिदृष्य

### ३.३.२.५ प्रदेशको दीर्घकालीन परिमाणात्मक लक्ष्य

**प्रदेशको दीर्घकालीन परिमाणात्मक लक्ष्यहरु देहाय बमोजिम निर्धारण गरिएका छन:**

| क्र.स. | सुचक | आधार वर्ष (२०७७/०७८) | प्रथम पञ्चवर्षीय योजना लक्ष्य (२०८२/०८३) | आ.व.२१०० /०१ को प्रदेशको लक्ष्य | आ.व.२१०० /०१ को राष्ट्रिय लक्ष्य |
|---|---|---|---|---|---|
| १ | वार्षिक औषत वृद्वि दर(प्रतिशत) | ३.६ | १०.५ | १०.५ | १०.५ |
| २ | प्रतिव्यक्ति राष्ट्रिय आय(अमेरीकी डलर) | ९१८ | १७१५ | १२.१ | १२.१ |
| ३ | निरपेक्ष गरीबीको रेखामुनी रहेको जनसंख्या (प्रतिशत) | २४.६ | ११ | ० | ० |
| ४ | बहुआयामिक गरीबीमा रहेको जनसंख्या(प्रतिशत) | २५.३ | १३ | ० | ३ |
| ५ | मानव विकास सुचकाङ्क | ०.५४७ | ०.६२१ | ०.७६ | ०.७६ |
| ६ | लैङ्गीक विकास सुचकाङ्क | ०.९०३ | ०.९६३ | १ | १ |
| ७ | सम्पतिमा आधारित गिनी गुणक | ०.३२ | ०.२९ | ०.२५ | ०.२५ |
| ८ | अपेक्षित आयु(जन्म हुँदाको वर्ष) | ६९.८ | ७२ | ८० | ८० |
| ९ | मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) | १४.१ | १० | ५ | २० |
| १० | पाँच वर्षमुनिका बाल मृत्यु दर (प्रतिहजार जीवित जन्ममा) | ६.९ | ३९ | ८ | ८ |
| ११ | पाँच वर्षमुनिका कम तौल भएका | ३३.३ | १५ | २ | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| | बालबालिकाको प्रतिशत | | | | |
| १२ | साक्षरता दर | ६३.५ | ९० | १०० | ९८ |
| १३ | माध्यमिक तह (९-१२) मा खुद भर्ना दर (प्रतिशत) | ४९.३ | ६५ | ९५ | ९५ |
| १४ | उच्च शिक्षामा कुल भर्नादर (प्रतिशत) | १६ | २५ | ५० | ४० |
| १५ | विद्युत्त उत्पादन (मेगावाट) | ५२ | २५० | १०,००० | ४०,००० |
| १६ | विद्युत्तमा पहुँच प्राप्त जनसंख्या (प्रतिशत) | ६४.६९ | ९९ | १०० | १०० |
| १७ | इन्टरनेट प्रयोगकर्ता कुल जनसंख्यामा प्रतिशत | ४७.८ | ८० | १०० | १०० |
| १८ | बेरोजगारी दर (प्रतिशत) | ११.५ | ७.५ | ३ | ३ |
| १९ | आधारभुत सामाजिक सुरक्षामा आवद्व जनसंख्या (प्रतिशत) | ५ | ५० | १०० | १०० |
| २० | ३० मिनेट सम्मको दुरीमा यातायात पहुँच भएको परिवार (प्रतिशतमा) | | ८५ | १०० | ९९ |

### ३.३.३ मार्मा गाउँपालिकाको दीर्घकालिन सोच

स्थानीय तहले योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी बनाउनुपर्ने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ (२) ले स्थानीय तहलाई मार्गनिर्देश गरेको छ । यस सन्दर्भमा मार्मा गाउँपालिकाको दीर्घकालीन सोच तय गर्दा नेपाल सरकार र प्रदेश सरकारका दीर्घकालीन सोचका बीचमा अन्तरसम्वन्ध कायम राख्न पर्ने भएको हुँदा मार्मा गाउँपालिकाले पनि आफ्नो दीर्घकालीन सोच सोही आधारमा तय गरिएको छ ।

मार्मा गाउँपालिका, स्रोत र साधनले सम्पन्न भएर पनि उपयोगको पर्खाइमा रहेको गरिबीको सिकारमा यहाँका बासिन्दा रहेको, जनशक्ति भएर पनि बेरोजगारीको समस्याको अवस्थामा भएको हुँदा रोजगारी नै पहिले आवश्यकता हो। यहाँका बासिन्दाको आर्थिक समृद्धिका लागि कृषिको आधुनिकीकरण सहित सिंचाइ र आवश्यक पूर्वाधारहरुको विकास प्रतिबद्धताका साथ आवधिक योजनाका आधारहरु, जस्तै, राष्ट्रिय तथा गाउँपालिकाको आवश्यकता, स्थानीय चाहना र स्थानीय यर्थाथताका आधार र पूर्व योजना तर्जुमा गोष्ठीका सहभागीबीच भएको छलफल र मस्तिष्क मन्थनका आधारमा सबै सहभागीको मतैक्यताका आधारमा यस मार्मा गाउँपालिकाको अबको ५ वर्षको दीर्घकालीन सोच निम्न अनुसार निर्धारण गरिएको छः

**“जलश्रोत,जडिबुटी,पर्यटन एवंम् पूर्वाधारको विकास,**
**समग्र मार्मा गाउँपालिकाको समृद्धि र विकासमा हाम्रो प्रयास”**

### ३.३.४ सोच पुरा गर्ने प्रमुख चालकहरु

**चालक १. जलश्रोतः** मार्मा गाउँपालिका जलस्रोतको उपलब्धताको आधारमा एकदमै धनि गाउँपालिकाको रूपमा रहेको छ | यस गाउँपालिका भएर बग्ने चौलानी नदि (चमेलिया नदि) यहाँको मुख्य जलश्रोतको रुपमा रहेको छ भने उप-जलाधार क्षेत्रको रुपमा न्वागाड खोला, घट्टेगाड खोला, मेलेगाड खोला, काचुलीगाड खोला, दोगाडा खोला, गंगडा खोला आदि लगायत करिब ३४ वटा स-साना खोला रहेका छन्। यसका अतिरिक्त यस गाउँपालिकामा करिब २८८ वटा पानीका मुहानहरु पनि रहेका छन्।यस गाउँपालिकामा प्रशस्त प्राकृतिक नदि तथा खोलाहरु भएको हुँदा यहाँका सम्भावित क्षेत्रमा लघु जलविद्युत उत्पादन तथा वैकल्पिक नवीकरणीय ऊर्जाको प्रयोगबाट आत्मनिर्भर बन्नुका साथै, विद्युतीय सेवा उपलब्ध गराउने गाउँपालिकाको रुपमा स्थापित गर्न सकिन्छ । यस गाउँपालिकामा सिँचाईको लागि उपयुक्त हुने खालका प्रशस्त खोला नाला तथा मुहानहरुले कृषि क्षेत्रको समृद्धिको लागि मद्धत पुग्न सकिने देखिन्छ |

**चालक २. जडिबुटीः** मार्मा गाउँपालिका जडिबुटीका हिसाबले प्रयाप्त सम्भावना बोकेको गाउँपालिका हो | यस क्षेत्रमा पाइने पदमचाल, टिमुर, पाँचऔले, दालचिनी, सतुवा, अमला, रिठा, चिराइतो जस्ता जडीबुटीहरुको प्रवर्द्धन, उत्पादन, संरक्षण, प्रशोधन गर्नका साथै, यसको महत्व र उपयोगिताबारे प्रचारप्रसार वृद्धि गरी कृषकलाई व्यावसायिक बनाउन प्रोत्साहन गर्न सकिन्छ ।

**चालक ३. पर्यटनः** पर्यटनको क्षेत्र तथा संस्कृति कुनैपनि स्थानको गौरव हो। बाहिरी संसार संग जोडिने एक कडी र स्थानीय स्रोत साधनको उपयोग गरी स्थानीयले आय आर्जन गर्ने सुअवसर दिने यही क्षेत्र हो। यो गाउँपालिकाका रहेको जिल्लाकै प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल तपोवन तातोपानी, लटिनाथ बाबाको मन्दिर तलाईमाण्डौ, मटेलाको मस्टा मन्दिर, गुल्जरको दुर्गाभवानी मन्दिर यो गाउँपालिकाको गौरव हुँ । त्यसै गरि जनजातिको परम्परागत भेषभुषा, रितिरिवाज र लोकसंस्कृति तथा पर्यटन प्रबर्धनका उपयोगी छन् | यहाका मौलिक संस्कृति र विभिन्न नाचगानहरु जस्तै देउडा र जीवन पद्दति पनि पर्यटनका लागि आकर्षण हुन सक्छन |

**चालक ४ः पूर्वाधारः** पूर्वाधार भनेको नागरिकको जीवन सहज बनाउने सरलरेखा हो। खासमा कृषिको विकास गर्न, सडक निर्माण गरी यातायात व्यवस्था सहज बनाउन र यातायातमा सबैको पहुँच सुनिश्चित गर्न, सडकलाई व्यवस्थित बनाउन पुल पुलेसा तथा ढल जस्ता पूर्वाधार आजको खाचो। यी कियाकलापको विस्तार र विकासबाट पालिकाभित्रका आर्थिक गर्गाविधिहरु चलायमान बनाइ आर्थिक विकासका थप ढोकाहरु समेत खोल्न सकिन्छ ।

### ३.३.५ समग्र लक्ष्य

समावेशिता, सहभागिता र सामाजिक न्यायमा आधारित समाजवाद उन्मुख स्थानीय अर्थतन्त्रमा सरिक गराँउदै सुरक्षित, सुविधायुक्त र मार्मा गाउँपालिकाका बासिन्दाको सामाजिक रूपान्तरण र आर्थिक हैसियत उत्थान गर्ने यस प्रथम आवधिक योजनाको प्रमुख लक्ष्य हुने छ। यस अन्तर्गत संबोधन हुने प्रमुख विषयहरु निम्नलिखित छन्ः

- समृद्ध समाजको सिर्जना गर्न उच्च आर्थिक वृद्धि। यसका लागी कृषि, पशुपक्षी, उद्यम व्यवसाय तथा पर्यटन विकास लगायतबाट रोजगारी वृद्धि ।
- गाउँपालिकाबाट प्रवाह हुने सेवाहरु सुशासन सहित सर्वसुलभ बनाउने ।

- सामाजिक न्याय सहितको शिक्षित, स्वस्थ तथा समृद्ध र विभेदरहित समाजको सिर्जना
- आवश्यकताका आधारमा सामाजिक तथा आर्थिक पूर्वाधारहरुको विकास ।
- जलवायु परिवर्तनको न्यूनीकरण र विपद्युक्त तथा विपद् सतर्कताको अवस्थाको व्यवस्थापन ।

### ३.३.६ उद्देश्य

यो आवधिक योजनाले लिएका प्रमुख उद्देश्य निम्नानुसार छन्ः

- रोजगारी सिर्जना, आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान कृषि तथा पशुजन्य उत्पादनको व्यावसायीकरण र स्थानीय स्रोतसाधन र बजारले मागेको औद्योगिक उत्पादन तथा उत्पादनशील सेवा तथा सुविधाको उपलब्धता र उपयोग र बजारीकरणमा वृद्धि गर्ने ।
- शिक्षा, स्वास्थ्य तथा सामाजिक सेवाहरुको उपलब्धता र उपयोगमा वृद्धि गर्ने ।
- धार्मिक तथा सांस्कृतिक पूर्वाधारहरुको संरक्षण र विकास गर्दै र संस्कृतिमैत्रि पर्यटनको विकास गर्ने ।
- नागरिकको जीवन र जीविकोपार्जन सहज बनाउन स्थानीय पूर्वाधारहरु दिगो बनाइ व्यवस्थित गर्ने ।
- सूचना प्राविधिको विकास र उपयोग व्यापक बनाउने ।
- विपद् प्रतिकार्यहरुको उचित व्यवस्था गर्दै जैविक विविधता र वातावरणीय स्रोतको संरक्षण र दिगो उपयोगलाई बढावा दिने ।
- गाउँपालिकाको कार्य सम्पादनलाई जनताले महसुस गर्ने गरी सुशासित बनाउने ।

### ३.३.७ परिमाणात्मक लक्ष्य

**परिमाणात्मक लक्ष्यहरु उपशिर्षक ३.३.१० को नतिजा खाकाहरुको तालिकाहरुमा प्रस्तुत गरीएको छ ।**

### ३.३.८ समग्र रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| रणनीति १ः खेतीयोग्य जमिन भएको तर सिँचाइको पहुँच नपुगेको वा अपर्याप्त भएको क्षेत्रमा प्राथमिकताको आधारमा सिँचाइको पहुँच वृद्धि गरिनेछ ।(चालक १ः जलश्रोत) | • सिँचाइ नपुगेका अथवा अपर्याप्त खेतीयोग्य जमिनको विवरण तयार पारिनेछ ।<br>• निर्माण भए तापनि समुचित प्रयोगमा नआएका सिँचाइ कुलोहरूको प्रयोगमा आउनेगरी पुनर्निर्माण गरिनेछ ।<br>• एक योजनाबाट समुदायमा खानेपानी र सिँचाइको व्यवस्थापन गर्न सम्भव भएको अवस्थामा त्यस्ता योजनालाई प्राथमिकता दिइनेछ ।<br>• सिँचाइकोलागि प्राथमिकताको आधारमा साना जलासय, पोखरी आदि संरचना तयार गरिनेछ ।<br>• सिँचाइका संरचनाको मर्मत सम्भारकोलागि सामूहिक कोषको व्यवस्था गरिनेछ।<br>• संरचना विस्तारकोलागि उपभोक्ताको लागत सहभागिता सुनिश्चित गरिनेछ ।<br>• सिँचाइको व्यवस्थापनकोलागि उपभोक्ताहरूको समितिको गठन गरिनेछ |

| | |
|---|---|
| रणनीति २ ऐतिहासिक, पुरातात्विक, धार्मिक र सांस्कृतिक सम्पदाको पुननिर्माण, जीर्णोद्धार र व्यवस्थापन गर्ने (चालक ३) | • महत्त्वपूर्ण सांस्कृतिक सम्पदालाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नकालागि पहल गर्न निर्देशिका बनाई यसकालागि प्रदेश र संघ सरकारसँग समन्वय गरिनेछ ।<br>• पालिका क्षेत्र भित्र रहेका सम्पदाहरूको खोज, अन्वेषण गरी संरक्षण गरिनेछ ।<br>• यसका लागि पर्यटन स्थलहरुको थप पहिचान तथा सुधार गरी, प्राचीन संस्कृति र सम्पदाहरुको संरक्षण र होमस्टे लगायत पर्यटन सुविधामा वृद्धि गरिने छ ।<br>• विभिन्न जातजातिसँग सम्बन्धीत मौलिक एवम् स्थानीय सामग्रीहरूलाई उत्पादन र प्रवर्द्धन गरिनेछ ।<br>• लोपोन्मुख स्थानीय कला, भाषा, लिपि, र संस्कृतिको अभिलेखीकरण गरी संरक्षण र विकास गरिनेछ ।<br>• भाषा, कला, नृत्य, नाट्यकला, लिपि र संस्कृतिलाई अभ्यास र स्थलीय सघनताका आधारमा सामुहीकरण गरी विकास र संरक्षणका कार्यक्रहरू सञ्चालन गरिनेछ ।<br>• मौलिक भाषा, लोक संगीत, संस्कृति र कला सम्बन्धी सामग्री आधारभूत तहको स्थानीय पाठ्यक्रममा समावेश गरिनेछ ।<br>• पर्यटन क्षेत्रको विकासकालागि स्थानीय निजी क्षेत्रलाई आह्वान गरिनेछ। पर्यटकीय महत्त्वका स्थानहरूमा आवागमन सहज बनाउन सडक, पदमार्ग, झोलुङ्गे पुल आदि निर्माण गरिनेछ र भइरहेका सडक र पदमार्गको स्तरोन्नति गरिनेछ । |
| रणनीति ३ सामाजिक सुसम्पन्नतालाई अगाडि बढाउँन विद्यालय जाने उमेर समूहका सबै बालबालीकालाई माध्यमिक तहसम्मको शिक्षा प्रदान गरी योग्य, दक्ष र उद्यमशील बनाउँदै जनतामा रोग नलाग्ने चेतना व्यक्ति व्यक्तिमा र रोगको उपचार वस्ती बस्तीमा पुर्‍याएर स्थानीय | • शिक्षा क्षेत्रका विकासलागि आवश्यक भौतिक संरचनाको विकास गर्ने ।<br>• आवश्यक शिक्षक दरबन्दीको व्यवस्था गर्ने ।<br>• विज्ञान प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था गर्ने<br>• खेलकुद सामग्री उपलब्ध गराइने ।<br>• स्वास्थ्य क्षेत्रको सुधार गर्ने भौतिक क्षमताको विकास गरिने ।<br>• आवश्यक स्वास्थ्यकर्मीको व्यवस्थापन ।<br>• स्वास्थ्य सेवालाई बढी सहज बनाइ उपलब्ध सेवाहरुको स्तरोन्नति गर्ने ।<br>• सरसफाइलाई जनताको बानीको रूपमा विकास गर्ने ।<br>• शुद्ध खानेपानीलाई सबैको पहुँचमा पुर्‍याउने ।<br>• खेलकुदको विकासलाई जोड दिन एक वडा एक भलिबल मैदान र एक वडा एक कभर्ड हल निर्माण र उपयुक्त स्थानमा समग्र खेलकुद सुहाउँदो खेल मैदान निर्माण गरिने ।<br>• खेलकुद शिक्षकको व्यवस्थापन र खेलकुद प्रतियोगिताहरुको आयोजना |

| | |
|---|---|
| जनताको स्वास्थ्य सवल बनाउने । | गरिने ।<br>• विद्यालय छाडेको विपन्न वर्गका किशोरीहरुको सीप विकास गरिने<br>• असहाय र जेष्ठ नागरिकको जीवनयापनलाई सहज बनाइने ।<br>• सामाजिक, लैंगिक तथा जातीय विभेद अन्त्य गर्न सो अनुकूलका योजना गतिविधिहरु अगाडि बढाइने छ ।<br>• आर्थिक र सामाजिक सुसम्पन्नताको विकासलाई सँगसँगै लगिने छ ।<br>• लैङ्गिक तथा सामाजिक समावेशीकरण व्यवहारमै ल्याउन नीतिगत तह तथा योजनाका प्रत्येक चरणमा लैंगिक तथा सामाजिक समावेशीकरणलाई व्यवहार मै उतारिने ।<br>• विकासको केन्द्रविन्दुमा बहिष्कृत तथा सीमान्तकृत हुने |
| रणनीति ४: विकास निजी तथा सामुदायिक साझेदारीमा | ज्ञान, सीप तथा अनुभव र विकासमा स्वामित्व बोधका हिसाबले पनि विकास साझेदार बढाउँदा बढी नतिजा निकाल्न सकिने र सहकार्य पनि बढ्ने हुँदा "फेरि पनि सबैको विकास सबैसँग" भन्ने मान्यता अनुरूप यो गाउँपालिका जनताको सामाजिक तथा आर्थिक विकास लगायत वातावरण तथा पूर्वाधार विकासमा स्थानीय संघ, संस्था तथा निजी क्षेत्रसँगको हातेमालो र सहकार्यलाई विशेष जोड दिइने छ । |
| रणनीति ५: आर्थिक विकास र सामाजिक रूपान्तरणलाई सघाउ पुग्ने गरी गुणस्तरीय भौतिक पूर्वाधारको विकास गर्दै जाने ।<br>(चालक ३ पुर्वाधार) | • मानवीयताको आधारमा सबै बस्तीमा १२ महिना भरपर्दो र सुरक्षित यात्रा सुनिश्चित गर्न मोटर बाटोको व्यवस्था हुने गरी सडकहरुको निर्माण, स्तरोन्नति र पुल पुलेसाहरुको निर्माण गरिने छ ।<br>• उत्पादन क्षेत्रलाई जोड्ने गरी सडकलाई आर्थिक पूर्वाधारको रूपमा विकास गरिने छ ।<br>• सडक निर्माण गर्दा वातावरणीय संवेदनशीलतालाई ध्यान दिई वातावरणमैत्री बनाइने छ ।<br>• यस्ता पुर्वाधार निर्माण गर्दा बोटविरुवामा हुने क्षति को परिपूर्तिको लागि सडकको दायाँबायाँ तथा तलमाथि वृक्षरोपण (वायोइन्जिनियरिङ्ग) गरिने छ ।<br>• निर्माण पूर्वाधारहरुको आकस्मिक क्षति पुग्दाको अवस्थामा मर्मत सम्भार गर्न निर्माण लागतको २ प्रतिशतका दरले जम्मा गर्ने गरी मर्मत सम्भार कोष स्थापना गरिने छ ।<br>• आकस्मिक रूपमा आइपर्ने सानातिना छिटपुट योजनाहरुको लागि भैपरी आउनेमा बजेट व्यवस्था गरी उपयोग गरिने छ ।<br>• विद्युतीय प्राविधिको उपयोगलाई विस्तार गर्ने ।<br>• अत्यावश्यक सामुदायिक सेवाका लागि भवनहरुको निर्माण गरिने छ<br>• भवनहरुलाई अशक्तमैत्री बनाइने छ । |

| | |
|---|---|
| | • हराभरा मार्मा बनाउन वृक्षरोपण, वनको हैसियत तथा बनले ढाकेको क्षेत्रको वृद्धि गरिने छ ।<br>• पानीका मुहानहरुको संरक्षण गरिने छ ।<br>• विपद् व्यवस्थापनका प्रतिकार्यहरु गरिने छ ।<br>• खाली रहेका सार्वजनिक स्थानहरुको संरक्षण गरिने छ ।<br>• जलवायु अन्कलनका उपायहरु अवलम्बन गर्दै प्रतिकार्य गरिने छ । |
| रणनीति ६: विपद् व्यवस्थापन, वातावरणीय संरक्षण तथा प्रवर्द्धन गर्न वन, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा स्थानीय सरकार, समुदाय र सरोकारवाला क्रियाशील रहने । | • हराभरा मार्मा बनाउन वृक्षरोपण, वनको हैसियत तथा वनले ढाकेको क्षेत्रको वृद्धि गरिने छ ।<br>• पानीका मुहानहरुको संरक्षण गरिने छ ।<br>• विपद् व्यवस्थापनका प्रतिकार्यहरु गरिने छ ।<br>• खाली रहेका सार्वजनिक स्थानहरुको संरक्षण गरिने छ ।<br>• जलवायु अनुकूलनका उपायहरु अवलम्बन गर्दै प्रतिकार्य गरिने छ । |

### ३.३.९ प्रमुख कार्यक्रम

**१. आर्थिक विकासका कार्यक्रमहरु** (कृषि, पशुपक्षी विकास, सिँचाइ, उद्यम व्यवसाय, पर्यटन, सहकारी तथा वित्त व्यवस्थापन र श्रम तथा रोजगारी विकास)

**२. सामाजिक विकासका कार्यक्रमहरु** (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, युवा तथा खेलकुद, कला तथा संस्कृति र लक्षित समूह विकास)

**३. पूर्वाधार विकासका कार्यक्रमहरु (**सडक, पुल पुलेसा, ढल, विद्युत विस्तार, सूचना तथा सञ्चार र आवास तथा भवन)

**४. वन, वातावरण तथा विपद् व्यवस्थानका कार्यक्रमहरु** (विपद् प्रतिकार्यहरु, वन तथा जैविक विविधताको संरक्षण)

**५. संस्थागत विकास, सेवा प्रवाह तथा सुशासनका कार्यक्रमहरु** (संस्थागत क्षमता विकास, मानव संसाधन प्राप्ति र विकास तथा सुशासन)

(नोटः उपर्युक्त कार्यक्रमको विस्तृत स्वरूप परिच्छेद ४,५,६,७, र ८ मा प्रस्तुत गरिएको छ ।)

### ३.३.१० अपेक्षित नतिजा/उपलब्धिहरु

**तालिका आर्थिक विकासको लक्ष्य तथा गन्तव्य**

| आर्थिक विकास | | | |
|---|---|---|---|
| नतिजा तहहरु | गन्तव्यका सुचकहरु | आधार वर्ष आ.व. २०८०/०८१ | आवधिक विकास योजना लक्ष्य आ.व.२०८६/०८७ सम्म |
| प्रभाव | १. कुपोषितको संख्या घटेको हुने छ। | तथ्याङ्क नभेटिएको | गाउँपालिकालाई कुपोषण रहित पालिका घोषणा गरीनेछ । |
| | २. सरदर प्रति परिवार शुन्य बचत गर्ने परिवारको प्रतिशत घटेको हुने छ । | तथ्याङ्क नभेटीएको | १० प्रतिशत भन्दा कम हुने छ । |
| | ३. सरदर प्रति परिवार मासिक रु ३००० भन्दा पनि न्युन आय भएका परिवारको प्रतिशत घटेको हुने छ । | तथ्याङ्क नभेटीएको | १० प्रतिशत भन्दा कम हुने छ । |
| | ४. सरदर प्रति परिवार मासिक रु २५००० माथि आय भएका परिवारको प्रतिशत बढेको हुने छ । | तथ्याङ्क नभेटीएको | ६० प्रतिशत भन्दा माथि हुने छ । |
| | ५. ० देखि ३ महिनामात्र आफ्नो उत्पादनले खान पुग्ने खाद्य असुरक्षाको प्रतिशत घटेको हुनेछ | तथ्याङ्क नभेटीएको | २० प्रतिशत भन्दा कम हुने छ । |
| असर | १. समग्रमा आफ्नो उत्पादनले १२ महिना खान र बेच्न पुग्ने परिवारको प्रतिशत वृद्धि गर्ने । | तथ्याङ्क नभेटीएको | ६० प्रतिशत भन्दा माथि हुने छ । |
| | २. आफ्नो उत्पादनले ४ देखि ६ महिना सम्म मात्र खान पुग्ने परिवार प्रतिशत घटेको हुने छ । | तथ्याङ्क नभेटीएको | ३० प्रतिशत भन्दा कम हुने छ। |
| | ३. आफ्नो उत्पादनले ७ देखि ९ महिना सम्म मात्र खान पुग्ने परिवार प्रतिशत बढेको हुने छ । | तथ्याङ्क नभेटीएको | ४० प्रतिशत भन्दा बढी हुने छ । |
| | ४. आफ्नो उत्पादनले १० देखि १२ महिना सम्म मात्र खान पुग्ने परिवार प्रतिशत बढेको हुने छ । | तथ्याङ्क नभेटीएको | ३० प्रतिशत भन्दा बढी हुने छ । |
| | ५. सिँचाई हुने जमिनको प्रतिशत बढेको हुनेछ । | ४० प्रतिशत | ८० प्रतिशत |

| नतिजाका सुचकहरु |
|---|

| सुचक | आधार वर्ष आ.व. २०८०/०८१ | आ.व.२०८६/८७ सम्मको लक्ष्य |
|---|---|---|
| १. आर्थिक विकास | | |
| क. कृषि | | |
| उत्पादन/बिक्रि | | |
| वार्षिक खाद्यान्न उत्पादन मे.टन | १२९८.२२ मे.टन | २५०० मे.टन |
| ताजा तरकारी उत्पादक कृषक संख्या | ५९० | १००० |
| वार्षिक ताजा तरकारी उत्पादन मे.टन | १६७ मे.टन | ५०० मे.टन |
| आलु उत्पादक कृषक संख्या | ७०० | ९०० |
| वार्षिक आलु उत्पादन मे.टन | १५६ मे.टन | ५०० मे.टन |
| फलफुल उत्पादक कृषक संख्या | १७० | ३५० |
| वार्षिक फलफूल उत्पादन मे.टन | ५६२ मे.टन | ८०० मे.टन |
| भटमास उत्पादक कृषक संख्या | ३०० | ५५० |
| वार्षिक भटमास उत्पादन मे.टन | ९ मे.टन | ३० मे.टन |
| सिमी उत्पादक कृषक संख्या | १९० | ३०० |
| बार्षिक सिमि उत्पादन मे.टन | २०० मे.टन | ७०० मे.टन |
| मह उत्पादक कृषक संख्या | ३० | १०० |
| बार्षिक मह उत्पादन | ०.५ मे.टन | २.५ मे.टन |
| अन्य मसाला बाली अदुवा, बेसार, लसुन, प्याज उत्पादक कृषक संख्या | २५० | ४०० |
| अदुवा | ४.४ मे.टन | ७.५ मे.टन |
| बेसार | ५ मे.टन | ८ मे.टन |
| लसुन तथा प्याज | ५३ मे.टन | १५० मे.टन |
| ख. पशुपन्क्षी | | |
| व्यावसायिक गाई भैंसी पालक कृषक संख्या | ५० जना | २०० जना |
| गाई भैंसीको संख्या | १५० वटा | २५० वटा |
| वार्षिक दूध उत्पादन | २.५ हजार लिटर | ३.५ हजार लिटर |
| व्यावसायिक बाख्रापालक कृषक परिवार सख्या | १५० परिवार | जम्मा घरधुरीको ७५ प्रतिशत |
| खसी, बाख्रा तथा भेडाको संख्या | १४५०० | १८००० |
| व्यावसायिक कुखुरा पालक कृषक | १३ जना | ४० जना |

| | | |
|---|---|---|
| संख्या | | |
| हाँस, कुखुरा र बट्टाईको संख्या | १५००० वटा | २५००० वटा |
| बङ्गुर पालक कृषक संख्या | ३ जना | २५ जना |
| बङ्गुरको संख्या | ४० वटा | ५०० वटा |
| बार्षिक मासु उत्पादन मे.टन मा | ८.५ मे.टन | १२ मे.टन |
| वार्षिक अण्डा उत्पादन (गोटामा) | २००० वोटा | ३५०० गोटा |
| ग. सिँचाई | | |
| खेती गरिएको जमिन मध्ये जम्मा सिंचित क्षेत्रफ़ल | ४५ प्रतिशत | ८० प्रतिशत |
| (पूर्ण सिंचित) १२ महिना सिँचाई हुने जमिन | ३० प्रतिशत | ५० प्रतिशत |
| आशिक सिंचित जमिन | १५ प्रतिशत | ३० प्रतिशत |
| असिन्चित जमिन | ५५ प्रतिशत | २० प्रतिशत |
| घ. उद्योग तथा बायिज्य | | |
| उद्योग, वाणिज्य तथा व्यावसायिक संस्थाहरुको संख्या वृद्धि गरिने छ | २०० | ५०० |
| उद्यम व्यवसायबाट सिर्जना भएको रोजगारी | ३०० | ६०० |
| विभिन्न उत्पादनको सङ्कलन केन्द्रको संख्या | ५ | १२ |
| पालिकाभित्रका व्यापारिक केन्द्रहरु | ७ | १० |
| ङ. पर्यटन विकास | | |
| सालान आउने पर्यटक संख्या वृद्धि भएको हुने छ । | तथ्याङ्क नभेटिएको | १००० |
| पर्यटन व्यवसायी संख्याको संख्या वृद्धि भएको हुनेछ । | ०५ | ५० |
| पर्यटन क्षेत्रले प्रदान गरेको रोजगारी संख्या बढेको हुनेछ | २०० | ५०० |
| च. सहकारी | | |
| जम्मा सहकारी संख्या | १२ | २० |
| सहकारीमा आबद्ध भएको जनसंख्या | तथ्याङ्क नभेटीएको | जम्मा जनसंख्याको २० प्रतिशत |
| ऋण लगानी प्रतिशतमा | तथ्याङ्क नभेटीएको | २५ प्रतिशत |
| छ. श्रम तथा रोजगारी | | |

| | | |
|---|---|---|
| आर्थिक रूपमा निष्क्रिय रहेकाको संख्या घटाउने | तथ्याङ्क नभेटीएको | ३० प्रतिशतमा झार्ने |
| वैदेशिक रोजगारीमा जानेको संख्या घटाउने | करीब जम्मा जनसंख्याको ३५ प्रतिशत | जम्मा जनसंख्याको २० प्रतिशतमा झार्ने |
| वैदेशिक रोजगारीबाट सालाना आउने विप्रेषण रु | तथ्याङ्क नभेटीएको | ५ करोड |
| विप्रेषण पाउने परिवार संख्या | जम्मा परीवार संख्याको ३० प्रतिशत | जम्मा परिवार संख्याको २० प्रतिशत |

| **सामाजिक विकासका लक्ष्य तथा गन्तव्यहरु** | | | | |
|---|---|---|---|---|
| नतिजा तहहरु | सुचकहरु | आधार तथ्याङ्क | २०८६/०८७ | पुष्ट्याँइका आधार |
| प्रभाव | हालको साक्षरता दरमा वृद्धि | | | |
| असर | प्रारम्भिक बालविकास कुल विद्यार्थि संख्या | २१० | ४०० | गाउँपालिका वस्तुस्थिति विवरण र शिक्षा शाखाबाट प्राप्त तथ्याङ्क |
| | आधारभुत तहको कुल भर्ना विद्यार्थि संख्या | १९०४ | २२०० | गाउँपालिका वस्तुस्थिति विवरण र शिक्षा शाखाबाट प्राप्त तथ्याङ्क |
| | माध्यमिक तहको कुल भर्ना विद्यार्थि संख्या | ११८८ | १७०० | गाउँपालिका वस्तुस्थिति विवरण र शिक्षा शाखाबाट प्राप्त तथ्याङ्क |
| | घरमै प्रसुती हुनेको संख्या घटाउने | ०० | १०० | स्वास्थ्य शाखाको प्रतिवेदन |
| | सुरक्षित तथा शुद्ध खानेपानीमा पहुँच पुगेका परिवार संख्या | जम्मा परिवारको करीब ५० प्रतिशत | जम्मा परिवारको ७० प्रतिशत | WASH Unit बाट प्राप्त तथ्याङ्क अनुसार |

| **नतिजाका सुचकहरु** | | |
|---|---|---|
| सुचक | आधार वर्ष २०८०/०८१ | २०८६/०८७ सम्मको लक्ष्य |

| | | |
|---|---|---|
| २. सामाजिक विकास | | |
| क. शिक्षा | | |
| विद्यालय जाने उमेर समूहका बालबालीकामध्ये ५ देखि १६ वर्ष उमेर समूह काको वालवालिका मध्ये हाल विद्यालय नगएका | तथ्याङ्क नभेटीएको | उक्त उमेर समुहका विद्यालय नजाने बालबालिकाहरुको संख्या शुन्यमा ल्याईने छ । |
| आधारभुत तहका विद्यालयहरु | ३८ | ३८ वटै कायम रहनेछन । |
| माध्यमिक तहका विद्यालयहरु | ७ | ७ वटै कायम रहनेछन । |
| ख. स्वास्थ्य | | |
| अस्पताल निर्माण र सञ्चालन | १० सैयाको अस्पताल निर्माणाधिन | १० सैयाको अस्पताल संचालनमा आएको हुनेछ । |
| स्वास्थ्य चौकीको संख्या | ५ | ६ |
| आधारभूत स्वास्थ्य सेवा केन्द्र | १ | २ |
| सामुदायिक स्वास्थ्य इकाइ केन्द्र | ९ | १२ |
| गाउँघर क्लिनिकको संख्या | २१ | २४ |
| खोप केन्द्रको संख्या | २५ | ३० |
| बर्थिङ्ग सेन्टरको संख्या | ७ | १२ |
| सबैमा गरी स्वास्थ्य कर्मचारी संख्या | ६२ | १०० |
| महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुको संख्या | ४० | ६० |
| ग. खानेपानी तथा सरसफाई | | |
| पाइप/धाराको पानीमा पहुँचको संख्या | २००० | ४००० |
| कुवाको पानीमा भर पर्ने परिवार संख्या | १२०० | ८०० |
| मूल तथा खोलाको पानीमा भर पर्ने परिवार संख्या | ५०० | २०० |
| सार्वजनिक शौचालय संख्या | २ | ६ |
| फोहोरमैला फ्याँक्ने स्थानको संख्या | ०० | २ |
| फ्लस् भएको सेफ्टी ट्याङ्की सहितको शौचालय प्रयोग गर्ने परिवार प्रतिशत | ९० प्रतिशत | १०० प्रतिशत पुगाईनेछ |
| साधारण शौचालय भएका परिवार | १० | ०० प्रतिशत |

| | | |
|---|---|---|
| प्रतिशत | | |
| शौचालयनै नभएका परिवार संख्या | ०० | ०० |
| घ. युवा तथा खेलकुद | | |
| खेल मैदानको संख्या बढाउने | २ | ६ |
| खेलकुद क्लबहरुलाई सक्रिय गराइने | ६ | १२ |
| वार्षिक रूपमा हुने गरेका खेलकुद प्रतियोगिताको संख्या बढाउने | २ | ३ |
| ङ. कला तथा संस्कृति | | |
| धार्मिक तथा पर्यटक स्थलको संरक्षण गरिएको हुनेछ | ३ | ६ |
| च. लक्षित समुह | | |
| अपाङ्गता भइ परिचयपत्र पाउने संख्या | २०६ | सबैलाई प्रदान गरीने छ । |
| सुकुम्बासी परिवार संख्या | ०० | ०० |

| शहरी विकास तथा पुर्वाधार विकासका लक्ष्य तथा गन्तव्यहरु | | | |
|---|---|---|---|
| नतिजा तहहरु | सुचकहरु | आधार तथ्याङ्क | २०८६/०८७ सम्मको लक्ष्य |
| प्रभाव | दिगो, भरपर्दो र सुरक्षित यातायात सेवामा सबै बस्तीको पहुँच पुगेको हुने । | | |
| असर | कालोपत्रे सडक मा पहुँच भएका जनताको प्रतिशत वृद्धि भएको हुने छ । | २० प्रतिशत | ४० प्रतिशत |
| | सडक यातायात बाट नजोडिएका बस्तीको संख्या घटेको हुने छ । | २५ | १० |

| नतिजाका सुचकहरु | | |
|---|---|---|
| सुचक | आधार वर्ष २०८०/०८१ | २०८६/०८७ सम्मको लक्ष्य |
| ३. सडक र पुल | | |
| क. सडक सञ्जालको विवरण | | |
| सडक यातायातबाट नजोडिएका बस्तीको संख्या घटेको हुने छ । | २५ | १० |
| कालो पत्रे सडक कि.मि थप | ४ कि.मि. | १० कि.मि. |
| ग्रावेल सडक कि.मि. थप | ४ कि.मि. | २० कि.मि. |

| | | |
|---|---|---|
| धुले तथा कच्ची सडक कि.मि. | ३८ कि.मि. | ६० कि.मि. |
| पक्की तथा ट्रस पुलको संख्या वृद्धि | ४ वटा | ६ वटा |
| कल्भर्ट निर्माण | ५ वटा | १० वटा |
| झोलुङ्गे पुलको संख्या | ६ वटा | १० वटा |
| ख. ऊर्जा संचार | | |
| बत्तीका लागि बिजुली बाल्ने परिवार प्रतिशतमा | ५० प्रतिशत | ९० प्रतिशत |
| बत्तीका लागि वैकल्पिक ऊर्जा प्रयोग गर्ने परिवार प्रतिशत | ३० प्रतिशत | ५ प्रतिशत |
| बत्तीका लागि मट्टीतेल प्रयोग गर्ने परिवार प्रतिशत | ५ प्रतिशत | शुन्यमा झारीने छ । |
| बिजुलीको पहुँच नपुगेका परिवार प्रतिशत | ५० प्रतिशत | १० प्रतिशत |
| खाना पकाउन बिजुली प्रयोग गर्ने परिवार प्रतिशत | तथ्याङ्क नभेटिएको | १५ प्रतिशत |
| खाना पकाउन एल.पी. ग्याँस प्रयोग गर्ने परिवार प्रतिशत | २५ प्रतिशत | ३५ प्रतिशत |
| खाना पकाउन दाउरा प्रयोग गर्ने परिवार प्रतिशत | ७५ प्रतिशत | ५० प्रतिशत |
| खाना पकाउन वैकल्पिक ऊर्जा प्रयोग गर्ने परिवार प्रतिशत | नगन्न मात्रामा | ५ प्रतिशत |
| खाना पकाउन मट्टीतेल वा गुईठा जस्तो ऊर्जा प्रयोग गर्ने परिवार प्रतिशत | नगन्न मात्रामा | शुन्यमा झारीने छ । |
| सञ्चार सुविधा पुगेका बस्ती संख्या | ७५ | सबै बस्तिहरुमा पुगेको हुने छ । |
| टि.भि मा पहुँच भएका परिवार प्रतिशत | ३० प्रतिशत | ४५ प्रतिशत |
| मोबाइलमा पहुँच पुगेको जनसङ्ख्या प्रतिशत | ९० प्रतिशत | १०० प्रतिशत |
| इन्टरनेट प्रयोग गर्ने जनसङ्ख्या प्रतिशत | ४० प्रतिशत | ६० प्रतिशत |
| ग. भवन तथा आवास | | |
| बाँकी वडा कार्यालय भवन संख्या पूरा गरिनेछ | ५ | ६ |

| | | |
|---|---|---|
| सामुदायिक भवन संख्या थप हुनेछ | ६ | १० |
| स्वास्थ्य संस्थाका भवन संख्या थप हुनेछ | २० | २५ |

## विपद् व्यवस्थापनका तथा वातावरण संरक्षणका गन्तव्य तथा सुचकहरु

| नतिजा तहहरु | सुचकहरु | आधार तथ्याङ्क | २०८६/०८७ सम्मको लक्ष्य |
|---|---|---|---|
| प्रभाव | • विपद् सम्बोधन भएको अवस्था<br>• जलवायु परिवर्तनको असर न्युनिकरणका लागि प्रतिकार्यहरु भएको | | |
| असर | • खाली तथा पर्ति जमिनमा वृक्षारोपण गरी व्यवस्थित वनले ओगटेको क्षेत्रफलमा वृद्धि भएको<br>• जोखिम क्षेत्रका नदि, खहरे खोला, तथा पहिरोहरु नियन्त्रण भएका<br>• महामारी विरुद्ध लड्ने तयारी भएको अवस्था<br>• खाली क्षेत्रको व्यवस्था भएको | | |

| नतिजाका सुचकहरु | | |
|---|---|---|
| सुचक | आधार वर्ष २०८०/०८१ | २०८६/०८७ सम्मको लक्ष्य |
| ४. विपद् व्यवस्थापन | | |
| विगत वर्षहरुमा बाढी, पहिरो र आगलागिबाट धन सम्पत्तिको क्षति भएको परिवार संख्या | ५० | २० |
| खर तथा पराल तथा काठले छाएको घर भएका परिवार संख्या | १० | ०० |
| एम्बुलेन्सको संख्या | १ | ३ |
| दमकलको संख्या | ० | १ |
| विपद् व्यवस्थापन गाउँ समिति बनेको | ६ | ६ |
| सुरक्षित स्थान तोकिएको स्थानको संख्या | ०० | ५ |
| विपद् व्यवस्थापन पूर्व तयारी योजना बनेको | छैन | बनाइने छ । |
| विपद् व्यवस्थापन कोष स्थापना | छ | छ |
| ५. वन वातावरण | | |

| | | |
|---|---|---|
| वनले जंङ्गल तथा पहाड हिमाल र बन्जर क्षेत्रले ओगटेको क्षेत्रफल | ६०.१९ प्रतिशत | ६०.१९ प्रतिशत |
| जम्मा सामुदायिक वनको संख्या | २४ वटा | २४ वटा |
| सामुदायिक वनका उपभोक्ता घरधुरी प्रतिशत | ९२ प्रतिशत | ९२ प्रतिशत |

**संस्थागत विकास, नीति नियम तर्जुमा, मानव संसाधन विकास र सुशासनका लक्ष्य तथा गन्तव्यहरु**

| नतिजा तहहरु | सुचकहरु | आधार तथ्याङ्क | २०८६/०८७ सम्मको लक्ष्य |
|---|---|---|---|
| प्रभाव | योजनाको अन्त्य सम्ममा सेवाग्राहीले पालिकाको सेवाहरु पारदर्शी र सुशासन सहितको भएको महसुस गरेका अवस्था हुने छ । | | |
| असर | • जन सरोकारका सेवाहरु शिघ्र र चुस्त ढङ्गबाट प्रवाह भएको अवस्था<br>• खास गरी कृषि पशु सम्बन्धि सेवाहरु, खानेपानी मर्मत सेवा र विद्युत्त जडान तथा मर्मत सेवाहरु घरदैलोमा नै उपलब्ध भएका हुने छन् । | | |

| **नतिजाका सुचकहरु** | | |
|---|---|---|
| सुचक | आधार वर्ष २०८०/०८१ | २०८६/०८७ सम्मको लक्ष्य |
| क. संस्थागत क्षमता विकास | | |
| आफ्नै वडा भवन संख्या | ५ | ६ |
| हाल सम्म तयार भएका नीति, नियम तथा कानुनहरु | ७४ | आवश्यकता अनुसार बनाईने छन |
| गाउँपालिका भवन | २ | २ |
| ख. मानव संसाधन विकास | | |
| कृषि सेवा कार्यकर्ता तयारी | ६० | १०० |
| पशु सेवा कार्यकर्ता तयारी | ३० | ६० |
| खानेपानी मर्मत कार्यकर्ता तयारी | १२ | १८ |
| विद्युत मर्मत कार्यकर्ता तयारी | ६ | १२ |
| ग. सुशासन | | |
| लेखा परीक्षण तथा पालिकाको आयव्यय विवरण वेवसाइटमा समावेश गरी स्रोत साधनको परिचालन पारदर्शी पार्ने कार्य भएको छ ? | छ | निरन्तरता दिइने छ । |

| | | |
|---|---|---|
| भू-उपयोग योजना तयार भएको छ ? | छैन | गरीने छ । |
| हालको बेरुजु रु | | बेरुजु शुन्य कायम गरीने छ । |
| राजस्व सुधार कार्ययोजना तयार भएको छ ? | छ | अद्यावधिक गरीने छ । |
| सूचना पूणालीमा आधारित करदाताहरुको लगत तयारी | छ | निरन्तरता दिइने छ । |
| सूचना प्राविधिको उपयोग जस्तैः सफ्टवयर, एसएमएस, इमेल, इन्टरनेट, टेलिफोन आदि प्रभावकारिता बढाउने | छ | निरन्तरता दिइने छ |
| नतिजामा आधारित अनुगमन प्रणालीको स्थापना । | छैन | गरीने छ |
| एकीकृत सूचना व्यवस्थापन प्रणालीको स्थापना । | छ | निरन्तरता दिइने छ |
| सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षण कार्यक्रम सञ्चालन वर्ष/पटक | त्रैमासिक रुपमा गरीदै आइरहेको छ | निरन्तरता दिइने छ |
| सबै सार्वजनिक संस्थामा सार्वजनिक सेवा बडापत्र र गुनासो पेटिकाको व्यवस्था | राखिएको छ । | निरन्तरता दिइने छ |
| कानुनले गोप्य राख्ने भनेका बाहेक सबै विषयका आर्थिक तथा भौतिक प्रगति, खर्च विवरण सार्वजनिकीकरण गरेको अवस्था | छ | निरन्तरता दिइने छ |
| कृषि बजार सूचना प्रणालीको स्थापना भएको | छैन | गरिने छ । |
| आपत्कालीन कार्य संचालनका लागि सूचना प्रवाहका लागि हट लाइनको व्यवस्था(अर्थात् हेलो सरकार) गर्ने | छ | निरन्तरता दिइने छ |

## ३.४ आय-व्ययको प्रवृति र प्रक्षेपण

| क.स | विवरण | २०८०/८१ को यथार्थ | २०८१/८२ को अनुमान | २०८२/८३ को प्रक्षेपित | २०८३/८४ को प्रक्षेपित | २०८४/८५ को प्रक्षेपित | २०८४/८५ को प्रक्षेपित | २०८५/८६ को प्रक्षेपित | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | नगद मौज्दात | ३७६५३८३ | ७९३३४५८ | ८३३०१३१ | ८७४६६३८ | ९१८३९६९ | ९६४३१६८ | १०१२५३२६ | २६२६०७३८ |
| २ | आन्तरिक राजस्व | ५१८८००० | ५२००००० | ५४६०००० | ५७३३००० | ६०१९६५० | ६३२०६३३ | ६६३६६६४ | ३०१६९९४७ |
| ३ | संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | ९४०२३००० | १०१५००००० | १०६५७५००० | १११९०३७५० | ११७४९८९३७ | १२३३७३८८४ | १२९५४२५७८ | ५८८८९४१४९ |
| ४ | सशर्त अनुदान (संघीय सरकार) | १६३२३२५०० | २३३९४६००० | २४५६४३३०० | २५७९२५४६५ | २७०८२१७३८ | २८४३६२८२५ | २९८५८०९६६ | १३५७३३४२९४ |
| ५ | संघीय सरकारबाट राजस्व बाडफाट प्राप्त आय | **७१०३२६०२** | ८६२००००० | ९०५१०००० | ९५०३५५०० | ९९७८७२७५ | १०५७७६६३९ | ११००१५४७१ | ५०११२४८८५ |
| ६ | प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | **८७०८०००** | ९२८४००० | ९७४८२०० | १०२३५६१० | १०७४७३९१ | ११२८४७६० | ११८४८९९८ | ५३८६४९५९ |
| ७ | राजस्व बाँडफाट (प्रदेश सरकार) | **१४५०२३८** | १४२३००० | १४९४१५० | १५६८८५७ | १६४७३०० | १७२९६६५ | १८१६१४९ | ८२५६१२१ |
| ८ | समपुरक अनुदान (संघ) | **३२९८५९३** | ८०००००० | ८४००००० | ८८२०००० | ९२६१००० | ९७२४०५० | १०२१०२५२ | ४६४१५३०२ |
| ९ | समपुरक अनुदान (प्रदेश सरकार) | **६९०२१८१** | ७१२५००० | ७४८१२५० | ७८५५३१२ | ८२४८०७८ | ८६६०४८२ | ९०९३५०६ | ४१३३८६२८ |
| १० | विशेष अनुदान (संघ) | **२०८४७१२५** | ४३०००००० | ४५१५०००० | ४७४०७५०० | ४९७७७८७५ | ५२२६६७६९ | ५४८८०१०७ | २४९४८२२५१ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११ | विशेष अनुदान (प्रदेश) | **७७५२५४५** | ६५०००००० | ६८२५००० | ७१६६२५० | ७५२४५६२ | ७९००७९१ | ८२९५८३० | ३७७१२४३३ |
| १२ | प्रदेश सरकार शसर्त अनुदान | **४००००००** | १५८६०००० | १६६५३००० | १७४८५६५० | १८३५९९३२ | १९२७७९२९ | २०२४१८२६ | ९२०१८३३७ |
| १३ | अन्य | ०००० | १६६५०००० | १७४८२५०० | १८३५६६२५ | १९२७४४५६ | २०२३८१७९ | २१२५००८८ | ९६६०१८४८ |
| १४ | **जम्मा** | **३९०२००१६७** | **५४२६२१४५८** | **५६९७५२५३१** | **५९८२४०१५७** | **६२८१५२१६५** | **६५९५५९७७३** | **६९२५३७७६२** | ३१४८२४२३८८ |

## ३.५लगानीको स्रोत र व्यवस्था

### ३.५.१ लगानीको आवश्यकता र स्रोत

मार्मा गाउँपालिकाको प्रथम पञ्चवर्षिय योजना कार्यान्वयनका लागि लाग्ने कुल खर्च रु. ३३९६०७५००० जस मध्ये पाचँ वर्षको अनुमानित आय रु को अनुपातमा रु. २४७८३२६१२ अपुग हुने देखिन्छ । उक्त अपुग रकमको स्रोत परिपुर्तिका लागि तपशिलका विकल्प अनुसार व्यवस्थापन गरीनेछ ।

**तपशीलः**

**विकल्प १.** आवधिक विकास योजनामा समावेश भएका गौरवका योजनाहरुलाई संघीय सरकार र प्रदेश सरकार बाट रणनीतिक योजनाहरुका रुपमा क्रमागत योजनाहरुका रुपमा अगाड बढाउनका लागि पहल गरीनु पर्ने र गाउँपालिकाका विद्युत्तीकरण नगरीएका वडाहरु तथा बस्तिहरुमा विद्युत्तीकरण गर्न नेपाल विद्युत्त प्राधिकरण सँग समन्वय गरी विद्युतीकरण गरीएको खण्डमा पालिकाको व्ययभार कम हुने देखिन्छ । त्यस्तै टेलिफोनका टावरहरु विस्तार गर्नको लागि नेपाल दुरसंचार प्राधिकरण, एन सेल तथा अन्य सेवा प्रदायक संस्थाहरु सँगको समन्वयमा कार्यक्रम कार्यान्वयन गरे कम व्ययभार पर्ने छ ।

**विकल्प २.** चालु खर्च नियन्त्रण तथा पुँजीगत खर्च गर्दा न्युनतम खर्चमा बढी उपलब्धि हुने ढङ्गबाट खर्च गरेर ।

**विकल्प ३.** आन्तरिक राजस्वका स्रोतहरु पहिचान र दायरा वृद्धि गरेर ।

**विकल्प ४.** अन्य दातृ निकायहरु सँग योजना कार्यान्वयनमा सहभागिता बढाएर ।

**विकल्प ५.** कार्यरत संघ संस्थाहरु सँग सहकार्य बढाएर ।

**विकल्प ६.** लाभग्राहिहरु तथा स्थानीय सहकारीहरुसँग लागत सहभागिता बढाएर ।

**विकल्प ७.** कम जरुरी र कम महत्वपुर्ण योजनाहरुलाई वार्षिक योजना तथा कार्यक्रममा पुनःविचार गरेर ।

स्रोत आकलनका विविध उपायहरुमध्ये ५ वर्षका लागि सरदर उपलब्ध हुने भनी आ.व. २०८१/०८२ को सिलिङ्गका आधारमा सामान्यतया प्रति वर्ष ५ प्रतिशतका दरले सबै क्षेत्रबाट उपलब्ध हुने आय र अनुदान तथा राजस्व बाँडफाँडमा वृद्वि हुने अपेक्षाका आधारमा ५ वर्षका लागि आय प्रक्षेपण गरीएको छ ।आयको आधार र प्रक्षेपण गरिएका प्रतिफलहरुको प्राप्तिका प्रत्येक नतिजा र सो अन्तर्गतका कार्यहरुको अनुमानित सरदर लागतलाई हिसाबका आधारमा ५ वर्षको खर्च प्रक्षेपण गरिएको छ । यसरी हिसाब गर्दा केहि फरक आउँन गएको बजेट तल तालिकामा प्रस्तुत गरिएको छ । यसरी न्युन हुन गएको बजेटलाई गाउँपालिकाले माथि दिइएको विकल्पहरुको उपयोग गरेर घाटा पुर्ति गर्न सक्नेछ ।

### ३.५.२ आन्तरिक स्रोतको व्यवस्था र परिचालन नीति

यस गाउँपालिकाको राजस्व परामर्श समितिको सीफारिसमा गाउँ परिषदले तोकेको दरमा गाउँपालिकाले राजस्व सङ्कलन गर्ने गर्दछ। सामान्यतया मार्मा गाउँपालिका अन्तर्गत कर तथा गैर कर अन्तर्गत विभिन्न सीफारिस दस्तुरहरु, व्यक्तिगत घटना दर्ता तथा व्यवसाय दर्ता तथा नवीकरण शुल्क, एकीकृत सम्पत्ति कर,

घर बहाल कर, विज्ञापन कर, मालपोत तथा भूमि कर, व्यवसाय कर, उद्योगहरुको कर तथा निकासी करहरु गाउँपालिकका आन्तरिक स्रोत हुन। यसरी प्राप्त स्रोतलाई यसै आवधिक योजनामा निर्दीष्ट गरिएका योजना तथा कार्यक्रमहरुमा परिचालन गरिने छ ।

### ३.५.३ अन्तर सरकारी स्रोत परिचालन

सामान्यतया संघीय तथा प्रदेश सरकारबाट विभिन्न शीर्षकबाट गाउँपालिकामा बजेट प्राप्त हुने प्रावधान रहेको छ।राजस्व बाँडफाँडका अतिरिक्त अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत नेपाल सरकारबाट सशर्त अनुदान, वित्तीय समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान, अन्तर स्थानीय तहबाट प्राप्त रकम, सामाजिक सुरक्षा भत्ता तथा संस्थागत सहभागिताबाट बजेट प्राप्त हुन्छ भने प्रदेश सरकारबाट पनि सवारी करको राजस्व बाँडफाँड तथा सशर्त अनुदान, वित्तीय समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान प्राप्त हुन्छ।यसरी प्राप्त स्रोतलाई पनि यसै आवधिक योजनामा निर्दीष्ट गरिएका योजना तथा कार्यक्रमहरुमा परिचालन गरिने छ ।

### ३.५.४ जनसहभागिता परिचालन

जनसहभागिता विकासका कममा एक महत्वपूर्ण उपाय हो। यो गाउँपालिका नागरिक र गाउँपालिका सँगसँगै भन्ने मान्यतामा काम गर्ने र जनताको विकासमा स्वामित्वबोध गराउन पनि जनताले धान्न सक्ने हदसम्मका उत्पादन तथा उत्पादकत्व बढाउने र रोजगारी सिर्जना गर्ने प्रकारका योजनाहरु लागत सहभागितामा पहिलो प्रार्यामकताका साथ कार्यान्वयन गर्नेतर्फ उन्मुख हुनेछ ।

### ३.५.५ निजी र सहकारी क्षेत्रको स्रोतको परिचालन

निजी तथा सहकारी क्षेत्र यस गाउँपालिकाका विकास योजनाहरुका लागि अन्य महत्वपूर्ण विकास साझेदारको रपमा रहने छन् । खास गरी सहकारीहरु ग्रामीण अर्थतन्त्र चलायमान बनाउन महत्वपूर्ण अंग हुन् । नेपाल सरकारको तीन खम्बे अर्थ नीति अन्तर्गत सरकारी, सहकारी र निजी क्षेत्र एक अर्कोसँग सम्बन्धित महत्वपूर्ण अंग हुन्।तसर्थ, गाउँको अर्थतन्त्र मजबुत बनाउन पालिकामा निजीक्षेत्र र सहकारीसँगको सहकार्य बढाइने छ।

### ३.५.६ संघ संस्थाको स्रोत परिचालन

स्थानीय स्तरमा कार्यरत संघसंस्था र दातृ निकाय तथा अन्य संघसंस्थाहरु यस गाउँपालिकाको विकासका महत्वपूर्ण साझेदार पात्रहरु हुने छन् । विकास साझेदारी तथा लागत साझेदारीमा यस्ता संघ संस्थाहरुसँगको सहकार्यलाई तीव्रता दिइने छ ।

### ३.५.७ अन्य स्रोत परिचालन

यो आवधिक विकास योजना कार्यान्वयन गर्न आवश्यकताका आधारमा यो योजनाको लक्ष्य प्राप्तिमा सहयोग गर्न चाहने र असल नियतबाट आउने जुनसुकै स्रोतलाई पनि स्वागत गरिने छ ।

### ३.५.८ स्रोत साधनको बाँडफाँट तथा परिचालनका आधारहरु

स्रोत बाँडफाँटको मूल आधार वित्तीय व्यवस्थापन का न्यूनतम आधारहरु जस्तै,

**१. जनताको साधन जनताकै हितमाः** जनतावाट मागभै आएका योजनाहरुलाई प्राथमिकीकरण गरी कार्यान्वयन गरिने छ ।

**२. वित्तीय जवाफदेहिताः** स्रोतहरुको परिचालन जनताले महसुस गर्ने गरी पारदर्शी र जवाफदेही भएर गरिने छ ।

**३. नीतिगत व्यवस्था प्रति अडिगः** राजस्व सङ्कलन, लक्ष्य निर्धारण, र खर्च निर्धारण स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय तहमा बजेट तर्जमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरणसम्बन्धी निर्देशिका, २०७४ र स्थानीय तहको योजना तथा बजेट तर्जमा दिग्दर्शन, २०७४ (परिमार्जित) का प्रावधान अनुसार गरिने छ ।

४ **प्राथमिकता केन्द्रितः** योजनाहरुको प्राथमिकताको आधारमा खर्च गरिने छ ।

**५. कार्य सञ्चालनका लागि क्षमता विकासः** स्थानीय सरकारको संस्थागत र मानव संसाधनको क्षमताले कार्यलाई असर पार्ने हुँदा यसतर्फ पनि ध्यान दिइने छ। कार्यान्वयनका लागि कार्य योजना, कार्य जिम्मेवारी निर्धारण, नतिजा र सूचकहरुको निर्धाण प्रष्ट पारिने छ ।

**६. जवाफदेहिता मापनः** आय व्ययको लेखा परीक्षण, आय व्यवको सार्वजनिकरण तथा सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षणका माध्यमबाट जवाफदेहिता मूल्याङ्कनको व्यवस्था गरिने छ।

प्रस्तुत गरिएका योजनाहरुमा लाग्ने रकम अनुमानित लागत हो। खासगरी कृषि र पशु पालनमा व्यावसायीकरण, स्थानीय स्रोत साधनमा आधारित उद्यम व्यवसायको स्थापना, सम्पदामैत्री पर्यटन विकास, सामाजिक क्षेत्रमा शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, दिगो पूर्वाधार विकास, वन, वातावरण तथा विपद् व्यवस्थापन, अन्तर सम्बन्धित विषयहरु, सेवा प्रवाह र सुशासन जस्ता विषयहरुको एकीकृत विकास गर्ने लक्ष्य तथा प्रतिफल प्राप्तिका लागि तयार गरिएको खर्चसम्बन्धी योजना नै स्रोत साधनको बाँडफाँटका मूल आधारहरु हुन् ।

स्रोत साधनहरुको बाँडफाँटलाई निम्न संवैधानिक, कानुनी र नीतिगत आधारसमेतलाई ख्याल गरिएको छ,

- नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची,
- नेपाल सरकार तथा प्रदेश सरकारबाट आ.व. २०८१/०८२ को लागि प्रस्तुत भएको नीति तथा कार्यक्रम,
- नेपाल सरकारवाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन,
- संघीय सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- संघीय, प्रदेश तथा स्थानीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु,
- नेपाल सरकारको सोह्रौं योजना
- दिगो विकास लक्ष्य, २०३०

## ३.६ सार्वजनिक खर्च र राजस्व परिचालन नीति

### ३.६.१ सार्वजनिक खर्च नीति

मार्मा गाउँपालिककाको सार्वजनिक खर्चको मूल नीति भनेको गाउँबासीको वृहत्तर हित र उनीहरुकै सरोकारका योजनाहरुमा पारदर्शी ढङ्गबाट रकम खर्च गरिने नीति छ। सानो लागतमा समाजमा ठूलो हित हुने र ठूलै प्रतिफल प्राप्त हुने प्रकारका गतिविधिहरुमा खर्च गरी तोकिए बमोजिम लेखा समेत राखि नियमानुसार लेखा परीक्षण तथा सार्वजनिक सुनुवाइको माध्यमबाट खर्चलाई पारदर्शी बनाइने नीति प्रस्ताव गरिएको छ ।

### ३.६.२ राजस्व नीति

आन्तरिक राजस्व गाउँपालिकाको स्रोत परिचालनको अभिन्न अंग हो। विकासका लागि यो ज्यादै महत्वपूर्ण अंश हो। वर्तमानमा उपलब्ध राजस्वलाई व्यवस्थित रूपमा नियन्त्रण, व्यवस्थापन र परिचालन गर्न आवश्यक छ। गाउँपालिकाले रकम खर्च गर्न आफ्नो सार्वजनिक खर्च नियमावली तयार गरेको छ र सो मातहत रहेर राजस्व रकम खर्च भइरहेको अवस्था छ ।

## ३.७ निजि क्षेत्रको स्रोत परिचालन नीति

योजनाका कतिपय गतिविधिहरु लागत साझेदारीमा सञ्चालन गरिने छन्। खास गरी व्यावसायिक कृषि तथा पशुपालन, सिंचाइका लागि पोखरी निर्माण, होमस्टेहरु को विकास गरिने छ। यस्ता प्रकारका गतिविधिहरुमा निजीक्षेत्रको स्रोत परिचाललाई प्राथमिकतामा राखिएको छ ।

## ३.८ सहकारी क्षेत्रको स्रोत परिचालन नीति

ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाउन सहकारीको निकै ठूलो भूमिका छ। सहकारीमा जनताको पहुँच वृद्धि का साथै, आय आर्जनका क्षेत्रमा सहकारीबाट व्यवसाय विकास र ऋण प्रवाहलाई जोडिने छ ।

## ३.९ जनसहभागिता परिचालन नीति

जनताले धान्न सक्ने हदसम्मका उत्पादन तथा उत्पादकत्व बढाउने र रोजगारी सिर्जना गर्ने प्रकारका योजनाहरु लागत सहभागितामा पहिलो प्राथमिकताका साथ कार्यान्वयन गर्ने नीति लिईने छ ।

## ३.१० संघ संस्थाको स्रोत परिचालन नीति

योजनामा अनुमान गरिएका अपुग स्रोत जुटाउँन र लागत साझेदारीमा कार्य गर्न स्थानीय संघ संस्थासँगको सहकार्य वृद्धि गरिने छ ।

# परिच्छेद ४ — आर्थिक क्षेत्रको विकास

## ४.१ कृषि विकास

१.वस्तुगत विवरण

यस गाउँपालिकाको भौगोलिक विविधताले गर्दा यहाँको धरातलीय स्वरुपमा पनि विविधता पाइन्छ । यहाँ प्राय जसो भूक्षेत्रफल भाग पाखो भिरालो भएको हुँदा सबै खेतियोग्य जमिनको उपयोग भएको छैन। कुल -.६६मध्ये खेतियोग्य जमिनको क्षेत्रफल ७५ वर्ग कि %३२मि अर्थात .रहेको छ। यस गाउँपालिका बासीहरूको जीविकोपार्जनको मुख्य स्रोतको रूपमा कृषि व्यवसाय रहेको छ । अझैसम्म पनि परम्परागत पद्धतिमा आधारित यहाँको कृषि प्रणाली निर्वाहमुखी मात्र बनेको छ भने भर्खर मात्र व्यावसयिक खेती तर्फ प्रयासहरू शुरु हुन थालेका छन् । यस मार्मा गाउँपालिकामा पेशागत आधारमा जनसंख्या तथा घरधुरी विवरण हेर्दा १६ देखि ६० वर्ष उमेर समुहको जनसंख्या मध्ये करिव ४५% मानिसहरु मात्रै कुनै न कुनै पेशामा आवद्ध भएको देखिन्छ । पेशा व्यवसायमा संलग्न मध्ये ८१% मानिसहरुले कृषि पेशालाई मुख्य पेशको रुपमा अगालेका छन। त्यसैगरि १२% सरकारी नोकरी (शिक्षक, सैनिक सेवा, प्रहरी सेवा आदि) मा संलग्न रहेका छन भने ५% व्यापार व्यवसाय, ठेक्कापट्टा, पसल आदि साना ठूला खालका व्यापारमा संलग्न रहेका छन। त्यसै गरि करिव २ प्रतिशत मानिसहरु अन्य पेशा जस्तैः गैह्र सरकारी संस्था तथा निजि कम्पनीमा आवद्ध भएको देखिन्छ । (पालिका प्रोफाइल,२०८०)

यस मार्मा गाउँपालिकामा कुल खेतीयोग्य जमिन ६.४५ बर्गमिटर रहेको छ | रोपनी अनुसार गणना गर्दा कुल खेतीयोग्य जमिन १२,६७७ रोपनी रहेको छ | वडा अनुसार खेतीयोग्य जमिनको विवरण हेर्दा सबैभन्दा बढी खेतीयोग्य जमिन वडा नं. ६ मा रहेको छ भने सबैभन्दा कम खेतीयोग्य जमिन वडा नं.५ मा रहेको छ | (पालिका प्रोफाइल,२०८०)

यस गाउँपालिकाको प्रमुख कृषि उत्पादन अन्नवाली रहेका छन्। अन्नवालीहरुमा मूख्यगरि मकै, गहुँ, धान, कोदो रहेका छन। त्यसैगरि दलहन बालीमा मुख्य गरि सिमि, भटमास, मसुरो, मास आदि उत्पादन हुने गर्दछ भने फलफुलबालीमा आरु, ओखर, केरा, आलुबखडा उत्पादन हुने गरेको छ। तेलवाली धेरै उत्पादन नभएपनि यस गाउँपालिकाको मुख्य तेलवालीको रुपमा तोरी। मसलाबालीहरुमा लसुनसरस्युं उत्पादन हुने गरेको छ/, धनिया, खुर्सानी रहेका छन। तेलबाली तथा मसलाबालीको गाउँपालिका भित्र उत्पादन हुने एकदमै राम्रो सम्भावना रहेता पनि त्यसको प्रचुरमात्रामा उत्पादन हुन सकेको देखिदैन।यस मार्मा गाउँपालिकाको मुख्य कृषि उत्पादनको रुपमा ५२.२२अन्नबालीमा पनि सबैभन्दा बढी करिब अन्नवाली रहेको छ। %९ % .१६उत्पादनको हिस्सा मकै रहेको छ। त्यसैगरि गहुँ ५%, धान १०%८., कोदो १रहेको छ। %८. .१५अन्नबाली पछि दोश्रो बढी उत्पादन दलहनबालीको हुने गरेको छ जुन कुल कृषि उत्पादनको करिब ६ % .१४रहेको छ। त्यसैगरी तरकारी बाली ५४.११तेलबाली .३%, मसलाबाली ५.0र फलफुल %९.८ % उत्पादन हुने गरेको छ।(पालिका प्रोफाइल,२०८०)

यस मार्मा गाउँपालिका भौगोलिक आधारमा दुर्गम पहाडी गाउँपालिका भएको हुँदा हालसम्म एकदमै बढी मात्रामा रासायनिक मलखाद तथा विषादीहरुको खेतीपातीमा प्रयोग भइरहेको पाइदैन। तर बिस्तारै यातायातको सहज पहुँच, पशुपालनमा हुँदै गईरहेको हास, कृषि तथा पशुपालन भन्दा वैदेशिक रोजगारीमा

युवाहरुको बढ्दो आकर्षणले गर्दा परम्परागत रुपमा प्रयोग हुँदै आइरहेको गोबरमलको प्रयोग बालीनालीमा घट्दै गईरहेको देखिन्छ। घरधुरी सर्वेक्षणबाट प्राप्त तथ्यांक अनुसार यस गाउँपालिकाका कुल घरधुरी मध्ये करिब ५.५% घरधुरीहरुले बालीनालीमा रासायनिक मलको प्रयोग गर्ने गरेका छन भने बाँकी ९४.५% घरधुरीहरुले गोठे गोबर मल नै प्रयोग गर्ने गरेका छन। त्यसैगरी विषादी प्रयोगको अवस्था हेर्दा मुख्यतः व्यबसायिक रुपमा बेमौसमी तरकारी खेतीको लागि करिब ६७ (२.४%) घरधुरीहरुले रासायनिक विषादीको प्रयोग गर्ने गरेको भन्ने देखिन्छ भने बेमौसमी तरकारी बाहेक अन्य बालीनालीहरुमा विषादीको प्रयोग नगर्ने गरेको देखिएको छ। (पालिका प्रोफाइल,२०८०)
यस गाउँपालिकामा सिँचाईको लागि उपयुक्त हुने खालका प्रशस्त खोलानाला तथा मुहानहरु रहेका भएता पनी खेतीपातीको लागि आवश्यक सिंचाई सबै बस्तिहरुमा उपलब्ध हुन सकेको छैन। भिरालो जमिनको बनावट र सिँचाई कुलो निर्माणका लागि असजिलो भूभाग रहेकोले पनि सबै खेतीयोग्य जमिनमा- सिँचाई सुविधा उपलब्ध गराउन कठिन रहेको छ।

## २. सम्भावना र अवसर

गाउँपालिका प्रोफाइल अनुसार कुल श्रमयुक्त जनशक्ति ४८१५ जना मध्ये ३८८७ जना अर्थात् ८१% मुख्य पेशाको रूपमा कृषि, पशुपालन तथा फलफूल खेती गर्दै आएको अवस्था छ । कृषिलाई थप सिँचाइको व्यवस्था सहित यान्त्रिकरण गरी व्यावसायिक उत्पादन तथा बजारीकरणको प्रयास गर्दा उत्पादन बढाउन सक्ने सम्भावना प्रशस्तै छ ।

बाकी रहेको निष्कृय जनसङ्ख्यालाई सक्रिय गराएर हाल खेती गर्न छाडिएको जमिनको समेत उपयोग गरेर आधुनिक तथा वैज्ञानिक कृषि प्रणाली अपनाएर माटो सुहाउँदो र बजारको मागमा आधारित उच्च मूल्यका बालीहरुको विकास गरी कृषि विकासको क्षेत्रमा प्रशस्त विकास गर्न सकिने सम्भावना छ। पालिकामा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफुल, उखु, तोरी, तरकारी, मसला तथा जडीबुटी र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मुल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकता अनुसार वृद्धि हुन सकेको छैन । जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ।

## ३. समस्या र चुनौती

कृषिमा सिँचाइको अभावका कारण जीविकोपार्जन जटिल भै जमीन बाँझो राख्ने क्रम बढदै गएको अवस्था यस पालिकामा तड्कारो रूपमा देखिएको छ । गाउँपालिकाका कृषि विकासका सम्भावनाका बाबजूद जंगली जनावरसँगको द्वन्द्व, कृषिको मूल्य श्रृङ्खलाको सबलीकरण तथा बजार सञ्जालको विकास नहुँदा किसानहरु कृषि पेशाबाट पलायन हुँदै जानु, उत्पादकत्व बढाउने प्रयास नहुनु, परम्परागत बालीहरु लोप हुँदै जानु, कृषकमा व्यावसायिक तथा उत्पादनको बजारीकरणबारे ज्ञान कम हुनु, ३४.५ प्रतिशत जमिन मात्र १२ महिना सिँचाइको सुविधा हुनु, कृषिमा यान्त्रिकरण र आधुनिकीकरण नहुनु र आपूर्ति श्रृङ्खलाको दिगो व्यवस्थापन नहुनु जस्ता यस पालिकाभित्रका कृषिसँग जोडिएका चुनौती हुन् ।

त्यसैगरी, परम्परागत कृषि प्रणालीमा भर पर्नु, उच्च मूल्यका बाली छनोट गरी बढी लाभको क्षेत्रको उपयोग गर्न नसक्नु, भएका खेतीमा पनि लागत लाभको दृष्टिकोणमा खेती प्रणाली खर्चिलो हुनु, स्थानीय रैथाने जातको वस्तुको संरक्षण हुन नसक्नु, पकेट खेती विकास कार्यक्रम राम्रोसँग नहुनु एवं प्रवर्द्धनात्मक उपलब्ध कार्यक्रम सञ्चालन नहुनु यस क्षेत्रका प्रमुख समस्या रहेका छन् । यहाँ रहेको अत्यन्त उर्वर भुमिमा वस्ती विकास तथा अन्य भौतिक पुर्वाधार निर्माणले गर्दा खेतीयोग्य भुमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ती कमशः क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ । जलवायु परिवर्तनको असरका कारण बालीमा देखापर्ने हानिका कारण झार तथा किराहरुको प्रकोप लगायत पोषण र पानी सम्बन्धी जोखिममा वृद्धि भइरहेको छ ।

४. **लक्ष्यः** माटो सुहाउदो कृषि उत्पादन र कृषिमा यान्त्रिकरणको माध्यमबाट कृषि उत्पादनको व्यावसायीकरण गरी उत्पादन वृद्धि गरिने छ ।

**५. उद्देश्यः**

- जलवायु तथा माटोको प्रकृति अनुकूल भएका कृषि क्षेत्रको पहिचान गर्ने
- कृपकहरुको क्षमता विकास गर्ने
- लागत सहभागितामा कृषिमा यान्त्रिकरण
- कृषि उत्पादनलाई बजार सञ्जालमा जोड्ने

**६. रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. कृषिलाई निर्वाहमुखीबाट व्यावसायीकरण गर्न कृषहरुलाई प्रोत्साहन गरिने छ । | • माटोको प्रकार र हावापानी अनुसार उत्पादन पकेट क्षेत्र विस्तार र विकास गरिने छ ।<br>• व्यावसायिक बन्न इच्छुक कृक्षकलाई पिमा व्यावसायीकरणबारे क्षमता विकास गरिने छ<br>• व्यावसायिक योजनाका साथ लगानी सुनिश्चित्तताका लागि बैंक तथा वित्तीय संस्थाहरुसँग समन्वय गराइने छ । |

| | |
|---|---|
| | • साना किसानको व्यावसायिक क्षमताको विकास गर्न व्यवसाय विकास सेवा प्रदायकहरुको सहयोग लिई उनीहरुलाई आवश्यक सीप प्रदान गरिने ।<br>• आयात प्रतिस्थापन हुने तथा निर्यात प्रवर्द्धन गर्ने प्रकारका आयमूलक कृषि व्यवसाय छनोट गरी सञ्चालन गर्न ऋणमा पहुँच वृद्धि र प्रविधिसंग जोड्न पालिकाले सहयोग गर्ने । |
| २. व्यावसायिक उत्पादनको बजारीकरणका लागि बजार सन्जालमा कृपक हरुलाई जोड्न सहयोग गरिने छ । | • पालिकाभित्रको उत्पादनलाई देशका विभिन्न बजारसम्म पुर्‍याउन बजार पहुँच वृद्धि गर्ने ।<br>• व्यावसायीकरणमा पालिकाबाट सहयोग गरिएका साना किसानहरुको उत्पादनको बजारीकरण गर्न आवश्यक परे बजार संस्थाहरु, जस्तै, सङ्कलन केन्द्रको निर्माण गर्ने ।<br>• बजार सन्जालमा आबद्ध गराउन थोक खरिदकर्ताहरुको पहिचान र उत्पादक र थोक खरिद कर्ता माझ समन्वय गरी सहयोग गर्ने ।<br>• विशेष उत्पादन क्षेत्रमा पायक पर्ने गरी सङ्कलन तथा निर्यात केन्द्रको निर्माण गर्ने ।<br>• उत्पादकहरुलाई बजारीकरणको सीप प्रदान गर्ने । |
| ३. किसानसँगको लागत सहभागितामा कृषिमा यान्त्रिकरण गरिने छ । | • कृषकहरुसँगको लागत सहभागितामा व्यावसायिक कृषिमा यान्त्रिकरणमा सहयोग गरिने छ ।<br>• सहयोगको प्रतिशत गाउँ कार्यपालिकाले तोके बमोजिम हुने छ।<br>• विपन्न वर्ग र सामाजिक रूपमा पछाडि पारिएका वर्गलाई लागत सहभागिताको प्रतिशतमा अन्यको तुलनामा २० प्रतिशत कम गराइने छ । |
| ४. विशेष प्रकारका उत्पादनमा दिइने कृषि अनुदानलाई व्यवस्थित गरिने छ । | • अनुदानलाई उत्पादनमा आधारित बनाउने र अनुदानलाई पूर्वअनुमान योग्य बनाउन न्यूनतम मापदण्ड तोकिने छ ।<br>• व्यक्तिलाई भन्दा समूहमा उत्पादन गर्ने कृषि समूहलाई अनुदानमा प्राथमिकता दिइने छ । |

## ७. प्रमुख कार्यक्रम

### सहक्षेत्र ४.१ कृषि विकास

| योजना र बजेट | एकाइ | लक्ष्य | कार्यान्वयन हुनेस्थान वडा | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | जम्मा ५ वर्ष | लागत सहभागिता | दि.वि. ल.नं |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रत्येक टोलमा भैंसीपालन अनुदान कार्यक्रम | किसान संख्या | ७५ | १ | १५ | १५ | १५ | ७५ | गाउँपालिका र किसान | १,२ |
| बजेट | रु हजार | | | ५०० | ५०० | ५०० | २५०० | | |
| प्रत्येक टोलमा कृषि प्राविधिक खटाउने कार्यक्रम | संख्या | २५ | १,२ | ५ | ५ | ५ | २५ | गाउँपालिका र किसान | १,२ |
| बजेट | रु | | | ३०० | ३०० | ३०० | १५०० | गाउँपालिका | |

| योजना र बजेट | एकाइ | लक्ष्य | कार्यान्वयन हुनेस्थान वडा | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | जम्मा ५ वर्ष | लागत सहभागिता | दि.वि.ल.नं |
|---|---|---|---|---|---|---|---|---|---|
| | हजारमा | | | | | | | र किसान | |
| पारीबगरमा सित भण्डार स्थापना | संख्या | २ | १,२ | १ | ० | १ | २ | | १,२ |
| बजेट | रु हजारमा | | | १००० | ० | १००० | ५००० | गाउँपालिका र किसान | |
| व्यसायिक केरा खेती प्रवद्वन कार्यक्रम | किसान संख्या | २०० | १ | ५० | ७५ | २५ | २०० | | १,२ |
| बजेट | रु हजार | | | २०० | ३०० | ४०० | १५०० | गाउँपालिका र किसान | |
| ताकु र जुडेलाई फलफुल पकेट क्षेत्र निर्माण | किसान संख्या | १२५ | १ | २५ | २५ | २५ | १२५ | | १,२ |
| बजेट | रु हजार | | | ५०० | ६०० | ६०० | २७०० | गाउँपालिका र किसान | |
| ताकु गुल्जरमा ओखर तथा स्याउ खेती | किसान संख्या | ५० | १ | १० | १० | १० | ५० | | १,२ |
| बजेट | रु हजार | | | २०० | ३०० | ५०० | १६०० | गाउँपालिका र किसान | |
| पारीबगर जुडेमा चिउरी खेती र रिठा खेती | किसान संख्या | ५० | १ | १० | १० | १० | १० | | १,२ |
| बजेट | रु हजार | | | २०० | २०० | २०० | १००० | गाउँपालिका र किसान | |
| टोलटोलमा माटो परीक्षण | किसान संख्या | ५०० | सबै वडा | १०० | १०० | १०० | ५०० | | १,२ |
| बजेट | रु हजार | | | ६०० | ६५० | ८०० | ३००० | गाउँपालिका र किसान | |
| कृषकहरुलाई तालिम तथा उन्नत जातको बिउविजन | किसान संख्या | २०० | सबै वडा | ४० | ४० | ४० | २०० | | १,२ |

| योजना र बजेट | एकाइ | लक्ष्य | कार्यान्वयन हुनेस्थान वडा | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | जम्मा ५ वर्ष | लागत सहभागिता | दि.वि. ल.नं |
|---|---|---|---|---|---|---|---|---|---|
| बजेट | रु हजार | | | ४०० | ४०० | ४०० | २००० | गाउँपालिका र किसान | |
| उत्पादनको बजारीकरणमा सहयोग | किसान संख्या | ६० | १ | १२ | १२ | १२ | ६० | | १,२ |
| बजेट | रु हजार | | | ७५० | ८०० | ७५० | ३५०० | गाउँपालिका र किसान | |
| उन्नत जातको घाँसको बिउ वितरण | किसान संख्या | ६०० | १ | १२० | १२० | १२० | ६०० | | १,२ |
| बजेट | रु हजार | | | २०० | २०० | २०० | १००० | गाउँपालिका र किसान | |
| उन्नत जातका फलफुलको बिउ तथा बोट वितरण | किसान संख्या | ६०० | १,५ | १२० | १२० | १२० | ६०० | | १,२ |
| बजेट | रु हजार | | | ५०० | ५०० | ५०० | २५०० | गाउँपालिका र किसान | |
| कमपोष्ट मल वितरण तथा व्यवस्थापन | समुह | १५ | सबै वडामा | ३ | ३ | ३ | १५ | | १,२ |
| बजेट | रु हजार | | | ४०० | ५०० | ६०० | २२०० | गाउँपालिका र किसान | |
| बेमौसमी तरकारी खेती सम्बन्धी तालिम तथा पोलिहाउस निर्माण | समुह | १५ | सबै वडाम | ३ | ३ | ३ | १५ | | १,२ |
| बजेट | रु हजार | | | ६०० | ७०० | ८०० | ३६०० | गाउँपालिका र किसान | |
| तिलेली, भाकेवासा, डुमखाली स्याउ खेती कार्यक्रम | संख्या | ५० | २ | १० | १० | १० | ५० | | १,२ |
| बजेट | रु हजार | | | ३०० | ५०० | ७०० | ३२०० | गाउँपालिका | |

| योजना र बजेट | एकाइ | लक्ष्य | कार्यान्वयन हुनेस्थान वडा | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | जम्मा ५ वर्ष | लागत सहभागिता | दि.वि. ल.नं |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | र किसान | |
| उखु खेती कार्यक्रम | संख्या | १०० | २,३,४,५,६ | २० | २० | २० | १०० | | १,२ |
| बजेट | रु हजार | | | ६०० | ६०० | ६०० | ३००० | गाउँपालिका र किसान | |
| रैथाने, मार्सी, जडैन धानको संरक्षण तथा प्रोत्साहन | संख्या | ७५ | २,४ | १५ | १५ | १५ | ७५ | | १,२ |
| बजेट | रु हजार | | | ७०० | ९०० | १००० | ४००० | गाउँपालिका र किसान | |
| नगदे बाली सम्बन्धी नमुना कार्यक्रम | समुह | १० | ३ | २ | २ | २ | १० | | १,२ |
| बजेट | रु हजार | | | ५०० | ५०० | ५०० | २५०० | गाउँपालिका र किसान | |
| अदुवा र बेसार पकेट क्षेत्र निर्माण | संख्या | ३०० | ३,५,६ | ६० | ६० | ६० | ३०० | | १,२ |
| बजेट | रु हजार | | | ६०० | ६०० | ६०० | ३००० | गाउँपालिका र किसान | |
| वडाका किसान समुहहरुलाई र थ्रेसर वितरण | समुह | ६ | सबै वडा | १ | १ | २ | ६ | | १,२ |
| बजेट | रु हजार | | | १५०० | १५०० | १५०० | ७५०० | गाउँपालिका र किसान | |
| वडामा रहेका किसान समुहहरुलाई हाते ट्याक्टर वितरण | समुह | १२ | सबै वडाहरु | २ | २ | २ | १२ | | १,२ |
| बजेट | रु हजार | | | १००० | १००० | १००० | ५००० | गाउँपालिका र किसान | |
| गाँजा खेति, | संख्या | २०० | ४,५ | ४० | ४० | ४० | २०० | | १,२ |

| योजना र बजेट | एकाइ | लक्ष्य | कार्यान्वयन हुनेस्थान वडा | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | जम्मा ५ वर्ष | लागत सहभागिता | दि.वि. ल.नं |
|---|---|---|---|---|---|---|---|---|---|
| सनपाट खेति प्रवर्द्धन | | | | | | | | | |
| बजेट | रु हजार | | | ३०० | ३०० | ३०० | १५०० | गाउँपालिका र किसान | |
| आलु पकेट क्षेत्र निर्माण | संख्या | २०० | ५ र ६ | ४० | ४० | ४० | २०० | | १,२ |
| बजेट | रु हजार | | | ४०० | ४०० | ४०० | २००० | गाउँपालिका र किसान | |
| राज्मा खेति | संख्या | ५० | ५ र ६ | १० | १० | १० | ५० | | १,२ |
| बजेट | रु हजार | | | १०० | १०० | १०० | ५०० | गाउँपालिका र किसान | |
| स्याउ, ओखर, आलु खेति | संख्या | ६० | ५ | १२ | १२ | १२ | ६० | | १,२ |
| बजेट | रु हजार | | | ५०० | ५०० | ६०० | ३५०० | गाउँपालिका र किसान | |
| रिठा, दालचिनी, अमला खेतीमा अनुदान | संख्या | ३०० | ६ | ६० | ६० | ६० | ३०० | | १,२ |
| बजेट | रु हजार | | | ५०० | ५०० | ५०० | २५०० | गाउँपालिका र किसान | |
| सिरुली फलफुल तथा तरकारी पकेट क्षेत्र | समुह | ३ | ६ | १ | ० | १ | ३ | | १,२ |
| बजेट | | | | ४०० | ६०० | ८०० | ३००० | गाउँपालिका र किसान | |
| कृषि उपज संकलन केन्द्र निर्माण | संख्या | १ | ६ | ० | १ | ० | १ | | १,२ |
| बजेट | रु हजार | | | ५०० | ५०० | ५०० | १५०० | गाउँपालिका र किसान | |

**८. अपेक्षित उपलब्धि**

| सुचक | आधार बर्ष २०८१/८२ | २०८६/८७ सम्मको योजना |
|---|---|---|

| | | |
|---|---|---|
| खेती गर्ने किसान परिवार संख्या | ३०० | ९०० |
| **उत्पादन/बिकी** | | |
| वार्षिक खाद्यान्न उत्पादन मे.टन | १२९८.२२ मे.टन | २५०० मे.टन |
| ताजा तरकारी उत्पादक कृषक संख्या | ५९० | १००० |
| वार्षिक ताजा तरकारी उत्पादन मे.टन | १६७ मे.टन | ५०० मे.टन |
| आलु उत्पादक कृषक संख्या | ७०० | ९०० |
| वार्षिक आलु उत्पादन मे.टन | १५६ मे.टन | ५०० मे.टन |
| फलपुल उत्पादक कृषक संख्या | १७० | ३५० |
| वार्षिक फलफूल उत्पादन मे.टन | ५६२ मे.टन | ८०० मे.टन |
| भटमास उत्पादक कृषक संख्या | ३०० | ५५० |
| वार्षिक भटमास उत्पादन मे.टन | ९ मे.टन | ३० मे.टन |
| सिमी उत्पादक कृषक संख्या | १९० | ३०० |
| बार्षिक सिमि उत्पादन मे.टन | २०० मे.टन | ७०० मे.टन |
| मह उत्पादक कृषक संख्या | ३० | १०० |
| बार्षिक मह उत्पादन | ०.५ मे.टन | २.५ मे.टन |
| अन्य मसाला बाली अदुवा, बेसार, लसुन, प्याज उत्पादक कृषक संख्या | २५० | ४०० |
| अदुवा | ४.४ मे.टन | ७.५ मे.टन |
| बेसार | ५ मे.टन | ८ मे.टन |
| लसुन तथा प्याज | ५३ मे.टन | १५० मे.टन |

## ४.२ पशुपंक्षी विकास

### १. वस्तुगत विवरण

यस गाउँपालिकामा बनजंगल र पशुचौपायाहरुका लागि आवश्यक चरण क्षेत्र प्रशस्तै रहेको छ। तथापी, हाल बनजंगल तथा चरिचरन क्षेत्रको अभाव, पशुपालन प्रति नयाँ पिढीमा लगाव नहुनु र हाल रोजगारीको लागि विदेशिने प्रचलन ग्रामिण क्षेत्रमा पनि बढ्दै गईरहेकोले पशुपालन गर्ने घरपरिवार संख्या र पशुचौपाया संख्या घट्दै गैरहेको छ। विगतमा यस मार्मा गाउँपालिकाका मानिसहरुले प्रसस्त मात्रामा भेडा बाखा, भैंसी, गाईगोरु पालन गर्ने गरेको भएतापनि हाल पशुपन्छी पालन घट्दै गईरहेको देखिन्छ। यस गाउँपालिकामा पशुपन्छी पालनको संख्या हेर्दा सबैभन्दा बढी करिव १०,२२३ भेडाबाखा, ८,८३१ गाईगोरु, २,६१६ कुखुरा/हाँस, १,४४४ भैसी/राँगा, १३२ घोडाखच्चड, ४२९ माहुरीघार रहेको देखिन्छ। (पालिका प्रोफाइल,२०८०)

### २. सम्भावना र अवसर

यो गाउँपालिकामा अधिकांश पहाडी र केही मैदानी भाग रहेको अवस्था छ । यो भौगोलिक अवस्थामा पशु आहाराका लागि चरन तथा घाँस पाइने अवस्था रहेको हुन्छ। बाखा, कुखुरा तथा अन्य पशुजन्य उत्पादन जस्तै मासु तथा दुग्धजन्य उत्पादनलाई बजारीकरणका लागि ७२ वटै बस्तीमा १२ महिना यातायातको सुविधा र बाटो घाटोको अवस्था राम्रा हुने कम रहेको हुँदा पशु पालक व्यावसायिक कृषकको संख्या वृद्धि गर्दै हाल भैरहेको पशुपक्षी संख्यामा वृद्धि गरी बजारीकरण गर्ने सकिने सम्भावना प्रशस्त रहेको अवस्था छ ।

### ३. समस्या तथा चुनौती

यस गाउँपालिकाभित्र पशुपक्षी उत्पादनका केही समस्या तथा चुनौती छन्, जस्तैः पशुपालनतर्फ उन्नत जातको गाईभैंसी, बाखापालन नहुनु, आधुनिक किसिमको गोठ, खोरको व्यवस्थामा अझै कमी, उन्नत घाँसको व्यवस्था नहुनु तथा दक्ष प्राविधिकको सेवा विस्तार हुन नसक्नु, सरल कर्जाको व्यवस्था नहुनु, उत्पादकत्व वृद्धि, बजार को सञ्जाल निर्माण, उत्पादनमा संलग्न किसानहरुको व्यावसायिक दक्षता अभिवृद्धि जस्ता कार्य अझै पनि चुनौतीको रूपमा रहिरहेको छ । कुना काप्चामा एग्रोभेटको अभाव, उन्नत जातको घाँसहरुको कमी, दक्ष जनशक्तिको अभाव, पशु स्वास्थ्य उपकरणको कमी, नस्ल सुधारको अझै कमी, भेटेरीनरी प्रसार सेवाको कमीजस्ता पक्ष पनि थप समस्याको रूपमा रहेका छन् ।

**४. लक्ष्यः** मार्मा बासीको पौष्टिकता र आय वृद्धिका लागि उन्नत जातका पशुपक्षी उत्पादन तथा बजारीकरणमा वृद्धि गर्ने ।

**५.उद्देश्यः**

- उन्नत पशुपक्षीमा विविधिकरण र व्यावसायीकरण गर्ने ।
- नस्ल सुधार, गोठ सुधार र पशु बीमामा जोड दिने ।
- पशु उत्पादनको बजारीकरणमा सहजता ल्याउँने ।
- पशुजन्य उत्पादनको प्रशोधन र बजारीकरणमा सहयोग गर्ने ।

### ६. रणनीति तथा कार्यनीतिः

| रणनीति | कार्यनीति |
|---|---|
| १. पशुपक्षीको नस्ल सुधार गरी व्यवसायलाई नतिजामुखी दिगो बनाइने छ। | • नस्ल सुधार गर्नु पर्ने पशुपालक कृषकको पहिचान गरी नस्ल सुधारबारे सचेतना जगाउने ।<br>• गाई भैसी, बाखा तथा बङ्गुरको किसानसँगको लागत सहभागितामा नस्ल सुधारका गर्ने<br>• नस्ल सुधार भएका चौपायाको लालन पालनमा किसानहरुलाई सहयोग गर्ने<br>• त्यस्ता चैपायाको बजारीकरणमा सहयोग गर्ने |

| | |
|---|---|
| २. पशुपक्षीमा व्यावसायीकरणमा जोड दिइने छ । | • पकेट क्षेत्र पहिचान<br>• किसानलाई आवश्यक तालिम<br>• लागत सहभागितामा पशु धन खरिद<br>• नस्ल सुधारमा जोड दिने ।<br>• व्यावसायिक बन्न इच्छुक कृषकलाई पशुपक्षीमा व्यावसायीकरणबारे सचेतना गराईने छ ।<br>• उनीहरुले छनोट गरेका पशु पैदावारको व्यावसायिक योजना बनाउन सहजीकरण गरिने छ ।<br>• लगानी सुनिश्चित्तताका लागि बैंक तथा वित्तीय संस्थाहरुसँग समन्वय गराइने छ ।<br>• साना लगानी कर्ताहरुको हकमा त्यस्ता साना किसानको लागत अद्यावधिक गर्ने ।<br>• त्यस्ता किसानको व्यावसायिक क्षमताको विकास गर्न व्यवसाय विकास सेवा प्रदायकहरुको सहयोग लिई उनीहरुलाई आवश्यक सीप प्रदान गर्ने ।<br>• आयमूलक पशु व्यवसाय छनोट र सञ्चालन गर्न ऋणमा पहुँच वृद्धि र प्रविधिसँग जोड्न सहयोग गर्ने । |
| ३. बजारसँगको सञ्जाल निर्माण गरी पशुपक्षीको व्यावसायीकरण तथा बजारीकरणका लागि बजार सन्जालमा पशुपालक कृषक हरुलाई जोड्न सहयोग गरिने छ । | • यसरी व्यावसायिककरणमा सहयोग गरिएका साना किसानहरुको उत्पादनको बजारीकरण गर्न आवश्यक परे बजार संस्थाहरु जस्तै सङ्कलन केन्द्रको निर्माण तथा बजार सन्जालमा आबद्ध गराउन थोक खरिदकर्ताहरुको पहिचान र उत्पादक र थोक खरिद कर्ता माझ समन्वय गरी सहयोग गर्ने र विशेष उत्पादन क्षेत्रमा पायक पर्ने गरी आवश्यक परेमा सङ्कलन तथा निर्यात केन्द्रको निर्माण गर्ने ।<br>• उत्पादकहरुलाई बजारीकरणको सीप प्रदान गर्ने ।<br>• उत्पादकहरु र थोक विक्रेताहरु बीच अन्तरक्रियाको व्यवस्था पछि उत्पादकहरु र थोक विक्रेताहरुबीच खरिद विक्रि सम्झौताको लागि सहजीकरण गर्ने । |
| ४. पशु बीमामा जोड । | • यस्तो सेवा दाताहरु र किसान समूहबीच अन्तरकिया तथा भेटघाट जस्ता कार्यहरु गराइने ।<br>• बाली बीमाबारे अन्य प्रचार प्रसार गरी यसलाई किसानको हितमा प्रभावकारी बनाईने छ ।<br>• बीमा सहजकर्ताको सेवा घरदैलोमा नै उपलब्ध गराउने |

**७. प्रमुख कार्यक्रमः**

| योजना र बजेट | एकाइ | लक्ष्य | कार्यान्वयन हुने स्थान | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | जम्मा ५ वर्ष | लागत सहभागिता | दि.वि.ल.नं |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रत्येक फर्ममा माछाको दाना बनाउने मेसिन | समूह संख्या | १० | १ | २ | २ | २ | १० | | १,२,१३ |
| बजेट | रु हजार | | | १५० | १५० | १५० | ७५० | गाउँपालिका र किसान | |
| मौरीपालन, माछापालन, बाख्रापालनलाई निरन्तरता | संख्या | ६०० | सबै वडा | २०० | १०० | १०० | ६०० | | १,२,१३ |
| बजेट | रु हजार | | | २५० | १५० | १५० | ८५० | गाउँपालिका र किसान | |
| पशुपन्छीमा लाग्न सक्ने रोगको औषधि उपचार | समूह संख्या | ३ | १ | १ | | १ | ३ | | १,२,१३ |
| बजेट | रु हजार | | | ७५ | | ७५ | २२५ | गाउँपालिका र किसान | |
| गोठ तथा खोर सुधार कार्यक्रम | किसान संख्या | ५०० | १,२ | १०० | १०० | १०० | ५०० | | १,२,१३ |
| बजेट | रु हजार | | | १०० | १०० | १०० | ५०० | गाउँपालिका र किसान | |
| उन्नत जातको गाई, भैंसी तथा बाख्रा पालन | समूह | १८ | सबै वडा | ४ | ४ | ४ | १८ | | १,२,१३ |
| बजेट | रु हजार | | | ३०० | ३०० | ३०० | १५०० | गाउँपालिका र किसान | |
| घाँस काट्ने मेसिन वितरण | समूह | १५ | सबै वडा | ५ | ५ | ५ | १५ | | १,२,१३ |
| बजेट | रु हजार | | | १५० | १५० | १५० | ७५० | गाउँपालिका र किसान | |

| योजना र बजेट | एकाइ | लक्ष्य | कार्यान्वयन हुने स्थान | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | जम्मा ५ वर्ष | लागत सहभागिता | दि.वि. ल.नं |
|---|---|---|---|---|---|---|---|---|---|
| नशल सुधार | किसान संख्या | ३०० | सबै वडा | ५० | ५० | १०० | ३०० | | १,२,१३ |
| बजेट | रु हजार | | | ५० | ५० | ५० | २५० | गाउँपालिका र किसान | |
| गड्यौला खेती प्रर्वधन | समूह | ४ | ५ | १ | १ | | ४ | | १,२,१३ |
| बजेट | रु हजार | | | ५० | ५० | ५० | २५० | गाउँपालिका र किसान | |
| कुखुरा पालन | किसान संख्या | १८० | सबै वडामा | ४० | ४० | ४० | १८० | | १,२,१३ |
| बजेट | रु हजार | | | ७५ | ७५ | ७५ | ३७५ | गाउँपालिका र किसान | |
| बंगुर पालन कार्यक्रम | किसान संख्या | २०० | सबै वडामा | ५० | | ५० | २०० | | १,२,१३ |
| बजेट | रु हजार | | | १०० | | १०० | ४०० | गाउँपालिका र किसान | |

## ८. अपेक्षित उपलब्धि

| सुचकहरु | आधार वर्ष २०८१/८२ | २०८६/८७ सम्मको योजना |
|---|---|---|
| व्यावसायिक गाई भैंसी पालक कृषक संख्या | ५० जना | २०० जना |
| गाई भैंसीको संख्या | १५० वटा | २५० वटा |
| वार्षिक दूध उत्पादन | २.५ हजार लिटर | ३.५ हजार लिटर |
| व्यावसायिक बाख्रापालक कृषक सख्या | १५० परिवार | जम्मा घरधुरीको ७५ प्रतिशत |
| खसी, बाख्रा तथा भेडाको संख्या | १४५०० | १८००० |
| व्यावसायिक कुखुरा पालक कृषक संख्या | १३ जना | ४० जना |
| हाँस, कुखुरा र बट्टाईको संख्या | १५००० वटा | २५००० वटा |
| बङ्गुर पालक कृषक संख्या | ३ जना | २५ जना |
| बङ्गुरको संख्या | ४० वटा | ५०० वटा |
| बार्षिक मासु उत्पादन मे.टन मा | ८.५ मे.टन | १२ मे.टन |

| | | |
|---|---|---|
| वार्षिक अण्डा उत्पादन (गोटामा) | २००० वोटा | ३५०० गोटा |

## ४.३ सिँचाइ

**१.वस्तुगत विवरण**

यस मार्मा गाउँपालिकामा सिँचाईको लागि उपयुक्त हुने खालका प्रशस्त खोलानाला तथा मुहानहरु रहेका भएता पनी खेतीपातीको लागि आवश्यक सिँचाई सबै बस्तिहरुमा उपलब्ध हुन सकेको छैन। भिरालो जमिनको बनावट र सिँचाई कुलो निर्माणका लागि असजिलो भू-भाग रहेकोले पनि सबै खेतीयोग्य जमिनमा सिँचाई सुविधा उपलब्ध गराउन कठिन रहेको छ। सर्वेक्षणबाट प्राप्त तथ्यांकहरुको विश्लेषण गर्दा हालसम्म आकासे पानीको भरमा खेती गर्ने घरधुरीहरु ९६६ (३४.५%) रहेका छन। त्यसैगरी बर्खायाममा मात्रै सिँचाई सुविधा भएका घरपरिवार संख्या ४६३(१६.५%) र बाह्रै महिना सिँचाई सुविधा प्राप्त गर्ने घरपरिवार संख्या ९५२(३४%) रहेका छन। साथै हाल सिँचाई सुबिधा नभएका तर प्राबिधिक दृष्टिकोणले सिँचाई निर्माण गर्न सकिएको खण्डमा सिँचाईसेवा बाट लाभान्वित हुनसक्ने घरपरिवार संख्या ४२२ अर्थात करिब १५% रहेको देखिन्छन। (पालिका प्रोफाइल,२०८०)

**२.सम्भावना र अवसर**

यस गाउँपालिकामा सिँचाईको लागि उपयुक्त हुने खालका १२ महिना जल प्रवाह हुने खोलानाला तथा मुहानहरु भएका कारण ज्यादै साना साना सिँचाइ सुविधा विस्तार गर्न सम्भव रहेको अवस्था छ । पहाडी उच्च भेगमा थोपा सिँचाइ, प्लास्टिक पोखरी, रिचार्ज पोखरी जस्ता प्रविधिबाट सिँचाइ गर्न सकिने छ ।

**३.समस्या तथा चुनौती**

संचालित सबै सिँचाइ आयोजनाको नियमित रूपमा मर्मत सम्भार नहुनु, सिँचाइका स्रोतहरुको संरक्षण नहुनु एवं सिँचाइ सुविधाबाट वञ्चित क्षेत्रका लागि वैकल्पिक सुविधाको कमी मुख्य चुनौतीको रूपमा रहेको देखिन्छ । त्यसैगरी, पालिकाको तल्लो तटमा मात्र ज्यादातर पानीको स्रोत भएको हुँदा लिफ्ट गरेर ल्याउँदा सिँचाइको विकास गर्न बढी महँगो र बढी समय लाग्ने अवस्था छ ।

**४. लक्ष्यः** सिँचाइ हुने जमिनको प्रतिशत वृद्धि गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने

**५. उद्देश्यः**

- नयाँ सिंचाइ योजनाहरुको निर्माण गर्ने
- भैरहेकाको मर्मत र स्तरोन्नति गर्ने
- भैरहेका सिँचाइ योजनाको विस्तार गर्ने
- पानी सङ्कलन पोखरीहरुको निर्माण तथा मर्मत संभार गर्ने
- मूल संरक्षणमा विशेष पहल गरिने ।

## ६. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. असिञ्चित कृषियोग्य जमिनमा सिंचाइको विस्तार गरिने छ । | • भरपर्दो सोहरुको पहिचान र समीक्षा ।<br>• पूराना र अवस्था बिग्रिएका योजनाहरुको स्तरोन्नति गरी दिगो बनाइने ।<br>• सिंचाइ योजनाहरु निर्माण तथा विस्तार गर्न लागत सहभागितालाई बढी जोड दिइने ।<br>• उपल्लो तटमा साना साना सिंचाइ योजनाहरुको विकास गरिने छ । |
| २. सिंचाइ प्रणालीलाई दिगो बनाउन परम्परागत शैली र आधुनिक प्राविधिको प्रयोग गरिने छ। | • हराउँदै र सुक्दै गएका पोखरीहरुको संरक्षण गरिने छ<br>• कुवा हरुको संरक्षण गर्ने<br>• नयाँ पोखरीहरुको निर्माण गरी वर्षको पानी सङ्कलनमा जोड दिइने छ।<br>• मूल तथा मुहानको संरक्षण गर्ने |

## ७.प्रमुख कार्यक्रम

| योजना र बजेट | एकाइ | लक्ष्य | कार्यान्वयन हुने स्थान | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | जम्मा ५ वर्ष | लागत सहभागिता | दि.वि.ल.नं |
|---|---|---|---|---|---|---|---|---|---|
| दर्मघरमाथि सिँचाई योजना | | | १ | | | | | | १,२,१३ |
| **बजेट** | रु | | | ५०० | ५०० | ४०० | २४०० | | |
| जुरे लिफ्टिंग सिँचाई | | | १ | | | | | | १,२,१३ |
| **बजेट** | रु | | | ५०० | ५०० | ५०० | २५०० | | |
| ताकुमा सिँचाई नहर निर्माण | | | १ | | | | | | १,२,१३ |
| **बजेट** | रु | | | २०० | ५०० | ४०० | २१०० | | |
| घट्टेगाडा सिँचाई नहर | | | १ | | | | | | १,२,१३ |
| **बजेट** | रु | | | २०० | ८०० | ५०० | ३८०० | | |
| जुरे शाखा सिँचाई | | | १ | | | | | | १,२,१३ |
| **बजेट** | रु | | | ५०० | ५०० | ४०० | ४८०० | | |

| योजना र बजेट | एकाइ | लक्ष्य | कार्यान्वयन हुने स्थान | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | जम्मा ५ वर्ष | लागत सहभागिता | दि.वि.ल.नं |
|---|---|---|---|---|---|---|---|---|---|
| कोरथला, जमन्थला,नैन्याला सिँचाई निर्माण | | | २ | | | | | | १,२,१३ |
| **बजेट** | रु | | | १००० | ३००० | २५०० | ७५०० | | |
| जडाघर, नेटा, धोकेबासा, लमकाट, डिमेट, रुम्टेमाझ, सिराड, चौपाता आकाशे पानी ट्यांकी निर्माण | | | २ | | | | | | १,२,१३ |
| **बजेट** | रु | | | ६०० | ६०० | ६०० | ४००० | | |
| सिमडाङ देखि चौडेलीसम्म सिँचाइ कुलो निर्माण | | | २ | | | | | | १,२,१३ |
| **बजेट** | रु | | | ६०० | ९०० | ८०० | ६८०० | | |
| मटेला सिँचाई योजना मल्ला चौड पाइप सिँचाइ निर्माण | | | २ | | | | | | १,२,१३ |
| **बजेट** | रु | | | २०० | १५० | १५० | ६०० | | |
| डाङ पाइप सिँचाइ निर्माण | | | २ | | | | | | १,२,१३ |
| **बजेट** | रु | | | १०० | ५०० | १०० | ८०० | | |
| वनसाडी देखि ठुलावन सम्म पाइप सिँचाइ | | | २ | | | | | | १,२,१३ |

| योजना र बजेट | एकाइ | लक्ष्य | कार्यान्वयन हुने स्थान | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | जम्मा ५ वर्ष | लागत सहभागिता | दि.वि.ल.नं |
|---|---|---|---|---|---|---|---|---|---|
| निर्माण | | | | | | | | | |
| **बजेट** | रु | | | १०० | १५० | ४०० | ९०० | | |
| वजानी सिँचाई ट्याङ्की निर्माण | | | ३ | | | | | | १,२,१३ |
| **बजेट** | रु | | | १५० | १५० | १५० | ६०० | | |
| वडाभरि थोपा सिँचाइ कार्यक्रम | | | ३,४ | | | | | | १,२,१३ |
| **बजेट** | रु | | | १०० | १०० | १०० | ५०० | | |
| रिल पहिरा सेरीधार लिफ्ट सिँचाई | | | ३ | | | | | | १,२,१३ |
| **बजेट** | रु | | | ५०० | १००० | ५०० | ४५०० | | |
| रिजडा - धारिगाड फिरफिरे सिँचाई | | | ४ | | | | | | १,२,१३ |
| **बजेट** | रु | | | १२०० | १५०० | १५०० | ५२०० | | |
| भारी सिँचाई धारिगाड | | | ४ | | | | | | १,२,१३ |
| **बजेट** | रु | | | ८०० | ५०० | ४०० | ३५०० | | |
| होणे सिँचाई योजना | | | ४ | | | | | | १,२,१३ |
| **बजेट** | रु | | | ४५० | ७५० | १५० | २७५० | | |
| विन्धी, वसौरा, सिमलटार सिँचाई आयोजना | | | ४ | | | | | | १,२,१३ |
| **बजेट** | रु | | | १५०० | ५०० | ७५० | ६५५० | | |
| आकाशे ट्याङ्की निर्माण | | | ४ | | | | | | १,२,१३ |

| योजना र बजेट | एकाइ | लक्ष्य | कार्यान्वयन हुने स्थान | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | जम्मा ५ वर्ष | लागत सहभागिता | दि.वि.ल.नं |
|---|---|---|---|---|---|---|---|---|---|
| **बजेट** | रु | | | १५० | १५० | १५० | ६०० | | |
| लोटौन सिँचाई आयोजना | | | ४ | | | | | | १,२,१३ |
| **बजेट** | रु | | | १५० | १५० | १५० | ७५० | | |
| पानिमुल-पडपडा सिँचाई | | | ४ | | | | | | १,२,१३ |
| **बजेट** | रु | | | ९०० | ५०० | ८०० | ३५००० | | |
| बगर सिँचाई नहर पडपडा | | | ४ | | | | | | १,२,१३ |
| **बजेट** | रु | | | ९५० | ७५० | ५५० | ३७५० | | |
| घोडेघार लिफ्ट सिँचाई कचुलखोका | | | ४ | | | | | | १,२,१३ |
| **बजेट** | रु | | | ३५० | २५० | ३५० | १२०० | | |
| रेला - उनगाड सिँचाई आयोजना | | | ४ | | | | | | १,२,१३ |
| **बजेट** | रु | | | ५०० | ८०० | ५०० | २८००० | | |
| रिगुनखोला देखि पडपडा हुँदै मर्मीति सम्म सिँचाई आयोजना | | | ४ | | | | | | १,२,१३ |
| **बजेट** | रु हजार | | | १५०० | ९०० | ८०० | ३५०० | | |
| मेलेगाड सिँचाई आयोजना | | | ५ | | | | | | १,२,१३ |
| **बजेट** | रु हजार | | | ७५० | १५० | ५०० | २००० | | |

| योजना र बजेट | एकाइ | लक्ष्य | कार्यान्वयन हुने स्थान | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | जम्मा ५ वर्ष | लागत सहभागिता | दि.वि.ल.नं |
|---|---|---|---|---|---|---|---|---|---|
| वसौर सिँचाई आयोजना | | | ५ | | | | | | १,२,१३ |
| **बजेट** | रु हजार | | | ८०० | ५०० | ९०० | ३५०० | | |
| सिलाजु सिँचाई योजना मुरै | | | ५ | | | | | | १,२,१३ |
| **बजेट** | रु हजार | | | ५०० | ५०० | ८०० | ४५०० | | |
| जन्नीगाउँ मुरै बृहत सिँचाई योजना | | | ५ | | | | | | १,२,१३ |
| **बजेट** | रु हजार | | | २५०० | १८०० | १०००| ९७०० | | |
| गोल्फा सिँचाई योजना | | | ५ | | | | | | १,२,१३ |
| **बजेट** | रु हजार | | | १५०० | २००० | ३०० ० | ७५०० | | |
| सिलाजु नखी सिँचाई योजना | | | ५ | | | | | | १,२,१३ |
| **बजेट** | रु हजार | | | १५०० | १४०० ० | ५०० | ५५०० ० | | |
| वासाड बद्रे सिँचाई योजना | | | ५ | | | | | | १,२,१३ |
| **बजेट** | रु हजार | | | १३०० | १४०० | २५०० | ७५०० | | |
| जन्नीगाउँ सिँचाई आयोजना | | | ५ | | | | | | १,२,१३ |
| **बजेट** | रु हजार | | | २५०० | ३५०० | १५०० | ९००० | | |

| योजना र बजेट | एकाइ | लक्ष्य | कार्यान्वयन हुने स्थान | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | जम्मा ५ वर्ष | लागत सहभागिता | दि.वि.ल.नं |
|---|---|---|---|---|---|---|---|---|---|
| वारौ सिँचाई योजना | | | ५ | | | | | | १,२,१३ |
| **बजेट** | रु हजार | | | १५०० | १५०० | ५०० | ७५०० | | |
| थोपा सिँचाई कार्यक्रम | | | सबै वडाहरूमा | | | | | | १,२,१३ |
| **बजेट** | रू हजार | | | २५० | ३०० | ३५० | १६०० | | |
| सिराड, ताराकोट, बाजा सिँचाई आयोजना | | | ६ | | | | | | १,२,१३ |
| **बजेट** | रू हजार | | | १५०० | २५०० | ९५० | ७५५० | | |
| लिम्माड,मौरो सिँचाई कुलो निर्माण | | | ६ | | | | | | १,२,१३ |
| **बजेट** | रू हजार | | | १५० | १५० | १५० | ७५० | | |
| घोराड़े सिँचाई कुलो निर्माण | | | ६ | | | | | | १,२,१३ |
| **बजेट** | रू हजार | | | १५० | १५० | १५० | ७५० | | |
| सिरुली सिँचाई आयोजना | | | ६ | | | | | | १,२,१३ |
| **बजेट** | रू हजार | | | २५० | ३०० | ३५० | १५०० | | |
| पत्थरकाँडा सिँचाई आयोजना | | | ६ | | | | | | १,२,१३ |
| **बजेट** | रू | | | २०० | २०० | २०० | १००० | | |

| योजना र बजेट | एकाइ | लक्ष्य | कार्यान्वयन हुने स्थान | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | जम्मा ५ वर्ष | लागत सहभागिता | दि.वि.ल.नं |
|---|---|---|---|---|---|---|---|---|---|
| | हजार | | | | | | | | |
| चौलानी नदीबाट सिराड, निम्ठा, गोलेकुडी लिफ्ट सिंचाई आयोजना | | | ६ | | | | | | १,२,१३ |
| **बजेट** | रू हजार | | | ७००० | ८००० | ९०० ० | ४०००० | | |
| मौरे, निम्ठा गोलेकुनी लिफ्ट सिंचाई आयोजना | | | ६ | | | | | | १,२,१३ |
| **बजेट** | रू हजार | | | ७००० | ८००० | ५००० | ५५०० ० | | |
| माङदाङ छिपान सिंचाई योजना | | | ६ | | | | | | १,२,१३ |
| **बजेट** | रू हजार | | | ५०० | ५०० | ५०० | ३५०० | | |
| थला हाट सिंचाई योजना | | | ६ | | | | | | १,२,१३ |
| **बजेट** | रू हजार | | | २००० | १७५० | १७५० | ६२५० | | |
| निम्ठा मौरे सिंचाई योजना | | | ६ | | | | | | १,२,१३ |
| **बजेट** | रू हजार | | | २५०० | १५०० | २५०० | ८५०० | | |
| चेतकली बौडिमा माङदाङ थोपा सिंचाई | | | ६ | | | | | | १,२,१३ |
| बजेट | रू हजार | | | ५०० | २०० | २०० | १५०० | | |

**८. अपेक्षित उपलब्धि**

| सुचकहरु | आधार वर्ष २०८१/८२ | २०८६/८७ सम्मको योजना |
|---|---|---|
| खेती गरिएको जमिन मध्ये जम्मा सिंचित क्षेत्रफ़ल | ४५ प्रतिशत | ८० प्रतिशत |
| (पूर्ण सिंचित) १२ महिना सिँचाई हुने जमिन | ३० प्रतिशत | ५० प्रतिशत |
| आशिक सिंचित जमिन | १५ प्रतिशत | ३० प्रतिशत |
| असिन्चित जमिन | ५५ प्रतिशत | २० प्रतिशत |

## ४.४ उद्योग तथा वाणिज्य

**१.बस्तुगत विवरण**

यस गाउँपालिकामा उपलब्ध प्राकृतिक श्रोतहरुको प्रयोग गरि स्थानीयस्तरमा लघु उद्योगहरु संचालन गर्न सकिने प्रचुर सम्भावना रहेको छ। यस गाउँपालिकाका मर्मति तथा च्युरानी बस्तीहरुमा च्युरी प्रशस्त रुपमा पाइने हुँदा त्यसको बनस्पति तेल तथा च्युरीबाट साबुन बनाउने खालका लघु उद्योगहरु संचालन गर्न सकिने सम्भावना रहेको देखिन्छ। त्यसका साथै वडा नं १ र २ मा नेपाली कागज बनाउन आवश्यक पर्ने लोक्ता प्रसस्त हुने हुँदा नेपाली हाते कागजका लघु उद्योगको सम्भावना रहेको छ। यस गाउँपालिका हाताभित्र नदि तथा खोला प्रसस्त रहेको हुँदा अधिकांश घरपरिवारहरु पिसानीका लागि परम्परागत पानी घट्टको प्रयोग गर्दछन भने कुटानीको लागि ढुंगे ओखल (परम्परागत ढिकी) को प्रयोग गर्दछन। हाल विद्युत सेवा बिस्तार भएसंगै कुटानी, पिसानी र तेल पेल्न केहि ठाउंहरुमा विद्युतबाट चल्ने मिलहरु पनि संचालन भएका छन्।

यस गाउँपालिका अपी हिमाल गाउँपालिकाको पनि एकमात्रै प्रवेशमार्ग भएको कारणले व्यापार व्यवसायका सम्भावनाहरु प्रशस्त रहेका छन्। स्थानीय स्तरमा विकास निर्माणका कार्यहरु पनि तिव्रगतिमा भैरहेका हुँदा र मानिसहरुको चहलपहल पनि बढ्दै गैरहेको हुँदा थोक तथा खुद्रा पसल, होटेल तथा रेस्टुरेन्ट, हार्डवयर पसल, स्टेशनरी, सिलाइकटाईका साथै कृषि तथा अन्य स्यानीय श्रोत सामग्रीमा आधारित पेशा व्यव्साय्हरुको एकदमै सम्भावना रहेको छ। यस गाउँपालिकामा मानिसहरुले विभिन्न पेशाव्यबसाय गर्दै आइरहेका छन्। गाउँपालिका प्रोफाइल बाट प्राप्त तथ्यांक अनुसार यस गाउँपालिकाका विभिन्न ठाउहरुमा साना पसल तथा व्यवसायहरु संचालनमा रहेतापनि व्यबस्थित ढंगले दर्ता भएर संचालन भएका छैनन। मुख्य व्यापार व्यवसायको रुपमा यस गाउँपालिका भित्र २५२ वटा रहेका छन्। जसमध्ये १२७ (५०%) खुद्रा तथा थोक पसल, ३३ (१३%) वटा होटेल/रेस्टुरेन्ट, ३२ (१२.७%) वटा सिलाइ कटाई, १९ (७.५%) वटा यातायात, ६(२.४%) वटा हार्डवयर पसल, ६(२.४%) बटा स्टेशनरी, र १५(६%) वटा क्लिनिक पसल/व्यबसाय रहेका छन्।

**२.सम्भावना र अवसर**

यो पालिकाभित्र उच्च मूल्यका बाली विभिन्न प्रकारका जडीबुटी, सिमी, आलुलगायत नगदे बाली उत्पादन भई रहेको तथा तिनीहरुको व्यापक रुपमा व्यावसायिक उत्पादन गर्न सकिने सम्भावना रहेको तथा फलफूलको पनि उत्पादन भई रहेको हुँदा स्थानीय स्रोत तथा सीप, बजारको माग र सम्भावित उद्यमीको चाहनाको तालमेलमा एकीकृत सेवाहरुको अवधारणा, जस्तैः १) उद्यम विकासका लागि पूर्व तयारी, जस अन्तर्गत, स्रोत साधनको सर्वेक्षण, लक्षित समूह पहिचान, बजारको माग अद्यावधिक गर्ने जस्ता कार्यहरु र सामाजिक परिचालन अन्तर्गत गा.पा. वडा तथा बस्तीस्तरको अभिमुखीकरण आदि । २) उद्यमशीलता विकास ३) प्राविधिक सीप विकास ४) वित्तीय सेवामा पहुँच ५) उपयुक्त प्रविधिमा पहुँच, तथा ६ उत्पादनहरुको बजारीकरण र केही वर्षसम्म निरन्तर प्राविधिक सेवा प्रवाह जस्ता सेवालाई उद्यम विकास सहजकर्तामार्फत सेवा दिई स्थानीय स्रोत साधनमा आधारित उद्यम व्यवसाय सिर्जना गर्ने सम्भावना प्रशस्त छ ।

## ३.समस्या तथा चुनौती

उद्योग तथा व्यवसाय सञ्चालनसम्बन्धी पर्याप्त सीप तथा जानकारीको कमी हुनु, उद्योग सिर्जना, विकास र सञ्चालनसम्बन्धी एकीकृत सेवा प्रवाह नहुनु, तालिम पर्याप्त नहुनु, परम्परागत व्यवसायलाई आधुनिकीकरण गर्न नसक्नु, उद्योग सञ्चालनका लागि वित्तीय पहुँच नहुनु तथा स्थानीयस्तरमा दक्ष जनशक्तिको उपलब्धता नहुनु प्रमुख समस्याको रूपमा रहेको देखिन्छ ।त्यसैगरी, पालिकामा सालना भित्रीरहेको विप्रेषण रकम पाउने परिवारलाई समेटी उत्पादनमूलक कार्यमा परिचालन गर्न नसक्नु र उत्पादनमुखी बजारको व्यवस्थापन नहुनु, व्यावसायिक परामर्श सेवा तथा सूचनाको कमीजस्ता विषय उद्योग, व्यवसाय विकासको प्रमुख चुनौतीको रूपमा रहेका छन् ।

**४. लक्ष्यः** स्थानीय स्रोत साधनमा आधारित उद्योग तथा वाणिज्यको माध्यमबाट गाउँपालिकाबासीको आय र रोजगारी वृद्धि गरी जीवनस्तरमा सुधार ल्याउने ।

## ५. उद्देश्यः

- गरिवी निवारणका लागि लघु उद्यम (मेड्पा) को अवधारणा अनुरूपका उद्यम विकासका एकीकृत अवधारणहरुलाई अवलम्बन गरिने छ ।
- उद्यम तथा व्यवसाय सिर्जना र विकासका लागि उद्यमशीलताको तालिम प्रदान गरी छरिएर रहेको स्रोत साधन, जनशक्ति र सम्पदाहरुलाई अवसरहरुको रूपमा अधिकतम् उपयोग हुने गरी उद्यम स्थापना गर्ने ।
- उद्यम व्यवसायहरुलाई बजार सञ्जालमा जोड्दै बजारीकरण व्यापक बनाउने ।

## ६. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. स्थानीय स्रोत, साधन र सीप तथा बजारको मागमा आधारित | • स्थानीय स्रोत सबै र लक्षित समूह पहिचान गरिने ।<br>• लक्षित समूहलाई उद्यमशीलताका तालिम प्रदान गरी उद्यम |

| | |
|---|---|
| उद्यम व्यवसायको स्थापना गर्न एकीकृत सेवाहरु प्रदान गरिने छ । | व्यवसाय छनोट गर्न लगाईने ।<br>• उद्यम व्यवसाय सञ्चालन गर्न माग भएको सीप प्रदान गर्ने ।<br>• उद्यमको प्रकार अनुसार प्रविधिमा जोडिने ।<br>• उद्यमको प्रकार अनुसार प्रविधिमा जोडिने ।<br>• आय आर्जनका गतिविधिहरु सुरु गर्न उद्यमी व्यवसायीलाई ऋणमा पहुँच वृद्धि गर्न सहकारी तथा बैंकहरुसँग समन्वय गराइने ।<br>• उद्यमी व्यवसायीलाई बजार सञ्जालमा जोडिने । |
| २. परम्परागत सीपहरुको आधुनिकीकरण गरिने छ । | • लोपोन्मुख परम्परागत शिल्पीहरुको सीपलाई बजार मैत्री र सम्मानित बनाँउन त्यस्ता सीपहरुको स्तरोन्नति गरी उन्नत प्रविधिसँग जोड्ने ।<br>• त्यस्ता सीप र शिल्पीहरुको तथ्याङ्क अद्यावधिक गरिने छ ।<br>• बजारमैत्री प्रविधियुक्त सीप प्रदान गरिने छ । |
| ३. वैदेशिक रोजगारीबाट फर्केका विप्रेषण प्राप्त परिवारलाई उद्यम स्थापनामा सहजीकरण गरिने र सुरक्षित आप्रवासको सुनिश्चितता गर्ने | • वैदशिक रोजगारीबाट फर्केका युवा तथा विप्रेषण पाउने परिवारको लगत तयार गर्ने ।<br>• उनीहरुलाई पायक पर्ने स्थानमा व्यावसायिक सचेतना कार्य सञ्चालन गर्ने र उपयुक्त उद्यम तथा व्यवसाय छनोट गर्न सहजीकरण गर्ने ।<br>• व्यावसायिक कृषि तथा अन्य गैर कृषि व्यवसायमा लगाउन सहजीकरण गर्ने ।<br>• सुरक्षित वैदेशिक रोजगारका लागि सूचना प्रवाह गर्ने<br>• वैदेशिक रोजगारका कारण उत्पन्न मानसिक समस्याहरुमा मनोसामाजिक परामर्श सेवा प्रदान (व्यक्तिगत र सामूहिक परामर्श) |
| ४. वाणिज्य तथा व्यापार प्रवर्द्धन गरिने छ । | • बजार सञ्जालको विकास गरिने ।<br>• थप कृषि तथा पशु उत्पादनहरुको सङ्कलन केन्द्र स्थापना गरिने छ। |

**७.प्रमुख कार्यक्रम**

| योजना र बजेट | एकाइ | लक्ष्य | कार्यान्वयन हुने स्थान | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | जम्मा ५ वर्ष | लागत सहभागिता | दि.वि.ल.नं |
|---|---|---|---|---|---|---|---|---|---|
| साबुन उद्योग निर्माण | संख्या | २ | १,३ | १ | ० | १ | २ | | १,२ |
| बजेट | रु हजार | | | १००० | ०० | १००० | २००० | | |
| चिउरी | संख्या | १ | १ | ० | १ | ० | १ | | १,२ |

| योजना र बजेट | एकाइ | लक्ष्य | कार्यान्वयन हुने स्थान | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | जम्मा ५ वर्ष | लागत सहभागिता | दि.वि. ल.नं |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रशोधन उद्योग निर्माण | | | | | | | | | |
| बजेट | रु हजार | | | ० | ७०० | ० | १००० | | |
| गलैचा उद्योग निर्माण | संख्या | १ | १ | १ | ० | ० | १ | | १,२ |
| बजेट | रु हजार | | | ८०० | ०० | ५०० | १३०० | | |
| धागो उद्योग निर्माण | संख्या | १ | १ | ० | ० | १ | १ | | १,२ |
| बजेट | रु हजार | | | ० | ० | ६०० | ६०० | | |
| नेपाली कागज उद्योग निर्माण | संख्या | १ | १ | | १ | | १ | | १,२ |
| बजेट | रु हजार | | | ० | ५०० | ० | ८०० | | |
| डोको, डालो, सुप्पा, मोट्टा, नाङ्लो उद्योग निर्माण | संख्या | ३ | १,३,६ | १ | १ | १ | ३ | | १,२ |
| बजेट | रु हजार | | | ५०० | ० | ५०० | १५०० | | |
| जौको बिस्कुट उद्योग निर्माण | संख्या | १ | १ | ० | १ | ० | १ | | १,२ |
| बजेट | रु हजार | | | ० | ५०० | ० | ५०० | | |
| जडीबुटी प्रशोधन केन्द्र निर्माण | संख्या | ४ | १,२,५,६ | १ | १ | १ | ४ | | १,२ |
| बजेट | रु हजार | | | ६०० | ६०० | ६०० | २४०० | | |

| योजना र बजेट | एकाइ | लक्ष्य | कार्यान्वयन हुने स्थान | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | जम्मा ५ वर्ष | लागत सहभागिता | दि.वि. ल.नं |
|---|---|---|---|---|---|---|---|---|---|
| लोकल मदिरा उद्योग तथा प्रवर्धन | संख्या | २ | १, ६ | १ | ० | १ | २ | | १,२ |
| बजेट | रु हजार | | | ७०० | ० | ७०० | १४०० | | |
| सुधारिएको घट्ट निर्माण | संख्या | ६ | सबै वडामा | २ | २ | २ | ६ | | १,२ |
| बजेट | रु हजार | | | २०० | २०० | २०० | ६०० | | |
| कुटाई पिसाई मिल निर्माण | संख्या | ६ | सबै वडामा | २ | १ | ३ | ६ | | १,२ |
| बजेट | रु हजार | | | १५० | ७५ | २०० | ४२५ | | |
| डोको, डालो र नाङ्लो सम्बन्धी सीपमूलक तालिम तथा उद्योग स्थापना | संख्या | १ | २ | ० | १ | ० | १ | | १,२ |
| बजेट | रु हजार | | | ० | १०० | ० | १०० | | |
| डाङ, कोरथला, जमन्थला, दुलथला, उमरा, नान्थलामा सुधारिएको घट्ट निर्माण | संख्या | १ | २ | १ | ० | १ | १ | | १,२ |
| बजेट | रु हजार | | | १०० | ० | ० | १०० | | |

| योजना र बजेट | एकाइ | लक्ष्य | कार्यान्वयन हुने स्थान | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | जम्मा ५ वर्ष | लागत सहभागिता | दि.वि. ल.नं |
|---|---|---|---|---|---|---|---|---|---|
| मल्ला चौडाली सुधारिएको घट्ट निर्माण | संख्या | १ | २ | ० | १ | ० | १ | | १,२ |
| बजेट | रु हजार | | | ० | १०० | ० | १०० | | |
| च्याउ खेती सम्बन्धी तालिम तथा प्रशोधन केन्द्र | संख्या | १ | २ | ० | ० | १ | १ | | १,२ |
| बजेट | रु हजार | | | ० | ० | १०० | १०० | | |
| कानबेल, मटेला, टुणबगर आधुनिक घट्ट निर्माण | संख्या | ३ | ३ | १ | ० | १ | ३ | | १,२ |
| बजेट | रु हजार | | | १०० | ० | १०० | ४०० | | |
| अदुवा र हल्दी व्यवस्थापन प्रशोधन प्रवर्धन केन्द्र | संख्या | २ | ३,४ | १ | ० | १ | २ | | १,२ |
| बजेट | रु हजार | | | १७५ | ० | १७५ | ४०० | | |
| आरन घर सुधार कार्यक्रम | संख्या | २ | ३, ५ | ० | १ | १ | २ | | १,२ |
| बजेट | रु हजार | | | ० | १५० | १५० | ४०० | | |
| सिलाई, कटाई, बुनाई | संख्या | १ | ३ | १ | ० | ० | १ | | १,२ |

| योजना र बजेट | एकाइ | लक्ष्य | कार्यान्वयन हुने स्थान | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | जम्मा ५ वर्ष | लागत सहभागिता | दि.वि. ल.नं |
|---|---|---|---|---|---|---|---|---|---|
| सम्बन्धी तालिम तथा प्रवर्धन केन्द्र | | | | | | | | | |
| बजेट | रु हजार | | | २०० | ० | ० | ३०० | | |
| धुप उद्योग प्रशोधन केन्द्र | संख्या | १ | ३ | ० | १ | ० | १ | | १,२ |
| बजेट | रु हजार | | | ० | १५० | ० | १५० | | |
| छाला उद्योग सम्बन्धी तालिम तथा प्रशोधन केन्द्र निर्माण | संख्या | १ | ३ | १ | ० | ० | १ | | १,२ |
| बजेट | रु हजार | | | १५० | ० | ० | १५० | | |
| अमला, चिउरी, रिठा प्रशोधन | संख्या | ३ | ५,३, ४ | १ | १ | १ | ३ | | १,२ |
| बजेट | रु हजार | | | २०० | २०० | २०० | ६०० | | |
| अल्लो प्रशोधन केन्द्र निर्माण | संख्या | २ | ५,६ | ० | १ | १ | २ | | १,२ |
| बजेट | रु हजार | | | ० | ३५० | ४०० | ८०० | | |
| काष्ठ उद्योग निर्माण | संख्या | २ | ५, ६ | १ | ० | १ | २ | | १,२ |
| बजेट | रु हजार | | | ३०० | ० | ३५० | ७०० | | |
| गाजा प्रशोधन केन्द्र | संख्या | १ | ५ | ० | १ | ० | १ | | १,२ |

| योजना र बजेट | एकाइ | लक्ष्य | कार्यान्वयन हुने स्थान | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | जम्मा ५ वर्ष | लागत सहभागिता | दि.वि. ल.नं |
|---|---|---|---|---|---|---|---|---|---|
| बजेट | रु हजार | | | ० | २५० | ० | २५० | | |
| मिनिरल वाटर प्रशोधन केन्द्र निर्माण | संख्या | १ | ५ | १ | ० | ० | १ | | १,२ |
| बजेट | रु हजार | | | ५०० | ० | ० | ५०० | | |
| फलफुल, उखु, जुस उद्योग निमाण | संख्या | २ | ५, ४ | ० | १ | १ | २ | | १,२ |
| बजेट | रु हजार | | | ० | १५० | १५० | ४०० | | |
| स्लेट खानि उद्योग निर्माण | संख्या | १ | ५ | १ | ० | ० | १ | | १,२ |
| बजेट | रु हजार | | | ३५० | ० | ० | ४०० | | |

**८. अपेक्षित उपलब्धि**

| सुचकहरु | आधार वर्ष २०८१/८२ | २०८६/८७ सम्मको योजना |
|---|---|---|
| उद्योग, वाणिज्य तथा व्यावसायिक संस्थाहरुको संख्या वृद्धि गरिने छ | २०० | ५०० |
| उद्यम व्यवसायबाट सिर्जना भएको रोजगारी | ३०० | ६०० |
| विभिन्न उत्पादनको सङ्कलन केन्द्रको संख्या | ५ | १२ |
| पालिकाभित्रका व्यापारिक केन्द्रहरु | ७ | १० |

## ४.५ पर्यटन

**१.बस्तुगत विवरण**

यस मार्मा गाउँपालिका धार्मिक पर्यटकीय आधारमा दार्चुला जिल्लाकै महत्वपूर्ण मानिन्छ। यस गाउँपालिकाका मुख्य पर्यटकीय स्थलहरुमा वडा नं ३ मा अवस्थित लटिनाथ मन्दिर, वडा नं १ मा रहेको घोल्जरमा रहेको

